# लेखापरीक्षण प्रतिवेदन

# खुम्बु पासाङल्हामु गाउँपालिका, सोलुखुम्बु

आर्थिक वर्ष २०८१/८२



## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## खुम्बु पासाङल्हामु गाउँपालिका, सोलुखुम्बु

आर्थिक वर्ष २०८१/८२

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | *(Independence)* |
| निष्ठा | *(Integrity)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |
| व्यावसायिकता | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८३ वैशाख** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कोशी प्रदेश
काठमाडौं

प.सं.:2082/83
च.न :APPROVED/FAR/2081-82/LOC/521

मिति : २०८३-१-२८

श्रीमान् अध्यक्षज्यू,

खुम्बु पासाङल्हामु गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

सोलुखुम्बु।

**विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।**

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

( श्रीकुमार राई )
नायब महालेखापरीक्षक

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कोशी प्रदेश**
**काठमाडौं**

प.सं.:2082/83 मिति : २०८३-१-२८
च.न :APPROVED/FAR/2081-82/LOC/521

श्रीमान् अध्यक्षज्यू,
खुम्बु पासाङल्हामु गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, सोलुखुम्बु।

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

## १. कैफियत सहितको राय

हामीले तहाँ गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असरबाहेक, पेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

## २. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. गाउँपालिकाले अन्तरसरकारी अख्तियारीतर्फको विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रूपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन।

२.२. गाउँपालिकाको आय-व्ययतर्फ रु.१ अर्ब ४७ करोड ३ लाख ११ हजारको लेखापरीक्षण गर्दा रु.२ करोड ४३ लाख ६९ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट रु.१ करोड ३७ लाख ७४ हजार सम्परीक्षण भई असुल गर्नुपर्ने रु.३१ लाख ७९ हजार, नियमित गर्नुपर्ने रु.२१ लाख ७५ हजार र प्रमाण कागजात पेस गर्नुपर्ने रु.५२ लाख ४२ हजार गरी जम्मा रु.१ करोड ५ लाख ९६ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजु रु.२५ करोड ५३ लाख ८९ हजार सहित यसवर्षको थपसमेत हालसम्म अद्यावधिक बेरुजु रु.२६ करोड ५९ लाख ८५ हजार बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुज स्थिति र बेरुज सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**३.अन्य बेहोरा-**लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

**४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी**

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**५.वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी  वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ।

( श्रीकुमार राई )
नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट सम्परीक्षण | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| १०० | १७१ | २,४३,६९,४३८ | ० | ६६ | १,३७,७३,७३३ | ० | १०० | १०५ | १,०५,९५,७०५ | ३१,७९,५४० | २१,७४,५८१ | ५२,४१,५८४ | ० | ० | ७४,१६,१६५ | ० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष सम्परीक्षण | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| सोलुखुम्बु | २५५३८८९५४ | | ० | २५५३८८९५४ | | १,०५,९५,७०५ | २६५९८४६५९ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८१/८२ | ७४ | हेलिकप्टर भाडा भुक्तानी | ९,७५,००० |
| २ | २०८१/८२ | ६४ | हिमालयन बुद्धपार्क निर्माण | ५,३२,२५२ |
| ३ | २०८१/८२ | १०२ | स्वीकृत लागत अनुमान वेगर खरिद कार्य | ९,९४,४०० |
| ४ | २०८१/८२ | ९७ | सोलार ढुवानी खर्च | ५,०९,६२९ |
| ५ | २०८१/८२ | ७२ | शिक्षक आवास उदघाटन कार्यक्रम | २९,५०० |
| ६ | २०८१/८२ | १०३ | व्रोसर छपाई | ४,५७,६५० |
| ७ | २०८१/८२ | ११७ | व्यवसाय कर | १९,००० |
| ८ | २०८१/८२ | ६०.२ | वडा नम्बर ४ को वडा कार्यालय निर्माण | १,४५,९६३ |

| | | | | |
|---|---|---|---|---|
| ९ | २०८१/८२ | १२३ | लागत साझेदारी | १५,८०० |
| १० | २०८१/८२ | ९१ | मेडिकल अधिकृतको तलब | ६,०५,५५६ |
| ११ | २०८१/८२ | ६६ | फाइबर तार विछ्याउने कार्य | १,८५,४३१ |
| १२ | २०८१/८२ | ७१ | पुष्टाई कागजात | २,२३,७१९ |
| १३ | २०८१/८२ | ८६ | पदाधिकारी पोशाक | ३,९०,००० |
| १४ | २०८१/८२ | 54 | नापी फरक पारी बढी भुक्तानी | १,७७,६३२ |
| १५ | २०८१/८२ | १३३.२ | नागरिक स्वास्थ्य उपचार सहायता कोष | ५,२६,३१२ |
| १६ | २०८१/८२ | ६३ | नगरेको कामको भुक्तानी | ८९,०१४ |
| १७ | २०८१/८२ | ८५ | दोहोरो सुविधा | १,२०,००० |
| १८ | २०८१/८२ | ५९.२ र ५९.३ | थुक्ला खोला झोलुङ्गे पुल निर्माण | ८,५०,००० |
| १९ | २०८१/८२ | १०६ | तालिम कार्यक्रम | ३,१८,६६० |
| २० | २०८१/८२ | १०० | ढुवानी खर्च | १,१७,९७५ |
| २१ | २०८१/८२ | १३० | जेहेन्दार छात्रवृत्ति | ९,००० |
| २२ | २०८१/८२ | १२१ | च्यौडमा चौरी तथा कृषि फर्म | २,१६,७९५ |
| २३ | २०८१/८२ | ५३ | चौरीखर्कदेखि छेप्लुङ जाने बाटो स्तरोन्नती | ४३,५६३ |
| २४ | २०८१/८२ | ५५ | डिमदोर्जी शेर्पा पर्यटन सडक स्तरोन्नति | ४१,००२ |
| २५ | २०८१/८२ | ५६ | घाट पर्यटकीय पदमार्ग निर्माण | ७,९०,००० |
| २६ | २०८१/८२ | ९६ | ग्याविन तार जाली खरिद | ३०,३२,४०० |
| २७ | २०८१/८२ | ६२.२ | खुम्जुङ खुम्दे ढल निर्माण | १५,६१,२९० |
| २८ | २०८१/८२ | ९४ | काठमाण्डौंमा घर भाडा | ६,९३,००० |
| २९ | २०८१/८२ | ८७ | कर कट्टी् | १३,१९० |
| ३० | २०८१/८२ | ७६ | असम्बन्धित तथा दोहोरो खर्च | ९०,००० |
| जम्मा | | | | १,३७,७३,७३३ |

# खुम्बु पासाङल्हामु गाउँपालिका, सोलुखुम्बु

# (८०१०९५०१३००)

# खुम्बु पासाङल्हामु गाउँपालिका , सोलुखुम्बु

## परिचय

१

**(क) कार्यालय परिचय :-** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले खुम्बु पासाङल्हामु गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । खुम्बु पासाङल्हामु गाउँपालिका अन्तर्गत ५ वडा, २९ सभा सदस्य, १५३९.११ वर्ग किलोमिटर क्षेत्रफल तथा ९२१७ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।५।२७ देखि २०८२।६।१ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको आय व्ययतर्फ रु.१ अर्व ४७ करोड ३ लाख ११ हजारको लेखापरीक्षण सम्पन्न गरिएको

छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.८१६९९।०० असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | पारिश्रमिक कर | ६३८३३ |
| २ | विद्यालयलाई बढी निकासा | २००० |
| ३ | भ्याक्सिनेटरको पारिश्रमिक कर कट्टी | १५८६६ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिबेदन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिम आय र व्ययको बर्गिकरण तथा खर्च शीर्षक सम्वन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने, दफा ७६(२) मा महालेखा परीक्षकवाट स्वीकृत भए वमोजिमको ढाँचामा लेखा राख्नु पर्ने व्यवस्था गरेको छ। पालिकाले महालेखापरीक्षकबाट मिति २०७९।८।२० मा स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ। पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोष प्राप्ति र भुक्तानीको स्वीकृती वार्षीक प्रतिवेदन (म.ले.प.फा.न. २७०) सम्वन्धमा निम्नानुसार देखिएको छ।

| आर्थिक कारोबारको एकीकृत विवरण | | | | | |
|---|---|---|---|---|---|
| **प्राप्ति** | | | **भुक्तानी** | | |
| **विवरण** | **रकम** | **रकम** | **विवरण** | **रकम** | **रकम** |
| **सुरु मौज्दात** | | २०७७२२८५७.४३ | **चालु खर्च** | | २९७६९५८८९ |
| १.संचित कोष | १९०५३८६४५ | | १. पालिका तर्फ | २०५२३१३९७ | |
| २.धरौटी | ९३४७५३४ | | २. संघीय सशर्त | ९०८१६२६९ | |
| ३.कार्यसञ्चालन कोष | ७८३६६७८ | | ३. संघीय विशेष | ० | |
| ४. अन्य कोष | | | ४. प्रदेश सशर्त | १६४८२२३ | |
| **यस वर्षको आय** | | | ५. प्रदेश विशेष | ० | |
| **१.आन्तरिक आय** | २२६०२०६६५ | २२६०२०६६५ | **पुँजीगत खर्च** | | १८४१२३८६३ |
| **२. वित्तीय हस्तान्तरण (संघ)** | | ४२८१९६९२१ | १. पालिका तर्फ | १४७७३२३८८ | |
| क) समानीकरण अनुदान | ७८४५४८०० | | २. संघीय सशर्त | ६८४६५७८ | |
| ख) राजस्व बाँडफाँट | ७४१२६४९० | | ३. संघीय विशेष | ६७९४८९८ | |
| ग) सशर्त अनुदान | १०९६९०००० | | ४. संघीय समपुरक | १३०००००० | |
| घ) समपुरक अनुदान | १३०००००० | | ५. प्रदेश सशर्त | ० | |
| ङ) विशेष अनुदान | ६७९४८९८ | | ६. प्रदेश विशेष | ० | |
| च) रोयल्टी | १४६१३०७३४ | | ७. प्रदेश समपुरक | ९७५०००० | |
| छ) अन्य | | | **अन्तर सरकारी अख्तियारी (संघ)** | | |
| **३. वित्तीय हस्तान्तरण (प्रदेश)** | | २६०३६२२८ | क) सामाजिक सुरक्षा | ४०७०७४२० | ४५१२७४२० |
| क) समानीकरण अनुदान | ५१२२००० | | ख) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम चालू | ७२०००० | |
| ख) राजस्व बाँडफाँट | ८३७०००३ | | ग) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम पुंजिगत | ३७००००० | |
| ग) सशर्त अनुदान | १६५६००० | | **अन्तर सरकारी अख्तियारी (प्रदेश)** | | |
| घ) समपुरक अनुदान | ९७५०००० | | **ऋण फिर्ता(साँवा)** | | |
| ङ) विशेष अनुदान | ० | | **ऋणको ब्याज भुक्तानी** | | |
| च) रोयल्टी जग्गा रजिष्ट्रेशन | ११३८२२५ | | **धरौटी फिर्ता तथा सदर स्याहा** | २०५९५१८ | २०५९५१८ |
| छ) अन्य | | | **कार्यसञ्चालन कोषबाट भएको खर्च** | | |
| **४. अन्तर सरकारी अख्तियारी (संघ)** | | | **अन्य कोषबाट भएको खर्च** | ६७४६६०६५ | ६७४६६०६५ |

| | | | | | |
|---|---|---|---|---|---|
| क) सामाजिक सुरक्षा | ४०७०७४२० | ४५१२७४२० | **गैरसरकारी संस्थाबाट सञ्चालित योजना** | | |
| ख) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम चालू | ७२०००० | | **अन्य सहयोगमा सञ्चालित योजना** | | |
| ग) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम पुंजिगत | ३७०००००० | | **अन्य खर्च भएमा** | | |
| **५. अन्तर सरकारी अख्तियारी (प्रदेश)** | | | **अनुदान फिर्ता** | | १२०३४९३१ |
| **६. ऋण/ वित्तीय व्यवस्था** | | | १. संघ तर्फ | | |
| **७. धरौटी आय** | ५८६५११६८ | ५८६५११६८ | क) सशर्त अनुदान | १२०२७१५४ | |
| **८. कार्यसञ्चालन कोष आय** | १३०५५६२६४ | १३०५५६२६४ | ख) विशेष अनुदान | ० | |
| **९. अन्य कोषको आय** | | | ग) समपुरक अनुदान | ० | |
| **१०. गैरसरकारी संस्थाबाट सञ्चालित योजना** | | | २. प्रदेश तर्फ | | |
| **११. अन्य सहयोगमा प्राप्त सञ्चालित योजना** | | | क) सशर्त अनुदान | ७७७७ | |
| **१२. अन्य आय भएमा** | | | ख) विशेष अनुदान | ० | |
| | | | ग) समपुरक अनुदान | ० | |
| | | | **अन्तिम मौज्दात** | | ४६१०१८१८२ |
| | | | १. संचित कोषको मौज्दात | ३७६९३८१२१ | |
| | | | २. धरौटी | १३१५३१८५ | |
| | | | ३. कार्यसञ्चालनकोष | ७०९२६८७६ | |
| | | | ४. अन्यकोष | | |
| **जम्मा** | १०६९५२५५२३ | १०६९५२५५२३ | **जम्मा** | | १०६९५२५८६८ |

**(विस्तृत विवरण बेरूजु दफा २ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३ **फरक जिम्मेवारी**

पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनमा पेश गरेको आर्थिक विवरण अनुसार रु.२०८२७१४१६।४७ मौज्दात रहेकोमा पालिकाले तयार गरेको यस आर्थिक वर्षको एकीकृत आर्थिक विवरणमा रु. २०,७७,२२,८५७।४३ जिम्मेवारी सारेको छ । जस अनुसार गतवर्षको लेखापरीक्षण प्रतिवेदनमा पेश गरेको आर्थिक विवरणमा उल्लेख भएको भन्दा रु. ५४८५५९।०४ घटी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,४८,५५९ |

४ **फरक हिसाब**

यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार

गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु. ३,६१,२९४।५२ , यस वर्षको प्राप्ति रु. १९,३९,४५,०७६।८४ ,यस वर्षको भुक्तानी रु. १९,३५,८३,४३८।०७ र बैङ्क मौज्दात रु. ३४४.२५ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| **विवरण** | **गतवर्षको जिम्मेवारी** | **यसवर्षको प्राप्ति** | **यसवर्षको भुक्तानी** | **बैङ्क मौज्दात** |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन म.ले.प.फा.नं २७० अनुसार | २०,८०,८४,१५१.५२ | ६६,७८,५७,५८९.१६ | ४१,४९,२३,९०२.९३ | ४६,१०,१७,८३७.७५ |
| एकीकृत आर्थिक विवरणअनुसार | २०,७७,२२,८५७। | ८६,१८,०२,६६६। | ६०,८५,०७,३४१. | ४६,१०,१८,१८२। |
| फरक | ३,६१,२९४।५२ | १९,३९,४५,०७६।८४ | १९,३५,८३,४३८।०७ | ३४४.२५ |

## ५ त्रैमासिक पूँजीगत खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| **बजेट उपशिर्षक** | **कुल खर्च** | **त्रैमासिक खर्च** | | | | **आषाढ महिनाको खर्च** |
|---|---|---|---|---|---|---|
| | | **प्रथम** | **दोस्रो** | **तेश्रो** | **चौथो** | |
| पुंजीगत खर्चतर्फ | १८,४१,२३,८६३.३९ | १,८२,६८,६८९.६६ | १,३८,५५,९६२.२१ | २,४६,००,६७८.५० | १२,७३,९८,५३३.०२ | ११७९८१५९१.०० |
| प्रतिशत | १००. | १०. | ८. | १३. | ६९. | ६४.०७ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु. १८,४१,२३,८६३.३९ निकासा भएकोमा प्रथम त्रैमासिकमा रु. १,८२,६८,६८९.६६ (१० प्रतिशत), दोस्रो त्रैमासिकमा रु. १,३८,५५,९६२.२१ (८ प्रतिशत) तेस्रो त्रैमासिकमा रु. २,४६,००,६७८.५० (१३ प्रतिशत) र चौथो त्रैमासिक रु. १२,७३,९८,५३३.०२ (६९ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु ११,७९,८१,५९१ ( ६४.०७ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा ५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

## ६ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरे तापनि पुर्ण रुपमा लागू गरेको पाईएन । जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली सवल रहेकोमा विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन् ।

### वजेट व्यवस्थापन तर्फ

- आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को अनुसुची ११ बमोजिम स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको वार्षिक प्रतिवेदन तयार नगरेको,
- स्थानीय तहले कार्यक्रम संचालन जस्तैः बैठक भत्ता, तालिम, गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका स्वीकृति नगरेको,
- स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेको,

• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको विश्लेषण गरी सम्भाव्य आयोजनाको बैंक खडा नगरेको,

• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्न एकिकृत दिर्घकालिन योजना तयार नगरेको र मध्यकालीन लक्ष्यहरु तोकि मुल्याङ्कन नगरेको,

• वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको पाइएन । शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला व्यवस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको छैन ।

**भ्रमण खर्च व्यवस्थापन तर्फ**

• भ्रमण अभिलेख खाता राख्ने नगरेको,

• भ्रमण खर्च नियमावली, २०६४ मा उल्लेख भए बमोजिम पालिकाका पदाधिकारी र कर्मचारीहरुको अनुगमन तथा भ्रमण खर्च भुक्तानी गर्दा स्वीकृत भ्रमण आदेशमा भ्रमणको उद्देश्य, कारण र भ्रमणबाट प्राप्त हुने सम्भावित प्रतिफल स्पष्ट उल्लेख नगरी भ्रमण गर्ने गरेको र भ्रमण पश्चात् भ्रमण प्रतिवेदन आंशिक रुपमा मात्र लिने गरेको,

• गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ८ बमोजिम पालिकाका पदाधिकारी भ्रमण गर्दा आफ्नो पालिकाभन्दा बाहिर बास बस्नु पर्ने गरी भ्रमण गर्नुपरेमा पालिका अध्यक्षले ३ दिनसम्मको भ्रमण आफै र सो भन्दा बढी ७ दिन सम्मको कार्यपालिकाको बैठकबाट स्वीकृत गर्नुपर्नेमा सो अनुसार गर्ने नगरेको ।

**खरिद व्यवस्थापन तर्फ**

• सार्वजनिक खरिद ऐन २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ। स्थानीय तहले खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार नगरेको,

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको,

• सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गरी कार्यान्वयन गर्नुपर्नेमा सो अनुसार नगरेको,

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण नगरेको,

• उपभोक्ता समितिलाई दिएको कामको अनुगमनबाट देखिएको व्यहोरा उल्लेख गरी प्रतिवेदन गर्ने नगरेको,

• उपभोक्ता समितिबाट सम्झौता बमोजिमको समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा सो को मुल्याकंन नगरेको,

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेको,

• स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको पूर्ण रुपमा कार्यान्वियन र अभिलेख नराखेको,

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता नराखेको,

**शिक्षातर्फ**

• स्थानीय तहले विद्यालय अनुगमन गर्ने मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था नगरेको,

• कार्यक्रम कार्यान्वयन पुस्तिकामा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्नेमा कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन पूर्ण रुपमा नभएको,

• शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुबाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्याबधिक गरि राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार नगरेको,

• संस्थागत विद्यालयहरूको दर्ता, नविकरण, शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, अनुगमन र अभिलेख व्यवस्थित नरहेको,

संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा अद्यावधिक नगरेको,

**विविध तर्फ**

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको,

• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लिखित सेवाहरुको कार्यान्वियन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय नगरेको,

• विविध खर्च गर्दा विभिन्न होटलका विल पेश भएता पनि कतिपय खर्चको पुष्टि हुने स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने प्रमाण संलग्न नगरेको,

• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समितिको नाममा रहेको पेश्की तथा बेरुजुको अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार असुल फस्र्योट तथा सम्परीक्षण कार्य नगरेको,

• स्थानीय सरकारी सेवा(गठन तथा सञ्चालन) ऐन,२०८० को दफा (५) (१) बमोजिम प्रमुख प्रशासकीय अधिकृतले स्थानीय सरकारी सेवाका प्रत्येक पदको काम, कर्तव्य, अधिकार, उत्तरदायित्व र कामको मूल्याङ्कन गर्ने सूचक समेत उल्लेख गरिएको कार्यविवरण तयार गरी लागू गर्नु पर्ने व्यवस्था रहेको छ।

**आन्तरिक आयतर्फ**

• पालिकाले करदाताको अभिलेख अद्यावधिक नगरेको,

• पालिकामा व्यवसाय दर्ता अभिलेख, नवीकरण एवं खारेजीको अद्यावधिक तथ्याङ्क नभएको,

• राजस्व सङ्कलन म्यानुअलरूपमा भएकोमा रसिद नियन्त्रण खाताको प्रयोग नभएको,

• प्रदेश आर्थिक ऐनलाई आधार मानी सम्बन्धित आर्थिक वर्षको लागि प्राकृतिक स्रोत दहत्तर, वहत्तर लगायतको न्यूनतम कबोल अंक निर्धारण नगरेको,

अतः बजेट, आम्दानी, खर्च र सेवा प्रवाह सम्बन्धमा रहेका जोखिम नियन्त्रण गर्न आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

७ **बैङ्क हिसाब विवरण**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बिधुतीय भुक्तानी प्रणाली (EFT) कार्यान्वियन गरेको अबस्थामा आर्थिक बर्षको ग २.७, विविध खर्च खाता मा श्रेस्ता अनुसार मौज्दात भन्दा बैक अनुसार मौज्दात रु १२०००० बढी रहेकोले एकिन गरी आम्दानी बाध्नुपर्दछ ।

| बैंककोनाम | खाताको प्रकार | श्रेस्ता अनुसारबाकी रु | बैंक अनुसार बाकीरु | फरक रकम |
|---|---|---|---|---|
| राष्ट्रिय बाणिज्य बैंक लिमिटेड | ग१.१, आन्तरिक राजस्व खाता | ० | ० | |
| राष्ट्रिय बाणिज्य बैंक लिमिटेड | ग१.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | ० | |
| राष्ट्रिय बाणिज्य बैंक लिमिटेड | ग१.३, आन्तरिक अनुदान खाता | ० | ० | |
| राष्ट्रिय बाणिज्य बैंक लिमिटेड | ग२.२, चालू खर्च खाता- जोर वर्ष | ० | ० | |
| राष्ट्रिय बाणिज्य बैंक लिमिटेड | ग२.४, पुँजीगत खर्च खाता- जोर वर्ष | ० | ० | |
| राष्ट्रिय बाणिज्य बैंक लिमिटेड | ग२.७, विविध खर्च खाता | ६६६३४०१५.७४ | ६६७५४०१५.७४ | -१२००००. |
| राष्ट्रिय बाणिज्य बैंक लिमिटेड | ग३.१, स्थानीय तह धरौटी खाता | १३१५३१८४.६५ | १३१५३१८४.६५ | ०. |
| राष्ट्रिय बाणिज्य बैंक लिमिटेड | ग४.१, स्थानीय तह सञ्चित कोष खाता | ३७६९३८१२१.४२ | ३७६९३८१२१.४२ | ०. |
| राष्ट्रिय बाणिज्य बैंक लिमिटेड | ग५.१, स्थानीय तह विविध कोष खाता | ३९४३४८८.६४ | ३९४३४८८.६४ | ०. |
| राष्ट्रिय बाणिज्य बैंक लिमिटेड | ग७.२, स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | २२९३७२. | २२९३७२. | ०. |
| जम्मा | | ४६०८९८१८२.४५ | ४६१०१८१८२.४५ | -१२००००. |

## ८ क्षेत्रगत बजेट र खर्चको स्थिति

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबैभन्दा बढी ८९.४६ प्रतिशत र पूर्वाधार विकासमा सबै भन्दा घटीमा ४६.३७ प्रतिशत रहेको छ।

| क्र.सं. | विवरण | बजेट | खर्च | बजेट । खर्च प्रतिशतमा |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | २,८८,५२,०००.०० | १,३८,८९,५८९.०० | ४८.१४ |
| २ | सामाजिक विकास | २५,८७,७६,५७६.०० | १७,६७,५६,२६७.५३ | ६८.३ |
| ३ | पूर्वाधार विकास | २३,९५,६०,०००.०० | ११,१०,९२,९६२.९९ | ४६.३७ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १२,८३,२९,७६४.०० | ११,४८,०५,१६९.०० | ८९.४६ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ९,८८,११,६६०.०० | ६,५२,७५,७६३.४७ | ६६.०६ |
| ६ | जम्मा | ७५,४३,३०,०००.०० | ४८,१८,१९,७५१.९९ | ६३.८७ |

## ९ खर्च स्थिति

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । पालिकाले चालु खर्चमा विनियोजन को ७९.१९ प्रतिशत र पूँजीगत खर्चमा विनियोजनको ४८.६५ प्रतिशत मात्र प्रगति गरेको छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा रु ३७,८४,४०,६४२.०० विनियोजन गरी ४८.६५ प्रतिशत खर्च रु १८,४१,२३,८६३.३९ गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

| क्र.सं. | विवरण | चालु | पूँजीगत | जम्मा |
|---|---|---|---|---|
| १ | बजेट | ३७,५८,८९,३५८.०० | ३७,८४,४०,६४२.०० | ७५,४३,३०,०००.०० |
| २ | खर्च | २९,७६,९५,८८८.६० | १८,४१,२३,८६३.३९ | ४८,१८,१९,७५१.९९ |
| ३ | खर्च प्रतिशत | ७९.१९ | ४८.६५ | ६३.८७ |

## १० खर्च बिश्लेषण

पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रु २२६०२०६६५। राजस्व बाँडफाँड र अनुदानबाट रु ५७३७८८२८५। समेत रु ६६,७२,६७,२२४। आम्दानी भएकोमा चालु तर्फ रु २९,७६,९५,८८८.६० र पूँजिगत तर्फ रु १८,४१,२३,८६३.३९ र वित्तीय ब्यबस्था तर्फ रु ० समेत रु ४८,१८,१९,७५२। खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ४६.९१ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु ४५,०९,५००। खर्च भएको छ जुन आन्तरिक आयको २ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६१.७८ प्रतिशत चालु र ३८.२१ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

## ११ आन्तरिक आय

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| क्र.सं. | स्थानीय तह | | राजस्व शीर्षक | | अनुमान | प्राप्ती | प्राप्ती प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | संकेत | नाम | संकेत | नाम | | | |
| १ | ८०१०९५०१ | खुम्बुपासाङल्हामु गाउँपालिका, सोलुखुम्बु | ११३१३ | सम्पती कर | १४,५५,०००.०० | ११,८२,१२६.५० | १२.५ |
| २ | ८०१०९५०१ | खुम्बुपासाङल्हामु गाउँपालिका, सोलुखुम्बु | ११३१४ | भुमिकर/मालपोत | ५,००,०००.०० | ५,६३,४७८.७७ | ११२.७ |
| ३ | ८०१०९५०१ | खुम्बुपासाङल्हामु गाउँपालिका, सोलुखुम्बु | ११३१७ | वहालकर | २५,००,०००.०० | ३८,२८,८६०.२० | १५३.१५ |
| ४ | ८०१०९५०१ | खुम्बुपासाङल्हामु गाउँपालिका, सोलुखुम्बु | ११३१८ | वहालविटौरी कर | २,००,०००.०० | ० | ० |
| ५ | ८०१०९५०१ | खुम्बुपासाङल्हामु गाउँपालिका, सोलुखुम्बु | ११४५१ | सवारीसाधन कर (साना सवारी) | ५,०००.०० | ० | ० |
| ६ | ८०१०९५०१ | खुम्बुपासाङल्हामु गाउँपालिका, सोलुखुम्बु | ११४७९ | अन्यमनोरञ्जन कर | ५,००,०००.०० | २०,०००.०० | ४ |
| ७ | ८०१०९५०१ | खुम्बुपासाङल्हामु गाउँपालिका, सोलुखुम्बु | ११६११ | व्यवसायलेभुक्तानी गर्ने | २७,८९,७८९.२९ | ४,०००.०० | ०.१४ |
| ८ | ८०१०९५०१ | खुम्बुपासाङल्हामु गाउँपालिका, सोलुखुम्बु | ११६२१ | व्यवसायबाहेक अन्यले भुक्तानी गर्ने | २,००,०००.०० | ३,०००.०० | १.५ |
| ९ | ८०१०९५०१ | खुम्बुपासाङल्हामु गाउँपालिका, सोलुखुम्बु | ११६३१ | कृषितथापशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | १०,०००.०० | १,२००.०० | १२ |
| १० | ८०१०९५०१ | खुम्बुपासाङल्हामु गाउँपालिका, सोलुखुम्बु | ११६९१ | अन्यकर | ५०,०००.०० | ४२,२७,४३१.४७ | ८४५४.८६ |
| ११ | ८०१०९५०१ | खुम्बुपासाङल्हामु गाउँपालिका, सोलुखुम्बु | १३४११ | अन्यसंस्थागत आन्तरिक अनुदान | ६,८०,००,०००.०० | ५,०२,१३,३२५.६३ | ७३.८४ |
| १२ | ८०१०९५०१ | खुम्बुपासाङल्हामु गाउँपालिका, सोलुखुम्बु | १४१९१ | पर्यटनशुल्क | १५,००,००,०००.०० | १५,५१,१८,०००.०० | १०३.४१ |
| १३ | ८०१०९५०१ | खुम्बुपासाङल्हामु गाउँपालिका, | १४२१९ | अन्यसेवा शुल्क तथा बिक्री | ६५,००,०००.०० | ७,६०,७७०.०० | ११.७ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | सोलुखुम्बु | | | | | |
| १४ | ८०१०९५०१ | खुम्बुपासाङल्हामु गाउँपालिका, सोलुखुम्बु | १४२२४ | परीक्षाशुल्क | ० | २१,४००.०० | २१४०००० |
| १५ | ८०१०९५०१ | खुम्बुपासाङल्हामु गाउँपालिका, सोलुखुम्बु | १४२२९ | अन्यप्रशासनिक सेवा शुल्क | ० | ७,८५०.०० | ७८५००० |
| १६ | ८०१०९५०१ | खुम्बुपासाङल्हामु गाउँपालिका, सोलुखुम्बु | १४२४१ | पार्किङ्गशुल्क | ५,००,०००.०० | ० | ० |
| १७ | ८०१०९५०१ | खुम्बुपासाङल्हामु गाउँपालिका, सोलुखुम्बु | १४२४२ | नक्सापासदस्तुर | ० | १,५०,३६६.३८ | १५०३६६३८ |
| १८ | ८०१०९५०१ | खुम्बुपासाङल्हामु गाउँपालिका, सोलुखुम्बु | १४२४३ | सिफारिशदस्तुर | ० | ४,१६,८०३.०० | ४१६८०३०० |
| १९ | ८०१०९५०१ | खुम्बुपासाङल्हामु गाउँपालिका, सोलुखुम्बु | १४२४४ | व्यक्तिगतघटना दर्ता दस्तुर | ० | १,०५,४००.०० | १०५४०००० |
| २० | ८०१०९५०१ | खुम्बुपासाङल्हामु गाउँपालिका, सोलुखुम्बु | १४२४५ | नाताप्रमाणित दस्तुर | ० | १,१२,१००.०० | ११२१०००० |
| २१ | ८०१०९५०१ | खुम्बुपासाङल्हामु गाउँपालिका, सोलुखुम्बु | १४२४९ | अन्यदस्तुर | ४०,००,०००.०० | २,९५,५५०.०० | ७.३९ |
| २२ | ८०१०९५०१ | खुम्बुपासाङल्हामु गाउँपालिका, सोलुखुम्बु | १४२५३ | व्यावसायरजिष्ट्रेशन दस्तुर | २०,००,०००.०० | २९,८९,६६०.०० | १४९.४७ |
| २३ | ८०१०९५०१ | खुम्बुपासाङल्हामु गाउँपालिका, सोलुखुम्बु | १४३१३ | धरौटीसदरस्याहा | २,००,०००.०० | ० | ० |
| २४ | ८०१०९५०१ | खुम्बुपासाङल्हामु गाउँपालिका, सोलुखुम्बु | १४५२९ | अन्यराजस्व | ० | १०,६८,२६४.०० | १०६८२६४०० |
| २५ | ८०१०९५०१ | खुम्बुपासाङल्हामु गाउँपालिका, सोलुखुम्बु | १४६११ | व्यवसायकर | ० | ४,०५,०००.०० | ४०५००००० |
| २६ | ८०१०९५०१ | खुम्बुपासाङल्हामु गाउँपालिका, सोलुखुम्बु | १५१११ | बेरूजू | २०,००,०००.०० | ३५,१०,७९५.०० | १७५.५४ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २७ | ८०१०९५०१ | खुम्बुपासाङल्हामु गाउँपालिका, सोलुखुम्बु | ३२१२२ | बैंकमौज्दात | १०,००,००,०००.०० | ० | ० |
| जम्मा | | | | | ३४,९४,०९,७८९.२९ | २२,५०,०५,३८०.९५ | ६४.३९ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

१२ **रोयल्टी**

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन २०७४ अनुसार प्राकृतिक स्रोतवाट प्राप्त हुने रोयल्टी को ब्यबस्था गरेको छ । यस पालिकोको क्षेत्रमा अबस्थित पर्वतारोहण रोयल्टी र पालिका क्षेत्रको वन रोयल्टी प्राप्त हुने अबस्था छ। सामुदायिक वन उपभोक्ता समितिको बिक्रिको १० प्रतिशत रकम प्रालिकाको संचित कोष दाखिला गर्नुपर्ने उल्लेख छ । पालिकाले सामुदायिक वन उपभोक्ता समिति को लेखापरीक्षण प्रतिबेदन माग गरी बिक्रिको १० प्रतिशत रकम पालिकाको संचित कोष दाखिला गर्नुपर्दछ ।पालिकाले प्राप्त हुने पर्वतारोहण रोयल्टी र वन रोयल्टी यथार्थ भए नभएको पालिकाले एकिन गर्नुपर्दछ ।

| **राजस्वशीर्षक** | **अनुमान** | **प्राप्ती** | **प्राप्ती प्रतिशत** |
|---|---|---|---|
| बाँडफाँडभई प्राप्त वन रोयल्टी | १०,९१,७३३.३९ | ३,७४,९१,४७१.०७ | ३४३४.१२ |
| बाँडफाँड भई प्राप्त पर्वतारोहण वापतको रोयल्टी | ७,८३,५१,४७७.३२ | १०,८६,३९,२६२.५० | १३८.६६ |

१३ **आन्तरिक आय अवस्था**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८१।८२ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| २६२६४६७९२।७९ | २२६०२०६६५ | ८६.०५ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ८६.०५ प्रतिशत रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१४ **स्थानीय सामाग्रीको उत्खनन् र विक्री**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (क) वमोजिम गाउँपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याँकन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुँगा, गिट्टी, बालुवा एबम् माटोजन्य वस्तुको बिक्रि गर्नसक्ने व्यबस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्र रहेको खोला, खोल्सी तथा जमिनबाट संकलन गर्न सकिने स्लेट, ढुँगा, गिट्टी, बालुवा एबम् माटोजन्य वस्तुको परिमाण यकिन गर्न वातावरणीय प्रभाव मूल्याँकन तथा प्रारम्भिक वातावरणीय परिक्षण गराएको देखिएन। पालिका क्षेत्रभित्र रहेको विभिन्न परियोजनाका कार्य सञ्चालन गर्न र पालिकाले उपभोक्ता समिति तथा विभिन्न माध्यमबाट सञ्चालन गर्ने योजनाहरुमा पालिका क्षेत्र भित्रका ढुँगा, गिट्टी, बालुवा एबम् माटोजन्य वस्तुको निशुल्क प्रयोग भई रहेको छ तापनि पालिकाले ती सामग्रीको जिल्ला दरको आधारमा भुक्तानी दिएको छ। निर्माण व्यवसायी तथा उपभोक्ता समितिले पालिकाको स्रोत निशुल्क प्रयोग गरी पालिका तथा अन्य योजना व्यवस्थापनबाट रकम भुक्तानी लिने गरे तापनि पालिकालाई सामग्रीको रोयल्टी तथा शुल्क बुझाएको देखिदैन । यस सम्बन्धमा गत वर्षको प्रतिबेदनमा समेत व्यहोरा औंल्याइएकोमा सुधार भएको देखिएन । अतः पालिकाले आफ्नो क्षेत्र भित्रका ढुङ्गा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तुमा प्रदेश कानून बमोजिम कर लगाई आम्दानी वढाउने तथा उपलव्ध सामग्रीको अव्यवस्थित उत्खनन्, संकलन

तथा उपयोग स्थितिलाई व्यवस्थित वनाउने तर्फ ध्यान दिनु पर्ने देखियो ।

## १५ घर नक्शा पास, तथा अभिलेखिकरण दस्तुर

घर नक्शा पास, तथा अभिलेखिकरण दस्तुरः स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २७ अनुसार भवन निर्माणमा नक्सा पास सम्बन्धि प्रावधान रहेको छ ।पालिकाको आर्थिक ऐन २०८१ को अनुसूचि १२ अनुसार गाउँपालिकाले आफ्नो क्षेत्रभित्र निम्न दरमा घर नक्शा पास, तथा अभिलेखिकरण दस्तुर लगाउने उल्लेख छ ।

***घरनक्शापास, तथा अभिलेखिकरण दस्तुरः***

| क्र.स. | विवरण | प्रति वर्ग फिट (रु) | कैफियत |
|---|---|---|---|
| १ | पक्की आर सी सी भवन पहिलो तल्ला | ४।०० | |
| २ | पक्की आर सी सी भवन दोस्रो तल्ला | ४।५० | |
| ३ | पक्की आर सी सी भवन तेस्रो तल्ला र सो भन्दा माथि | ५।०० | |
| ४ | पक्की गारो जस्ता पाताको छाना सबै तल्ला | ३।०० | |
| ५ | कम्पाउण्ड वाल | १।५० | |
| ६ | कच्ची घर जस्ता पाताको छाना सबै तल्ला | १।५० | |
| ७ | स्टील/आल्मुनियम स्ट्रक्चर सबै तल्ला | ३।०० | |
| ८ | माटो र ढुङ्गाको घर सबै तल्ला | २।५० | |
| ९ | काठको घर सबै तल्ला | ३।०० | |
| १० | अन्य घरहरु | १।७५ | |

यस आर्थिक बर्षमा पालिकाले घर नक्शा पास, तथा अभिलेखिकरण दस्तुर यस आर्थिक बर्षमा रु १५०३७७। प्राप्त गरेकोछ तसर्थ पालिकाले क्षेत्र भित्र रहेका घर नक्शा पास, तथा अभिलेखिकरण दस्तुर को अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

## १६ वार्षिक खरिद योजना/गुरुयोजना

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ। यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१८ करोड ४१ लाख २३ हजार पूँजीगत खर्च खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

## १७ योजना प्राथमिकीकरण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नानुसार पालिकास्तरका कुल १२६ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रू.२० लाखमाथिका योजना सङ्ख्या | रू.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रू.५ लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | पालिकास्तरीय | १२६ | ३७ | ४० | ४९ |
| २ | वडास्तरीय | वडास्तरीय नभएको | | | |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये ११५ योजनामात्र कार्यान्वयन भई ९ योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

## १८ धरौटी तर्फ

धरौटीको गत बर्षको मौज्दात रु ९३,४७,५३४.३५ यस बर्षको आम्दानी रु ५८,६५,१६८.३० समेत जम्मा धरौटी आम्दानी रु १,५२,१२,७०२.६५ भएको मध्ये धरौटी फिर्ता रु २०,५९,५१८ भइ रु १,३१,५३,१८४.६५ धरौटी मौज्दात रहेको छ ।

## १९ न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी शुन्य रहेकोमा यो बर्ष दर्ता भएका ३ विवाद मध्ये ३ विवाद फर्स्योट भएको र विवाद फर्स्योट हुन बाँकी नरहेको विवरण प्राप्त भएकोछ ।

## २० कानून निर्माण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट विभिन्न नमूना कानुनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २२ ऐन, ८ नियमावली, ३० कार्यविधि, २ निर्देशिका तथा ५ नर्म्स ,विनियम २ र आचारसंहिता १ लगायत ७० कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । पालिकाले आवस्यक कानुनहरु निर्माण गरी सभा र कार्यपालिकाबाट स्वीकृत गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

## २१ अवकाश कोषः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ मा स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरवन्दीमा कार्यरत प्रत्येक कर्मचारीले योगदानमा आधारित उपदान वा निवृत्तभरण, औषधि उपचार लगायतका सुविधा उपलब्ध गराउनका लागि खाईपाई आएको मासिक तलवबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी अवकाश कोषमा जम्मा गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले २०७६ श्रावणपछि नियुक्त कर्मचारीको हकमा निजको तलवबाट ६ प्रतिशत कट्टा गरी सोही बराबर थप गरी योगदानमा आधारित निवृत्तिभरण कोषमा जम्मा गरेतापनि अन्य कर्मचारीको हकमा ऐन बमोजिमको रकम कट्टा गरी अवकाश कोषमा जम्मा गर्ने गरेको पाइएन। पालिकाले कर्मचारी कल्याण कोष कार्यविधि तयार गरी यस वर्ष गाउँपालिका चालु शिर्षकबाट कर्मचारी कल्याण कोषमा रु. २५०००००।०० ट्रान्सफर गरेको पाइयो। पालिकाले एकमुष्ठ रकम कोषमा जम्मा गरेतापनि कर्मचारीबाट कट्टा गर्नुपर्ने रकम कट्टा गरेको देखिएन। साथै जम्मा गरेको रकम परिचालन गरी कोष वृद्धि सम्बन्धि व्यवस्था गरेको देखिएन । अतः कोषमा कर्मचारीको समेत योगदान हुनेगरी कोष परिचालन सम्बन्धि व्यवस्था मिलाउनु पर्दछ।

## २२ प्रोत्साहन भत्ता

स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन सञ्चालन व्यवस्थापन सेवाका शर्त तथा सुबिधा सम्बन्धि आधारभुत सिद्धान्त र मापदण्ड संघीय कानून बमोजिम हुने र ८६ (२) बमोजिम स्थानिय सेवाको गठन सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानून बमोजिम हुने व्यवस्था छ। पालिकाले कार्य सम्पादनमा आधारित कर्मचारी प्रोत्साहन तथा सेवा सुविधा सम्बन्धी कार्यविधि, २०८१ पारित गरी लागु गरेको छ। सोहि कार्यविधिमा भएको व्यवस्था बमोजिम सभाद्वारा बजेट स्वीकृत गराई कर्मचारीहरुको हाजिरीलाई मुख्य आधार लिएर विभिन्न सूचकको मूल्याङ्कन गरी अङ्क प्रदान गरेको आधारमा मासिक तलवको १० प्रतिशत घरभाडा,मासिक इन्धन(ग्यास) रु १५०० हाजिरभएको दिनको प्रति दिन १५० खाजा भत्ता र पद अनुसारको संचार खर्च रकम प्रोत्साहन भत्ता शीर्षकबाट यस वर्ष रु ७२,२६,६००। खर्च भुक्तानी गरेको छ । पालिकाले प्रोत्साहन भत्ता वितरण गर्दा बिद्युतिय हाजिरी प्रमाणित एवं कार्य विवरणका आधारमा वितरण गरी यस्तो खर्चमा नियन्त्रण समेत हुनुपर्दछ ।

२३ **म्याद थप**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा व्यवसायी वा आपूर्तिकर्ताले कारण सहित खरिद सम्झौताको थपको लागि निवेदन दिएमा मनासिव कारण विश्लेषण गरी सम्झौता अवधि थप गर्ने व्यवस्था छ। यो वर्ष कार्यालयले ४ खरिद सम्झौता गरेकोमा १ सम्झौताको 50 प्रतिशतसम्म र २ सम्झौताको सो भन्दा वढी म्याद थप गरेको देखियो। उल्लेखित नियमावलीको नियम १२०(६)मा भएको व्यवस्था अनुसार ५० प्रतिशत भन्दा बढी अवधिको म्याद थप गर्न नपाइनेमा नियमावलीको व्यवस्था कार्यालयमा भएको छैन। यसरी कानुन वाहिरको परिस्थिति बाहेक पूर्व निर्धारित क्षतिपूर्ति समेत निर्धारण नगरी नियमित रूपमा म्याद थप गर्ने पदाधिकारीको कार्य सम्पादन अवस्था विश्लेषण गरेर यस्तो कार्यमा नियन्त्रण हुनपर्दछ।

| क्र.सं. | कार्यक्रमकोनाम | सम्झौता अबधि | म्यादथपभएकोसम्झौतासङ्ख्या | | | |
|---|---|---|---|---|---|---|
| | | | सम्झौता अवधिथप | सुरुअवधिको५०% सम्मथप | सुरुअवधिको५१देखि१००% सम्मथप | शतप्रतिशतभन्दाबढीअवधिथप |
| १ | पाङबोचे खानेपानी आयोजना | २०८२।०२।२८ | २०८२।०३।२४ | | | |
| २ | खुम्जुङ खुन्दे ढल निर्माण क्रमागत | २०८१।०८।२० | २०८२।०९।२० | | १०० | |
| ३ | डिमदोर्जी शेर्पा पर्यटन सडक क्रमागत | २०८१।०३।२२ | २०८२।०९।२२ | | १०० | |
| ४ | थुक्ला खोला झो पु क्रमागत | २०८२।०२।०२ | २०८२।०९।३० | ५० | | |

२४ **सम्भाव्यता अध्ययन/डी.पी.आर**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ र ९ मा प्रतिस्पर्धात्मक प्रस्ताव माग गरि परामर्श सेवा खरिद गर्नुपर्ने, यस्तो खरिदमा आवश्यकताको पहिचान समेत गर्नुपर्ने व्यवस्था छ। यसरी परामर्श सेवा खरिद गर्दा विभागीय जनशक्तिले सम्भव नहुने विषयमा मात्र परामर्श सेवा लिनुपर्नेमा कार्यालयले सम्भाव्यता अध्ययन, अध्ययन प्रतिवेदन लगायतमा यो वर्ष २ कार्यमा रु ९५९३७०।खर्च गरेको छ।पालिकाले उपलब्ध गराएको बिबरणमा गतबर्षको परामर्श सेवा को विवरण र कार्यान्वयन अबस्थाको विवरण पुर्ण रुपमा भरी उपलब्ध नगराएको कारणले गतबर्षको परामर्श सेवाको कार्यान्वयनको अबस्था विश्लेषण गर्न सकिएन । परामर्श सेवा खरिद गर्दा सो को आवश्यकता, खरिदमा मितव्ययिता, विभागीय जनशक्तिको परिचालन जस्ता पक्षमा विश्लेषण गरेको छैन। प्रत्येक वर्ष अध्ययन गर्दै जाने, प्रतिवेदनको गुणस्तर र कार्यान्वियनको सुनिश्चितता पनि नगरिएको अवस्थामा सुधार एवं नियन्त्रण गर्न यस्ता खर्चका सम्बन्धमा ध्यान पुर्‍याउनु पर्दछ।

| क्र.सं. | बजेटउपशीर्षक | खर्च | | | | खरिद विधि | | | | कार्यन्वयमा गएको | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | गत वर्ष | | यो वर्ष | | सिलबन्दी दरभाउपत्र | | सिधै वा आसयपत्र | | गत वर्ष | | यो वर्ष | |
| | | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| १ | नासागारा मुसे चौरीखर्क सडककोDPR पुनरावलोकन | | | १ | ४७९१२० | | | १ | ४७९१२० | | | | |
| २ | सुर्के नासागारा लुक्ला सडककोDPR पुनरावलोकन | | | १ | ४८०२५० | | | १ | ४८०२५० | | | | |

२५ **शुन्य प्रगति**

कार्यालयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।पालिकाले निम्नानुसार कार्यक्रममा शुन्य प्रगति गरेको छ ।

| क्र.सं. | मुख्य कार्यक्रम | बजेट विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | किसानसूचीकरण कार्यक्रम | १,००,०००.०० | ० | ० |
| २ | कृषि, पशुपन्छी तथा मत्स्य तथ्याकं अध्यावधिक कार्यक्रम | ६०,०००.०० | ० | ० |
| ३ | महामरी/आकास्मिकरोग नियन्त्रण कार्यक्रम | ८०,०००.०० | ० | ० |
| ४ | मासुकोलागि Cold chamber निर्माण | ० | ० | ० |
| ५ | एम.आई.एस.अपरेटरर फिल्ड सहायक पोशाक भत्ता | २०,०००.०० | ० | ० |
| ६ | विपन्नलक्षित छात्रवृत्तिकालागि छनौट भएका (कक्षा ६-१२ मा अध्ययनरत) विद्यार्थीका लागिछात्रवृत्ति | ७२,०००.०० | ० | ० |
| ७ | पोषणमैत्रीस्थानीय शासन प्रवर्द्धन | ३,००,०००.०० | ० | ० |
| ८ | रोजगारमञ्चको संचालन | ३०,०००.०० | ० | ० |
| ९ | रोजगारसहायकको स्थानिय भत्ता | ० | ० | ० |
| १० | कार्यस्थलसुरक्षा सामाग्रि | १,००,०००.०० | ० | ० |
| ११ | कार्यस्थलसुरक्षा सामाग्री | ० | ० | ० |
| १२ | रोजगारसहायकको पोशाक भत्ता | ० | ० | ० |
| १३ | प्राविधिकसहायकको पोसाक | ० | ० | ० |
| १४ | प्राविधिकसहायकको स्थानीय भत्ता | ० | ० | ० |
| १५ | रोजगारीमाखटिनु पूर्व अभिमुखिकरण कार्यक्रम सञ्चालन | ० | ० | ० |
| १६ | स्थानीयतहको रोजगार रणनीति तर्जुमा/ अध्यावधिक/ कार्यान्वयन तथा आन्तरीक रोजगारीप्रवर्द्धन अभियान सम्बन्धी कार्यक्रम सञ्चालन | १,००,०००.०० | ० | ० |
| १७ | रोजगारसंवाद मञ्चको सञ्चालन | ० | ० | ० |
| १८ | सञ्चालितरोजगार आयोजनाहरुको अनुगमन/निरिक्षण | ० | ० | ० |
| १९ | अन्यविविध खर्च (चिया, पानि लगायत अन्य विविध) | ० | ० | ० |

## २६ योजनाको अनुगमन

स्थानीय सरकार संचालन ऐन , २०७४ को दफा १६ को उपदफा (४) मा गाउँपालिका उपाध्यक्षको काम, कर्तव्य र अधिकार अन्तर्गत योजना तथा कायक्रमको अनुगमन तथा सुपरिवेक्षण गरी सोको प्रतिवेदन बैठकमा पेश गर्नुपर्ने उल्लेख छ । यस पालिकाले उपाध्यक्षको संयोजकत्वमा अनुगमन समिति गठन गरेको देखिन्छ । पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष पालिकाको सभाले १२० योजना स्वीकृत गरेकोमा ११५ योजना कार्यान्वियन गरेको देखिन्छ। नमुना छनौटका आधारमा श्रेस्ता परिक्षण गर्दा योजना अनुगमन समितिले पेश गरेको अधिकांश योजना अनुगमन फारमहरुमा योजनाको कार्य प्रगति, सुधार गर्नुपर्ने विषय तथा सुझाव सम्बन्धमा कुनै पनि विवरण उल्लेख नगरी पदाधिकारीहरुले हस्ताक्षरमात्र गरेको देखिन्छ । योजनाहरुलाई उद्देश्य अनुरुप गुणस्तरीय रुपमा सम्पन्न गर्नको लागि निरन्तर अनुगमन गरी यथार्थ अवस्थाको सम्बन्धमा अनुगमन प्रतिवेदन पेश गर्नुपर्दछ।

## २७ योजना छनौट

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकास लागि आवधिक, वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालीन विकास योजनाहरुको सूची तयार गर्नुपर्ने व्यवस्था

गरेको छ । योजना बनाउँदा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने, स्थानीय बासिन्दाको सहभागिता जुटने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, सबै वर्गलाई प्रत्यक्ष लाभपुग्ने, लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने विषयलाई प्राथमिकता सुनिश्चित गर्ने प्रकृया तय गरी छनौट गरेको देखिने आधार प्रस्तुत हुन सकेन ।उपलब्ध वजेट वडागत रूपमा विभाजन गरी साना साना योजनामा खर्च गरेको कारण योजनाको संख्यात्मक वृद्धि हुन गई अनुगमन प्रभावकारीतामा असर परेको छ ।साना योजनामा पूँजीगत खर्च भएको कारण दीर्घकालीन प्रभाव पर्ने योजना निर्माण तथा कार्यान्वय समेत हुन सकेको देखिएन । तसर्थ स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक रणनीतिगत विषयक्षेत्रगत मध्यकालिन तथा दीर्घकालीन विकास योजनाहरुको सूची तयार गरी प्रभावकारी रुपमा कार्यान्वियन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

## २८ नीति तथा कार्यक्रम कार्यान्वियन अवस्था

स्थानीय सरकारको सर्वोच्च अंगको रुपमा रहेको सभाबाट परित भएका बार्षिक नीति तथा कार्यक्रमहरु सो वर्ष तोकिएको समयमा कार्यान्वियन हुनुपर्दछ । यस पालिकाको गाउँसभाबाट आ.व. २०८१।८२ का लागि पारित भएका विभिन्न नीति तथा कार्यक्रमको कार्यान्वियन अवस्था अध्ययन तथा परीक्षण गर्दा अधिकांश नीति तथा कार्यक्रम कार्यन्वयनमा आएतापनि केहि नीति तथा कार्यक्रम आंशिक रुपमा र कतिपय नीति तथा कार्यक्रम कार्यान्वियनमा नै आएको देखिएन । कार्यन्वयनमा नआएका नीति तथा कार्यक्रमका केहि उदाहरणहरु देहाय बमोजिम छन् ।

१. व्यवसायिक कृषकहरूलाई लागानी सुरक्षाको लागि उत्पादनमा आधारिक कृषि अनुदानको व्यवस्था गरिनेछ ।
२. उत्पादन र उत्पादकत्व बढाउन किसनालाई उन्नत नश्लको पशुहरूको सहज उपलब्धतामा जोड दिइनेछ ।
३. न्यायिक समितिको व्यवस्थापन तथा कार्यक्षमता अभिवृद्धिका लागि तालिम तथा प्रशिक्षणको व्यवस्थापन मिलाईनेछ ।
४. सार्वजनिक तथा सरकारी सम्पत्तिको अभिलेख सङ्कलन, संरक्षण र प्रभावकारी व्यवस्थापन गरिनेछ ।
५. करदाता शिक्षा कार्यक्रम, अभिमूखिकरण तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरी नागरिकमा कर तिर्ने वानीको विकास गरिनेछ ।
६. विद्यालय क्षेत्र वरपर जङ्कफुड प्रतिबन्ध गरिनेछ ।
७. स्पोर्ट टुरिजम र साहसिक खेलकुदको सम्भाव्यता अध्ययन गरिनेछ ।
८. स्वस्थ गाउँपालिका कार्यक्रम अन्तर्गत साबै नागरिकको Health Profile तयार गरिनेछ ।
९. भौतिक पूर्वाधारको गुणस्तर सुधारका लागि गाउँपालिकामा पूर्वाधार परिक्षण प्रयोगशाला स्थापना गरिनेछ ।
१०. विपद् व्यवस्थापनका लागि रेडियो सेटको व्यवस्था गरिनेछ ।

अत निति तथा कार्यक्रमहरु तय गर्दा कार्यन्वयन हुन सक्ने गरी तयार गरी कार्यान्वियन गर्नुपर्दछ।

## २९ समानीकरण अनुदान रकमको उपयोग

राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले जारी गरेको मार्गदर्शनमा संघीय विभाज्य कोषबाट स्थानीय तहमा प्राप्त हुने वित्तीय समानीकरण रकमको उपयोग गर्दा सो रकमबाट वजेट विनियोजन गरी अध्ययन भ्रमण, वैदेशिक भ्रमण र अन्य प्रशासनिक एवं सञ्चालन आदिमा खर्च गर्न नपाईने व्यवस्था छ। आयोगको मार्गदर्शन अनुकुल नहुने गरी पालिकाले समानिकरण अनुदानवाट पारिश्रमिक कर्मचारी, औषधीउपचार खर्च, कर्मचारी प्रोत्साहन तथा पुरस्कार, पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च जस्ता चालु प्रकृतिका कार्यमा रु. ५,५९,६७,६९८.०० वजेट विनियोजन गरी रु. ३,८१,६५,१५७.८० खर्च गरेको देखिन्छ । पालिकाले प्राप्त गर्ने समानिकरण अनुदानको रकम पुँजि निर्माण हुने तथा दिर्घकालिन प्रकृतिका खर्चमा विनियोजन गरी खर्च गर्ने गराउने तर्फ पालिकाको ध्यान जानुपर्दछ ।

| क्र.सं. | खर्च संकेत नं. | खर्च शीर्षक | अन्तिम बजेट | खर्च रकम |
|---|---|---|---|---|
| १ | नेपाल सरकार - समानिकरण अनुदान : नेपाल सरकार -नगद अनुदान | | ५,०९,६७,६९८.०० | ३,४८,०५,१५७.८० |
| १ | २११११ | पारिश्रमिककर्मचारी | ३०,००,०००.०० | १७,५८,१०१.८० |
| २ | २११२३ | औषधीउपचारखर्च | १,६०,०००.०० | १,५९,५४९.०० |
| ३ | २११३५ | कर्मचारीप्रोत्साहन तथा पुरस्कार | ७३,००,०००.०० | ७२,२६,६००.०० |
| ४ | २११३९ | अन्यभत्ता | ३,००,०००.०० | ० |
| ५ | २११४१ | पदाधिकारीबैठक भत्ता | ३,००,०००.०० | २४,७२०.०० |
| ६ | २२११३ | सार्वजनिकउपयोगिताको सेवा खर्च | २,००,०००.०० | ० |
| ७ | २२२२१ | मेशिनरीतथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ० | ० |
| ८ | २२३१२ | पशुपंक्षीहरूकोआहार | ५,००,०००.०० | ४,९५,२००.०० |
| ९ | २२३१३ | पुस्तकतथा सामग्री खर्च | ६७,७६४.०० | ० |
| १० | २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | १७,००,०००.०० | ४,४९,०५०.०० |
| ११ | २२३१९ | अन्यकार्यालय संचालन खर्च | २६,५०,०००.०० | २०,००,०००.०० |
| १२ | २२४११ | सेवार परामर्श खर्च | ३०,००,०००.०० | २३,१७,२७६.०० |
| १३ | २२५११ | कर्मचारीतालिम खर्च | १४,३०,०००.०० | ७,१४,६१०.०० |
| १४ | २२५१२ | सीपविकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | ३,००,०००.०० | १,३२,५६५.०० |
| १५ | २२५२२ | कार्यक्रमखर्च | ५१,००,०००.०० | ११,१०,३६४.०० |
| १६ | २२५२९ | विविधकार्यक्रम खर्च | १,२७,०९,९३४.०० | ८८,७५,९६२.०० |
| १७ | २२६११ | अनुगमन, मूल्यांकन खर्च | ५,००,०००.०० | ४,५९,३७५.०० |
| १८ | २२६१२ | भ्रमणखर्च | ० | ० |
| १९ | २२७११ | विविधखर्च | ७,५०,०००.०० | ४,३८,७५०.०० |
| २० | २५३११ | शैक्षिकसंस्थाहरूलाई सहायता | १०,००,०००.०० | १०,००,०००.०० |
| २१ | २७११२ | अन्यसामाजिक सुरक्षा | ५३,००,०००.०० | ५३,००,०००.०० |
| २२ | २७२११ | छात्रवृत्ति | ७,००,०००.०० | ६,०६,०००.०० |
| २३ | २७२१३ | औषधीखरिदखर्च | २५,००,०००.०० | १६,८५,८९५.०० |
| २४ | २७२१९ | अन्यसामाजिक सहायता | १५,००,०००.०० | ५१,१४०.०० |
| २ | कोशी प्रदेश - समानिकरण अनुदान : कोशी प्रदेश -नगद अनुदान | | ५०,००,०००.०० | ३३,६०,०००.०० |
| १ | २७२११ | छात्रवृत्ति | ५०,००,०००.०० | ३३,६०,०००.०० |
| कुल जम्मा | | | ५,५९,६७,६९८.०० | ३,८१,६५,१५७.८० |

## ३० प्राविधिक बिल र कार्य सम्पन्न

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको, लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक कामको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन। प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक बनाउनुपर्ने देखिन्छ। कानुनमा भएको सवै व्यवस्थाको पालना गरी विल, कार्य सम्पन प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ ।

३१ **सामुदायिक वनको अभिलेख**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ (ख) १ अनुसार सामुदायिक वन उपभोक्ता समितिले वन पैदावर विक्री तथा उपयोग सम्बन्धि आफ्नो वार्षिक कार्य योजना बनाई सम्बन्धित स्थानीय तहबाट स्वीकृति गराउनुपर्ने र उक्त कार्य योजना अनुसार वन पैदावरको विक्री वापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । यस पालिकाक्षेत्रमा ९ वटा मध्यवर्ति सामुदायिक वन पालिका अन्तरगत रहेको पालिकाले जनाएको छ। पालिका अन्तर्गत रहेको सामुदायिक वनले कार्ययोजना पेश गरी स्विकृत गरेको पाइएन । पालिकाले आफ्नो कार्यक्षेत्र भित्रमा सामुदायिक वनको वार्षिक कार्य योजनाको अभिलेख तयार गरी सोको कार्यान्यवन अवस्था सम्बन्धमा अनुगमन मूल्याङ्कन नगरेको, प्राप्त हुनुपर्ने राजश्व यकिन नगरेको र यसको लागि नीतिगत व्यवस्था तथा कार्ययोजना तयार गरी कार्यान्वियन गरेको देखिएन। कानुन वमोजिम आन्तरिक आयको अभिवृद्धि गर्न पालिकाको ध्यान जानुपर्ने देखिन्छ।

३२ **वित्तिय जोखिम मूल्याङ्कन**

पालिकाले प्रदान गर्ने सेवाको बारेमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गरेको स्थानीय तह वित्तिय जोखिम मुल्याङ्कनमा यस पालिकाले २०८१।८२ मा ७८ प्रतिशत अङ्क प्राप्त गरेको पाइयो भने स्थानीय तह संस्थागत क्षमता स्वमुल्याङ्कनको आधारमा पालिकाले २०८१।८२ मा प्रतिशत ७३ अङ्क प्राप्त गरेको पाइयो । पालिकाले क्षमता स्वमुल्याङ्कनका क्रममा संगठन तथा प्रशासन, सेवा प्रवाह, वार्षिक बजेट तथा योजना व्यवस्थापन, वित्तिय एवं आर्थिक व्यवस्थापन, सामाजिक समावेशिकरण, वातावरण संरक्षण तथा विपद व्यवस्थापन र सहकार्य र समन्वय लगायतका विषय क्षेत्रमा सुधार गर्नुपर्ने देखिन्छ । साथै जोखिम मुल्याङ्कनको क्रममा पत्ता लागेका योजना, बजेट तथा कार्यक्रम व्यवस्थापन, अनुगमन, मुल्याङ्कन तथा लेखापरीक्षण र राजस्व व्यवस्थापन लगायतका विषय क्षेत्रमा भएको जोखिमहरुको अभिलेख राखि नियन्त्रणको लागि कार्य योजना तयार गर्नुपर्दछ ।

३३ **प्रशासनिक खर्च**

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा २१(४)मा प्रदेश तथा स्थानीय तहले आफुले उठाएको राजश्व र यस ऐन बमोजिम राजश्व बाँडफाँडवाट प्राप्त हुने रकमबाट प्रशासनिक खर्च पुग्ने गरी राजश्व र व्ययको अनुमान पेश गर्नुपर्ने व्यवस्था छ। त्यस्तै राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले जारी गरेको मार्गदर्शनमा, प्रशासनिक खर्च आफ्नो आन्तरिक आयबाट व्यवस्थापन गर्ने तर अत्यावश्यक प्रशासनिक खर्चको लागि आफ्नो आन्तरिक आय अपर्याप्त भएको अवस्थामा मात्र राजस्व बाँडफाँडबाट प्राप्त रकम किफायती रुपमा उपयोग गरी बाँकी रकम विकास निर्माण र सार्वजनिक सेवामा खर्च गनुपर्ने गरी बजेट विनियोजन गर्नुपर्नेगरी मार्गदर्शन तय गरेको छ। पालिकाले आफ्नो आन्तरिक आय रु.२२५००५३८०।९५ प्राप्त गरेको देखिएकोमा प्रशासनिक खर्चमा रु.९८८११६६०। बजेट विनियोजन गरी प्रशासनिक खर्चमा रु.६५२७५७६३।४७ खर्च भएको देखिन्छ। उक्त खर्च आन्तरीक आयको तुलनामा २८.९७ प्रतिशत गरेको देखिएको छ। राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले जारी गरेको मार्गदर्शन बमोजिम प्रशासनिक खर्च आफ्नो आन्तरिक आयबाट पुर्ण रुपमा व्यवस्थापन गरेको छ। राजश्व बाँडफाँडबाट प्राप्त हुने रकमवाट मुलत सामाजिक सेवा,

विकास निर्माण र सार्वजनिक सेवामा विनियोजन नगरी दैनिक प्रशासनिक कार्यमा विनियोजन गरी खर्च गरेकोले आन्तरिक श्रोत उचित व्यवस्थापन गरी मार्गदर्शन बमोजिम प्रशासनिक खर्चमा नियन्त्रण गर्नुपर्ने देखिन्छ ।

३४ **कन्टिन्जेन्सी खर्च**

निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) सँग सम्बन्धित व्यवस्था सोही नियमावलीको अनुसूची १ मा तोकिएको छ। उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी बापत थप गर्ने व्यवस्था रहेको छ। कार्यालयले कन्टिन्जेन्सी खर्च तर्फ मस्टरोलबाट काम गरेको उल्लेख गरी रु २५४०००। मर्मत तथा इन्धनमा रु १२३८३९२। र कार्यलय सञ्चालन तथा अनुगमनमा रु २७७८५१० यस वर्ष रु. ४२ लाख ७० हजार कन्टीन्जेन्सी खर्च गरेको छ।

• कार्यालयले कन्टिन्जेन्सीबाट मष्टरोलमार्फत रु. २ लाख ५४ हजार ज्याला खर्च लेखेकोमा कार्यका लागि सुपरभाइजरहरू नियुक्त गरी निजहरूलाई पारिश्रमिक बापत उक्त रकम खर्च लेखेकोमा निजहरूले सम्पादन गरेको कामको परिमाण देखिने अभिलेख राख्ने गरेको पाइएन। सो को अतिरिक्त अतः निजहरूले सम्पादन गर्नुपर्ने र गरेको कामको विवरण स्पष्ट राख्नुपर्दछ।

• सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४ अनुसार कन्टिन्जेन्सीबाट भएको खर्च ठेक्का एवं योजना अनुसार नापी किताबमा उल्लेख गर्नु पर्नेमा गरेको देखिएन। योजना वा ठेक्का प्याकेज अनुसार कन्टिन्जेन्सी खर्च छुट्याई नापी किताबमा प्रविष्टि गर्नुपर्छ।

• महालेखा नियन्त्रक कार्यालयले २०७४ सालमा जारी गरेको एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ अनुसार विभिन्न खर्च संकेत नम्बरबाट खर्च लेखाङ्कन गर्नुपर्ने रकमहरू जस्तै मर्मत संभार, स्टेशनरी छपाइ, सूचना प्रकाशन, इन्धन, दैनिक भत्ता जस्ता कार्यमा रु २७७८५१०।समेत सार्वजनिक निर्माण शीर्षकबाट खर्च लेखेको देखिएको छ। जुन उक्त खर्चको संकेत तथा वर्गीकरण अनुसार मेल खाने देखिँदैन।

• कन्टिन्जेन्सी रकमको सीमा सबै निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी बापत थप गर्ने व्यवस्था गरेको छ। वर्क चार्ट स्टाफ खर्च र र सानातिना अन्य खर्चका प्रकृतिका आधारमा निश्चित रकमको लागत अनुमान तयार गर्दा मात्र उक्त प्रतिशत कायम गरी बढी मूल्यको लागत अनुमान तयार गर्दा यस्तो प्रतिशतमा पुनरावलोकन गर्नु पर्दछ।

• कन्टिन्जेन्सी रकमबाट, कार्यालय मालसामान, इन्धन, विविध लगायतका चालू खर्च शीर्षकका खर्चहरू समेतलाई पुँजीगत बजेट शीर्षक तर्फ समावेश गरी खर्च गरेकोले सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४ ले उल्लेख गरे बमोजिम अन्य सानातिना खर्च छुट्याएर मात्र कन्टिन्जेन्सी रकम खर्च भएको यकिन गर्ने विवरण समेत तयार गर्नुपर्दछ।

| क्र.सं | कार्यक्रमकोनाम | लागतअनुमान | | कन्टिन्जेन्सीखर्च | | कन्टिन्जेन्सीखर्च शीर्षकगत | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | गतवर्षसम्मको | चालुवर्षको | मस्टरोल ज्याला | सवारी मर्मत तथा इन्धन | कार्यलय सञ्चालन अनुगमन | अन्य |
| १ | पाङबोचे खानेपानी आयोजना | ८९९७९३२ | | | | | | ० | |
| २ | खुम्जुङएक घर एक धारा निर्माण | ३९९९७७७ | | | | | | १३२०२३ | |
| ३ | स्योमारेखानेपानी निर्माण कार्य | २८१५९३७ | | | | | | १७४९०४ | |
| ४ | दिङबोचे खानेपानी निर्माण सम्पन्न | ३९९८९८८ | | | | | | ११४२८९ | |
| ५ | पैया छेउबास पाखेपानी खानेपानी योजना निर्माण | २९९९०९५ | | | | | | २५८१७२ | |
| ६ | ङिमदोर्जी शेर्पा पर्यटन सडक सत्रउन्नति | ४९९९६८८ | | | | | | २५२७६० | |
| ७ | खुम्जुङ गुम्बाको गुरुदेव चेम्बुक निर्माण गर्नेकार्य | २६४०२९२ | | | | | | १४८७५७ | |
| ८ | गोरक्सेप खानेपानी व्यवस्थापन | २८७७०९३ | | | | | | ० | |
| ९ | खरिखोला खानेपानी निर्माण | ४६२७८६० | | | | | | १३१९४५ | |
| १० | पाङबोचे, सोमारे, दिङबोचे, फेरीचे, लबुचे र छुकुमक्षेत्रमा विद्युत वितरण लाइन निर्माण कार्य | ८३८३६७५२ | | | | | | ३१४६५६ | |
| ११ | खुम्जुङ मा.वि. शिक्षक क्वाटर निर्माण | ४६९१२३४ | | | | | | ० | |
| १२ | ग्याबिन बक्स खरिद तथा ढुवानी | ९९९४७७ | | | | | | ० | |
| १३ | ठुलो गुमेलामा फायर फाइटीङ प्रणाली जडानका लागि सामाग्री खरिद | २४९९९५७ | | | | | | १४२३८ | |
| १४ | गाउँपालिका भित्र रहेका झोलुङ्गे पुलको बृहत मर्मत | २१८२४२० | | | | | | ३५५७७ | |
| १५ | ब्याकहो लोडर खरिद | ५६००००० | | | | | | ५३३९५ | |
| १६ | खुम्जुङ खुन्दे ढल निर्माण क्रमागत | ५९४३९१९८ | | | | | | ३३०६१६ | |
| १७ | ङिमदोर्जी शेर्पा पर्यटन सडक क्रमागत | १७४५२३३५० | | | | २५४००० | १२३८३९२ | ७१३३५० | |
| १८ | थुक्ला खोला झो पु क्रमागत | ४९५३९९६४ | | | | | | ० | |
| १९ | सवारी साधन खरीद जीप | ९१००००० | | | | | | १४२३८ | |
| २० | सुर्के बस्ती भित्रको सडक ट्र्याक ओपन | १४९९१२२ | | | | | | ३५५९५ | |
| २१ | च्यादिङटोल सडकको ट्र्याक ओपन | १४९९५९१ | | | | | | ३५५९५ | |
| २२ | लुक्ला स्कुल फर्निचर निर्माण | १४९९१२२ | | | | | | ० | |
| २३ | चिसिबुक ट्रष पुल निर्माण वडा नं २ | ९९७८८९ | | | | | | ० | |
| २४ | वडा नं. ३ भित्र Street Light जडान वडा | ४९९१०८ | | | | | | ० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | नं ३ | | | | | | | | |
| २५ | शेर्पा सामुदायिक भवनदेखि चिहानडाँडा जाने सडकको ट्र्याक ओपन निरन्तरता | २९६५७० | | | | | | ० | |
| २६ | छेउबास मेलाङ शाखा सडक विस्तार | ३९९६४४ | | | | | | ० | |
| २७ | लुक्ला आ वि ढल व्यवस्थापनका लागि पाइप खरीद | ४९९०४६ | | | | | | ० | |
| २८ | मुसे खानेपानी मर्मत तथा सामग्री खरिद वडा नं २ | ३९९८९१ | | | | | | ० | |
| २९ | दीङवोचे खानेपानी पाइप तथा सार्वजानिक धारा निर्माण | ३७५१०३९ | | | | | | ० | |
| ३० | तातेखानेपानीतथाट्याङ्कीनिर्माण | ९९४४४० | | | | | | १०४०० | |
| ३१ | च्योङ्गाखानेपानीनिर्माणवडानं२ | ६९९९५६ | | | | | | ० | |
| ३२ | जोरसल्लेमापोष्टनिर्माण | ७५५५८९ | | | | | | ८००० | |
| ३३ | वडा न ४ वडा कार्यालय विधुत निर्माण | ४९४४९६ | | | | | | ० | |
| ३४ | लुक्ला आ वि ढल व्यवस्थापनका लागि पाइप खरीद | ४९९०४६ | | | | | | ० | |
| ३५ | नगर प्रहरी पोष्ट निर्माण | २१३४६१ | | | | | | ० | |

३५ **अनुदान फिर्ता**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ अनुसार सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई बाँकी रहेको शसर्त, विशेष र समपूरक अनुदान स्थानीय तहले सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। सुत्रबाट तयार भएको पालिकाको यस वर्षको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०) को अनुसूची-२ मा संघिय शसर्त, समपुरक तथा विशेष अनुदानको जम्मा रु.१२०२२६९०.९ तथा प्रदेश सशर्त तथा समपुरक तर्फ खर्च नभै वाँकी रहेको रु.७७७७। समेत कुल रु.१२०३०४६७.९४ मिति २०८२।३।२५ मा फिर्ता गरेको विवरण पेश भएको छ ।

३६ **प्रगति प्रतिवेदन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व निमावली,२०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण तयार गरी सम्बन्धित निकायमा पेश गर्नुपर्ने र नियम ३६ मा उक्त प्रगति विवरण समीक्षा गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपरोक्त व्यवस्था बमोजिम त्रैमासिक प्रगति विवरण तयार गरी सम्बन्धित निकायमा पेश गरेको देखिएन । त्रैमासिक खर्चको प्रगति विवरण तयार गरी सम्बन्धित निकायमा तोकिएको समयभित्र पेश गर्नु पर्दछ । साथै भौतिक र वित्तीय प्रगति विवरण समिक्षा गर्नु पर्दछ ।

३७ **कार्य सञ्चालन तथा अन्य कोष**

नेपाल सरकारले कुनै आयोजना वा कार्यक्रम सञ्चालन गर्दा विनियोजन बजेट भित्रबाट गर्ने, विभिन्न कोषमा रकम मौज्दात राख्ने, उक्त कोषबाट खर्च गर्ने पद्धत्तिमा नियन्त्रण गर्ने बेहोरा उल्लेख गरेपनि यो कार्यालयले यो वर्ष कर्मचारी कल्याण कोष लगायत १९ कोषमा गत वर्षबाट जिम्मेवारी सारेको रु ७८३६६७७.६२ सहित रु. १३,८३,९२,९४१।३आय गरी रु ६७४६६०६४।९२ खर्च गरी रु

७०९२६८७६।३८ मौज्दात देखाएको छ। यसरी कोषमा रकम राखेर खर्च गरी खर्चमा दोहोरा पना आउने, खर्चमा मितव्ययिता कायम नहुने हुँदा अत्यावश्यक बाहेकमा यसरी कोषमा रकम राख्ने, ट्रान्सफर गरेर खर्च गर्ने पद्धतिमा नियन्त्रण गर्नुपर्दछ।

| कोषको नाम | कोष गठन भएको कानुन | सुरु मौज्दात | यो वर्ष थप | यो वर्षको खर्च | बाँकी |
|---|---|---|---|---|---|
| प्रकोप व्यवस्थापन कोष | | २२९३७२ | ० | ० | २२९३७२ |
| पदाधीकारी कल्याण कोष | | २०००००० | ० | ० | २०००००० |
| कर्मचारी कल्याण कोष ग-५-१ | | ३९४३४८८.६४ | ० | ० | ३९४३४८८.६४ |
| कर्मचारी कल्याण कोष ग-२-६ | | ५४२२९७.८६ | ६००४०६९ | ० | ६५४६३६६.५ |
| विरामी उद्दार तथा राहात कोष | | १३८९३ | ० | ० | १३८९३ |
| कृषि उपकरण साझेदारी कार्यक्रम | | ११७७७५ | ४३०७१३ | १५००० | ५३३४८८ |
| प्रदेश तथा स्थानीय सरकार सहयोग कार्यक्रम गत | | १५०८२९.१२ | ० | ० | १५०८२९.१२ |
| प्रदेश तथा स्थानीय सरकार सहयोग कार्यक्रम यस आ व | | ० | ३००८९५ | ० | ३००८९५ |
| शिक्षक कल्याण कोष | | ५००००० | ० | ० | ५००००० |
| नेपाल टेलीकम सामान ढुवानी साझेदारी | | ० | २४९८४५२ | २२१७६३५ | २८०८१७ |
| अपाङ्गता रोकथाम तथा पुन्र स्थापना कार्यक्रम | | ० | ५०७०१४२ | १५९२९४४ | ३४७७१९८ |
| ममर्त सम्भार कोष | | ० | ५०००००० | २१९७५७२ | २८०२४२८ |
| नागरीक स्वास्थ्य उपचार सहायता कार्यक्रम | | ० | ७५००००० | ७५००००० | ० |
| थामे आधारभूत विधालय निर्माण कार्यक्रम | | ० | ३५००००० | ० | ३५००००० |
| सडक वोर्ड नेपाल | | २८९०२२ | ० | ० | २८९०२२ |
| जिविकोपार्जन पुनरुस्थानका लागि दिगो पर्यटन | | ० | ४५०००० | ४५०००० | ० |
| विपद व्यवस्थापन कोष | | ० | ९४८०१९९३ | ४९७९४५१४.९२ | ४५००७४७८.१२ |
| लैङ्गिक हिंसा निवारण कोष | | ५०००० | ० | ० | ५०००० |
| आकस्मीक हवाण उद्दार कोष | | ० | ५०००००० | ३६९८३९९ | १३०१६०१ |
| जम्मा रु | | **७८३६६७७.६२** | **१३०५५६२६३.६८** | **६७४६६०६४.९२** | **७०९२६८७६.३८** |

## ३८ अनुगमन, मूल्यांकन र भ्रमण खर्च परीक्षण

भ्रमण अभिलेख एवं प्रतिबेदनः भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले अनुसूची–६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने उल्लेख छ । कार्यालयले विभिन्न पदाधिकारी तथा कर्मचारीले विभिन्न स्थानमा अनुगमन तथा भ्रमण गरेको भनी अनुगमन तथा मूल्याकंनमा रु ७,४०,३३६.। र भ्रमण खर्च रु ४९,९०,९३३। लेखेकोमा भ्रमण अभिलेख व्यवस्थित राखेको छैन । नियमाबलीमा उल्लेख भए बमोजिम भ्रमण अभिलेख तथा

भ्रमण प्रतिबेदन राखेर मात्र भ्रमण खर्च लेख्ने र एकैदिन जान आउन सकिने स्थानमा बास बस्ने गरी काज खटाउने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

३९ **बजेट पेश, पारित र अख्तियारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उपाध्यक्ष श्री टासी ल्हमु शेर्पाले मिति २०८१।३। १० मा रु. ७५ करोड ४५ लाख को बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट सोहि दिन रु. ७५ करोड ४५ लाख पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८१।३।३१ मा प्रमुख प्रशासकीय अधिकृतलाई रु.७५ करोड ४५ लाख को बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ। ऐनले तोकेको समयभित्रै प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्दछ।

**बजेट सीमा निर्धारण समिति**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय,राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको गठनको व्यवस्था छ।उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कुल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्नेजस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्ष पछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेता पनि ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी वजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालना गरेको पाइएन ।ऐनमा भएको व्यावस्थाको पालना गर्नेतर्फ पदाधिकारीहरुको ध्यान जानुपर्दछ ।

**बजेट तथा कार्यक्रम तर्जुमा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) बमोजिम गठन हुने बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता जनाएतापनि उक्त वैठकको माइन्युट माग गरिएकोमा माईन्युट लेखापरीक्षणमा पेश भएन । जसवाट वजेट तथा तर्जुमा समितिले कानुन वमोजिम कार्यक्रमको प्राथमिकिकरण विषयगत कार्यक्रम लगायतका विषयमा परीक्षण गर्न सकिएन आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता गर्नेगरी वजेट तर्जुमा गर्नुपर्नेमा सो व्यवस्थाको पालना गरे नगरेको सम्वन्धमा एकिन गर्न सकिएन । पालिकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

४० **राजस्व सुधार कार्ययोजना**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गाउँपालिका तथा नगरपालिकको राजस्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धी दिग्दर्शन,२०७६ तयार गरेको छ । प्रत्येक पालिकाले उक्त दिग्दर्शनलाई आधार लिई पालिकाको आन्तरिक राजस्व सुधार गरी आन्तरिक आय बृद्धिका लागि राजस्व सुधार कार्ययोजना बनाई लागु गर्नुपर्नेमा यस पालिकाले कार्ययोजना तर्जुमा गरेको छ सो अनुरुप राजस्व सुधार कार्ययोजना कार्यान्वियन गर्नुपर्दछ ।

४१ **व्यावसाय कर**

पालिकाको आर्थिक ऐन, २०८० दफा २ मा गाउपालिका क्षेत्र भित्र व्यापार, व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोवारको आधारमा व्यवसाय कर लगाईने र असुल गरिने उल्लेख छ । तर यो वर्ष पालिकाले व्यवसाय कर संकलन तथा असुल गरेको छैन । पालिका क्षेत्र भित्र होटल, रेष्टुरेण्ट, कपडा पसल, जुत्ता चप्पल जस्ता व्यवसाय सञ्चालनमा रहेतापनि तिनीहरूबाट व्यवसाय कर प्राप्त नगरेकोले पारित आर्थिक ऐनको पालना गरी व्यावसाय कर उठाउनु पर्दछ ।

## ४२ कर तथा शुल्क असुली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ ।पालिकाको आर्थिक ऐन २०८१ को अनुसूचि १ अनुसार गाउँपालिकाले आफ्नो क्षेत्रभित्र निम्न दरमा सम्पत्ति कर लगाउने उल्लेख छ ।

| सम्पत्तिको मूल्याङ्कन | करको दर (रु) |
|---|---|
| एक रुपैयाँदेखि तीन लाख रुपैयाँसम्म | २० |
| तिनलाखएकरुपैयाँदेखि दशलाखरुपैयाँसम्म | १०० |
| दश लाख एक रुपैयाँदेखि बिस लाख रुपैयाँसम्म | २५० |
| बिस लाख एक रुपैयाँदेखि पचास लाख रुपैयाँसम्म | ६०० |
| पचास लाख एक रुपैयाँदेखि एक करोड रुपैयाँसम्म | २,००० |
| एक करोड एक रुपैयाँदेखि दुई करोड रुपैयाँसम्म | ५,००० |
| दुई करोड एक रुपैयाँदेखि तीन करोड रुपैयाँसम्म | ९,००० |
| तीन करोड एक रुपैयाँदेखि चार करोड रुपैयाँसम्म | १५,००० |
| चार करोड एक रुपैयाँदेखि पाँच करोड रुपैयाँसम्म | २२,००० |
| पाँच करोड एक रुपैयाँदेखि दश करोड रुपैयाँसम्म | प्रति लाख रु १०० का दरले थप |
| दश करोड एक रुपैयाँ र सो भन्दा माथि | प्रति लाख रु २०० का दरले थप |

यस आर्थिक बर्षमा पालिकाले एकीकृत सम्पत्ति कर र घरजग्गा कर अनुमान रु ९४५५००० गरी १२,५ प्रतिशत अशुली रु ११८२१२६।५ गरेकोछ ।अनुमानको ८७,४९ प्रतिशत न्युन एकीकृत सम्पत्ति कर र घरजग्गा कर अशुल गरेकोछ । तसर्थ पालिकाले क्षेत्र भित्र रहेका एकीकृत सम्पत्ति र घरजग्गाको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | ९४५५००० | ११८२१२६।५ | १२,५ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनुपर्दछ ।

## ४३ सहकारी नियमन

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ।पालिकाको कार्यक्षेत्र अन्तर्गत कुनै सहकारी नभएको मैखिक जानकारी प्राप्त भएको छ र सहकारिको नियमन कार्यको लागी कुनै कर्मचारिलाइ जिम्मेवारी तोकेको पाइएन ।

पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट कुनै सहकारीले विवरण दाखिला गरेको पाइएन। । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

४४ **आन्तरिक लेखापरीक्षण र लेखाप्रणाली**

स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३४ मा स्थानीय तहले लेखा तथा आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा आन्तरिक लेखापरीक्षण गर्नु गराउनु पर्ने, आन्तरिक लेखापरीक्षण प्रतिवेदनका उल्लेख भए बमोजिम सुधार भए नभएको परीक्षण गर्न तथा आवस्यक कारवाही गर्न लेखापरीक्षण समिति गठन गर्नुपर्ने र आन्तरिक लेखापरीक्षकले प्रस्तुत गरेको प्रतिवेदन र सो उपर भएको कार्वाहीको विवरण सहित पालिका प्रमुख समक्ष प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था छ । यस पालिकाले यो वर्षको खर्च तथा आम्दानीका कारोबारको आन्तरिक लेखापरीक्षण गराएको देखिएन । कार्यालयमा आन्तरिक लेखापरीक्षकको दरबन्दी भएपनि पदपूर्ति भएको देखिएन। पालिकाले आन्तरिक लेखापरीक्षकको दरबन्दी अनुसार पदपूर्ति गरी कानुनमा तोकिए बमोजिम सम्पूर्ण आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

४५ **दिगो विकास लक्ष्यहरुको स्थानीयकरण**

संयुक्त राष्ट्रसंघद्वारा गठित वातावरण र विकास सम्बन्धि विश्व आयोग ब्रुटल्याण्ड कमिसनद्वारा सन् १९८७ मा प्राकृतिक स्रोत साधन, वातावरण, जनसंख्या र विकास गतिविधिहरूको उचित एवं सन्तुलित तालमेलका लागि ल्याएको हाम्रो साझा भविष्य नामक अवधारणा बमोजिम संयुक्त राष्ट्र संघका सदस्य राष्ट्रहरूले संयुक्त रुपमा अङ्गिकार गरी सन् २०१६ बाट कार्यान्वयनमा ल्याइएको आवधिक विकासका साझा मार्ग चित्रलाई दिगो विकास नाम दिइएको छ । यस अन्तर्गत तय भएका लक्ष्यहरू प्राप्तिका लागि नेपालका तिनै तहका सरकार समान रुपले जिम्मेवार छन् । यस पालिकाले तयार गरेको आवधिक विकास योजना समेत दिगो विकास लक्ष्य प्राप्तिका लागि प्रतिबद्धता जाहेर गरेको छ। पालिकाको वार्षिक बजेट र संचालन गरिने कृयाकलापहरूलाई दिगो विकास लक्ष्य प्राप्ति तर्फ केन्द्रित गर्नका लागि यसका सूचकहरूलाई स्थानीयकरण गर्न अपरिहार्य हुन्छ। दिगो विकासका लक्ष्यहरू आन्तरिकीकरण नगरी योजना तर्जुमा गर्दा दिगो विकासका लक्ष्यहरूमा योगदान पुग्ने कार्यक्रमहरू तर्जुमा हुन नसक्ने जोखिम रहने भएकोले पालिकाले दिगो विकासका लक्ष्यहरूको आन्तरिकीकरण गरी दिगो विकासका मध्यमकालिन लक्ष्य निर्धारण गर्ने र सो बमोजिम भएको प्रगतिको मूल्याङ्कन गर्नुपर्दछ ।

**कार्यक्रमको प्रभावकारिता मूल्याङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय योजना कार्यक्रमका रकम खर्च गर्दा कानुन, मापदणड, कार्यबविधि बनाइ सोही अनुसार खर्च गर्नुपर्ने व्यवस्था छ। खर्च गरिएको रकमको सदुपयोग भए नभएको यकिन गर्ने अनुदान उपलब्ध गर्ने निकायले समय समयमा अनुगमन नियमन र प्रतिवेदन जस्ता कार्य गर्नुपर्दछ । तसर्थ अनुगमन कार्यलाइ प्रभावकारी बनाइ संघीय, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरो नहुने गरी अनुदानग्रहीको जीवनस्तरमा सुधार आए नआएको यकिन गरी रकमको पुर्ण सदुपयोग गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

४६ **पुँजीगत खर्चको अवस्था**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ अनुसार सार्वजनिक निकायले कुनै खरिद गर्नुपर्दा भएसम्म खुल्ला रूपमा बोलपत्र माग गरी खरिद गर्नुपर्नेमा यो वर्ष बिभिन्न शिर्षकबाट रु १८४१२३८६३।खर्च गरेकोमा रु ११८९५७११५।अर्थात् ६५ प्रतिशत मात्र बोलपत्रबाट खरिद गरेको छ। कुल खरिद मध्ये सिलबन्दी दरभाउपत्रबाट रु १०३९५८७७। र उपभोक्ता समितिबाट रु ५४७७०८७१। को खरिद गरेको छ। सोझै, अमानत तथा उपभोक्ता समितिबाट खरिद गर्दा प्रतिस्पर्धा नहुने हुँदा सार्वजनिक खरिदलाई प्रतिस्पर्धी एवं मितव्ययी हुने गरी खरिद गर्ने व्यवस्था मिलाउनु पर्दछ।

| क्र.सं. | उपशीर्षककोनाम | खर्चशीर्षकनम्बर | खरिदविधि | संख्या | खर्चरकम |
|---|---|---|---|---|---|
| खुलाबोलपत्र | | | | | |
| १ | पाङबोचे खानेपानी आयोजना | ३११५६ | खुलाबोलपत्र | १ | ६७९४८९८ |
| २. | खुम्जुङ एक घर एक धारा निर्माण | ३११५६ | खुलाबोलपत्र | १ | २६५६६०८ |
| ३. | स्योमारे खानेपानी निर्माण कार्य | ३११५६ | खुलाबोलपत्र | १ | २९३३२४४ |
| ४. | दिङबोचे खानेपानी निर्माण सम्पन्न | ३११५६ | खुलाबोलपत्र | १ | ३५९७६५४ |
| ५. | पैया छेउबास पाखेपानी खानेपानी योजना निर्माण | ३११५६ | खुलाबोलपत्र | १ | २३७३३९५ |
| ६. | डिम्दोर्जी शेर्पा पर्यटन सडक सत्रउन्नति | ३११५१ | खुलाबोलपत्र | १ | २६२७९२६ |
| ७. | खुम्जुङ गुम्बाको गुरुदेव चेम्बुक निर्माण गर्ने कार्य | | खुलाबोलपत्र | १ | २२४६५७७ |
| ८. | गोरक्सेप खानेपानी व्यवस्थापन | ३११५६ | खुलाबोलपत्र | १ | २७१५७५३ |
| ९. | खरिखोला खानेपानी निर्माण | ३११५६ | खुलाबोलपत्र | १ | ३९३५८६० |
| १०. | पाङबोचे, सोमारे, दिङबोचे, फेरीचे, लबुचे र छुकुम क्षेत्रमा विद्युत वितरण लाइन निर्माण कार्य | ३११५३ | खुलाबोलपत्र | १ | ४३०८६५६ |
| ११. | खुम्जुङ मा.वि. शिक्षक क्वाटर निर्माण | ३१३१३ | खुलाबोलपत्र | १ | १६९७७४६ |
| १२. | ग्याबिन बक्स खरिद तथा ढुवानी | ३११५३ | खुलाबोलपत्र | १ | ८५८४६१० |
| १३. | ठुलो गुमेलामा फायर फाइटीङ प्रणाली जडानका लागि सामाग्री खरिद | ३११५९ | खुलाबोलपत्र | १ | २३०४६२३ |
| १४. | गाउँपालिका भित्र रहेका झोलुङ्गे पुलको बृहत मर्मत | ३११५६ | खुलाबोलपत्र | १ | १३६२९८४ |
| १५. | ब्याकहो लोडर खरिद | ३११२२ | खुलाबोलपत्र | १ | ४९२०२९५ |
| १६. | खुम्जुङ खुन्दे ढल निर्माण क्रमागत | ३११५६ | खुलाबोलपत्र | १ | ७४९४४५५ |
| १७. | डिम्दोर्जी शेर्पा पर्यटन सडक क्रमागत | ३११५२ | खुलाबोलपत्र | १ | ३२४००७४० |
| १८. | थुक्ला खोला झो पु क्रमागत | ३११५१ | खुलाबोलपत्र | १ | १५००१०९१ |
| १९. | सवारी साधन खरीद जीप | ३११२१ | खुलाबोलपत्र | १ | ८५००००० |
| २०. | लुक्ला स्कुल फर्निचर निर्माण | | सिलबन्दीदरभाउपत्र | | २५००००० |
| सिलबन्दीदरभाउपत्र | | | | | |
| १. | सुर्के बस्ती भित्रको सडक ट्र्याक ओपन | ३११५१ | सिलबन्दीदरभाउपत्र | | ६२४५५६ |
| २. | च्यादिङ टोल सडकको ट्र्याक ओपन | ३११५१ | सिलबन्दीदरभाउपत्र | | १२०८५५९ |
| ३. | वडा न ४ वडा कार्यालय विधुत निर्माण | ३११५९ | सिलबन्दीदरभाउपत्र | | ४७२९७८ |
| ४. | वडा न ४ वडा कार्यालयमा सेनीटरी तथा इलेक्ट्रोनिक कार्य सम्पन्न गर्न | ३१११३ | सिलबन्दीदरभाउपत्र | | १९९८८८८ |
| ५. | चिसिबुक ट्रष पुल निर्माण वडा नं २ | ३११५१ | सिलबन्दीदरभाउपत्र | | ९१२१४२ |
| ६. | शेर्पा सामुदायिक भवनदेखि चिहानडाँडा जाने सडकको ट्र्याक ओपन निरन्तरता | ३११५१ | सिलबन्दीदरभाउपत्र | | २८६८९७ |

| | | | | | |
|---|---|---|---|---|---|
| ७. | छेउबास मेलाङ शाखा सडक विस्तार | ३११५१ | सिलबन्दीदरभाउपत्र | | ३८३१५५ |
| ८. | वडा नं. ३ भित्र Street Light जडान वडा नं ३ | ३११५३ | सिलबन्दीदरभाउपत्र | | ४८३०३९ |
| ९. | लुक्ला आ वि ढल व्यवस्थापनका लागि पाइप खरीद | ३११५४ | सिलबन्दीदरभाउपत्र | | ४८४५४४ |
| १०. | मुसे खानेपानी मर्मत तथा सामग्री खरिद वडा नं २ | ३११५६ | सिलबन्दीदरभाउपत्र | | ३८२४९५ |
| ११. | दीङवोचे खानेपानी पाइप तथा सार्वजानिक धारा निर्माण | ३११५६ | सिलबन्दीदरभाउपत्र | | ८८३९५९ |
| १२ | तातेखानेपानीतथाट्याङ्कीनिर्माण | ३११५६ | सिलबन्दीदरभाउपत्र | | ९२७६४२ |
| १३. | च्योङ्गाखानेपानीनिर्माणवडानं२ | ३११५६ | सिलबन्दीदरभाउपत्र | | ६४८४६१ |
| १४. | जोरसल्लेमापोष्टनिर्माण | ३११५९ | सिलबन्दीदरभाउपत्र | | ६९८५६२ |
| १५. | | | उपभोक्तासमितिवालाभग्राहीसमुदाय | | ५४७७०८७१ |
| १६. | | | गैरसरकारीसंस्था | ० | २७७८५१० |

## ४७ त्रुटि सच्याउने अवधिको अभिलेख

सार्वजनिक खरिद नियमावलीको नियम १२५ (१) मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको ३० दिन भित्र सम्बन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको (एज बिल्ट) नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ। त्यस्तै सोही नियमको उपनियम २ मा त्रुटी सच्चाउने दायित्व अवधि समाप्त भएपछि ड्रइङ डिजाइन र स्पेशिफिकेशन वमोजिम भए नभएको जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ। नियममा भएको उक्त प्रावधानको प्रभावकारी रुपले कार्यान्वियन गर्न र गुणस्तरीय निर्माण कार्यमा सघाउ पुर्याउनको लागि निर्माण सम्पन्न भई डि.एल.पी मा रहेका ठेक्काको अभिलेख राखी नियममा उल्लेख भए अनुसार प्राविधिक कर्मचारीबाट जाँचबुझ गराउनुपर्नेमा डि.एल.पीमा रहेका ठेक्काको अभिलेख तयार गरेको देखिएन। यस्तो अवस्थामा डि.एल.पि समाप्त भएका ठेक्काको प्राविधिक कर्मचारी खटाई नियममा भएको प्रावधान अनुसार जाँचवुझ गराई कार्यसम्पन्न प्रतिवेदन तयार भए नभएको, ठेक्का स्वीकृत गर्ने पदाधिकारी र कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने एउटै पदाधिकारी भएको अवस्थामा एक तह माथिको अधिकारी समक्ष कार्य सम्पन्न प्रतिवेदन पेश गरे नगरेको सम्वन्धमा एकिन गर्न सकिएन। अतः नियमावलीमा भएको व्यवस्था वमोजिम त्रुटि सच्याउने अवधिका ठेक्काहरुको अभिलेख तयार गरी कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने गराउने, त्रुटि भएका ठेक्काहरुको त्रुटि सच्याउने लगायतका कार्यहरु गर्ने गराउने तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ।

## ४८ पेश्की विवरण

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको गत बिगत बर्ष समेतको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्र्यौट नभई रु १,७३,३१,०१५। बाँकी रहेको देखिन्छ। सो मध्ये यस आर्थिक बर्षको म्याद ननाघेको पेश्की रकम नियमानुसार फस्र्यौट गर्नुपर्दछ।

(सम्बन्धित आयोजनामा लगती कायम गरीएको)

| क्र.सं. | पेश्की लिएको मिति | गो. भौ. न. | पेश्कीको विवरण | पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम | फछ्र्यौटको अन्तिम म्याद | म्याद ननाघेको |
|---|---|---|---|---|---|---|
| १ | १२/१२/२०८१ | १११ | पाङवोचे सोमारेदिङवोचे फेरीचे लवुचे छुकुम क्षेत्रमा विधूत वितरण लाइन निर्माण | कोजुइन्जिनियरिङ्ग एण्ड बिल्डर्स प्रा.लि. | ०५।२९। २०८२ | ३९,९४,०००.०० |

## ४९ संगठन तथा कर्मचारी व्यवस्थापन

स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन,२०८० को दफा ६ मा स्थानीय तहमा स्थानीय सरकारी सेवाको संगठन संरचना वा दरबन्दी सृजना गर्न तथा त्यस्तो संगठन संरचना वा दरबन्दीमा पुनरावलोकन वा हेरफेर गर्न सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा सिफारिस समिति गठन गरी संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्नुपर्ने, संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्दा संगठनको दरबन्दी सृजना, पुनरावलोकन वा हेरफेर गर्नु पर्ने देखिएमा तोकिएको आधार तथा कारण खुलाई सो समितिले गाउँ कार्यपालिकामा प्रतिवेदन पेश गर्नु पर्ने र गाउँ कार्यपालिकाको सिफारिसमा गाउँ सभाले दरबन्दीको आवश्यकता र औचित्य समेतको आधारमा त्यस्तो सङ्गठन संरचना वा दरबन्दीको प्रस्ताव स्वीकृत गर्ने र दफा ७ मा दफा ६ बमोजिम सङ्गठन संरचना र दरबन्दी स्वीकृत भएको मितिले तीन महिनाभित्र स्थानीय सरकारी सेवाको पदहरुको सेवा, समूह, उपसमूह तथा तह समेत खुल्ने गरी प्रदेश किताबखानामा त्यस्तो पद दर्ता गराउनुपर्ने उल्लेख छ। पालिकाको गाउँसभाबाट २०८१।३।१७ मा स्वीकृत भएको संशोधित संगठन तथा व्यवस्थापन सर्भेक्षण ,२०८१ मिति २०८१।१।१६ मा मुख्यमन्त्री तथा मन्त्रीपरीषदको कार्यालयमा पठाएकोमा हालसम्म पनि पद दर्ता भई नआएको पाइएको छ। स्वीकृत भएको संगठन तथा व्यवस्थापन सर्भेक्षण, २०८१ अनुसार गाउँपालिकामा ४५, वडा कार्यालयहरुमा १५, स्वास्थ्य चौकीहरुमा १५ तथा आधारभूत अस्पतालतर्फ २२ जना गरी कुल ९७ जनाको दरवन्दी गाउँसभाबाट स्वीकृत भएको पाइयो। स्वीकृत दरवन्दीमध्ये गाउँपालिकातर्फ प्रमुख प्रशासकीय अधिकृत सहित ४५ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म ईन्जिनियर १, शिक्षा अधिकृत १, सूचना प्रविधि अधिकृत १, वातावरण निरीक्षक १, आन्तरिक लेखापरीक्षक १, लेखापाल १, सहायक पाँचौं ३ लगायतका पदहरु रिक्त रहेको देखिन्छ। स्वीकृत दरवन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ।

५० **सेवा प्रवाह**

पालिकाको मुख्य उद्देश्य हाँसिल गर्न सेवाग्राहीलाई सरल, सहज र समयमै प्रभावकारी सेवा उपलव्ध गराउनु कार्यालयको प्रमुख दायित्व हो । पालिकाले यस बर्ष आर्थिक, सामाजिक र पूर्वाधार विकासका अतिरिक्त नियमित सेवा तर्फ देहाय वमोजिमको सेवा प्रवाह गरेको छ । पालिकाबाट प्रवाह हुने सेवालाई अझै सरल, सहज, मितव्ययी, गुणस्तरिय एवं प्रभावकारी वनाउने तर्फ ध्यान दिनु पर्दछ ।

| क्र.सं. | विवरण | सेवा प्राप्तिका लागि निवेदन संख्या | सिफारिस संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | नागरिकता सिफारिस | ९१ | ९१ | |
| २ | घरबाटो सिफारिस | ८४ | ८४ | |
| ३ | नाता प्रमाणित | १२४ | १२४ | |
| ४ | जन्म, मृत्यु दर्ता | २४० | २४० | |
| ५ | अन्य विविध | ५५७ | ५५७ | |

५१ **खरिद अभिलेख**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १४९ (१) मा सार्वजिनक निकायले हरेक खरिद कारबाहीको निम्ति छुट्टै फाईल खडा गरी उपनियम २ ले तोके बमोजिमका कागजातहरु सहित अद्यावधिक अभिलेख राख्नु पर्ने र उपनियम ३ मा यस्तो अभिलेख खरिद कारबाही टुङ्गो लागेको सात वर्ष सुरक्षित राख्नु पर्ने व्यवस्था छ। कार्यालयले बोलपत्र र सिलबन्दी दरभाउपत्रबाट भएका खरिद कारवाहीका लागी फाईल खडा गरेको भएता पनि खरिद नियमावलीले तोके बमोजिमका सबै कागजातहरु सिलसिलेबार मिलाएर उक्त फाईलमा राखेको देखिएन। साथै ठेक्का सम्बन्धी गोश्वरा लगत (म.ले.प.फा.नं.५०७) समेत अद्यावधिक गरी राखेको पाइएन। जसले गर्दा खरिद कारबाही, ठेक्का व्यवस्थापन र सम्झौता कार्यान्वयन सम्बन्धी कारोबारको पारदर्शिता र प्रभावकारीताको खरिद कारवाहीको अद्यावधिक अभिलेख राखी खरिद कारवाहीलाई प्रभावकारी बनाउने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

५२ **विविध खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार खर्चको पुष्ट्याई हुने प्रमाण, कागजात संलग्न गरेर मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ ।पालिकाले यो वर्ष विविध खर्च वापत रु ३४,९०,०००। खर्च गरेको छ । उक्त खर्च पालिकाको कुल आन्तरिक आय रु २२६०२०६६५ को तुलनामा १.५४ प्रतिशत रहेको देखिन्छ । यस्तो खर्च खाना खाजा लगायतमा

खर्च हुने गरेको देखिन्छ । गाउँसभाले पालिकाबाट सञ्चालन हुने कार्यक्रमको सन्दर्भमा कार्यक्रममा सहभागी हुनेलाई खाना र खाजाको दर तोकेको भएतापनि अन्य अवस्थामा त्यस्तो खर्च कसरी गर्ने वा नगर्ने सम्बन्धी कुनै निर्णय भएको देखिएन ।कानूनी रुपमा मापदण्ड तोकेर मितव्ययी रुपमा खर्च गर्न सकिने भएतापनि पालिकाले यस्तो खर्चमा कुनै मापदण्ड बिकास नगरेको, बिल बिजक भौचर साथ राख्ने गरेतापनि प्रयोजन र औचित्यता तथा आधार पुष्टी गर्ने नगरेको जस्ता कमजोरीहरु देखिएका छन । विविध खर्चको उद्देश्य र खर्चको यथार्थता प्रमाणित नहुने गरी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

५३ **चौरीखर्कदेखि छेप्लुङ जाने बाटो स्तरोन्नती**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-११** को निर्णयले रू **४३,५६३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५४ **नापी फरक पारी बढी भुक्तानी**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१५** को निर्णयले रू **१७७,६३२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५५ **ङिमदोर्जी शेर्पा पर्यटन सडक स्तरोन्नति**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-११** को निर्णयले रू **४१,००२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

५६ **घाट पर्यटकीय पदमार्ग निर्माण**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **७९०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

५७ **पाङ्वोचे खानेपानी निर्माण**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३(१)(ख) बमोजिम सार्वजनिक निकायले खरिद सम्झौता बमोजिम रनिङ बिल वा अन्य कुनै बिल बीजकको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस आयोजना निर्माण सम्पन्न पश्चात नापी गरेको नापी किताब बमोजिम वाटर मिटर १२२ वटा रु.१६९०।०० को दरले रु.२०६१८०।०० र पाइप पिइ १०० को २४५० मिटर रु.५० को दरले रु.१२२५००।०० गरी रु.३२८६८०।०० श्री खुम्बीला कन्स्ट्रक्सनलाई भुक्तानी गरेको छ।तर उक्त वाटर मिटर र पाइप कुन कुन ग्राहकलाई वितरण गरी जडान गरेको सोको खुलासा गरेको छैन। तसर्थ उक्त सामाग्री वितरण गरेको भरपाई र जडान भएको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,२८,६८० |

५८ **कार्यसम्पादन जमानत**

सार्वजनिक खरिद ऐन २०६३, को दफा २७ तथा नियमावली २०६४,को नियम ११० मा भएको व्यवस्था अनुसार कार्यलयले ठेक्का सम्झौता रकमको निश्चित रकमको तोकिएको अवधिको कार्य सम्पादन जमानत पेश गर्नु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष देहाय वमोजिमका निर्माण कार्यहरु सम्झौताका बखत पूर्वानुमान गर्न सकिने आइटमहरुमा समेत भेरिएसन गरी निर्माण कार्यको संझौता रकम बढाएकोमा नयाँ सम्झौता रकम कायम गर्दा थप कार्समम्पादन जमानत लिएको नदेखिएकोले उक्त थप संझौता रकमको ५ प्रतिशतले हुने रकमको कार्य सम्पादन जमानत थप गरेर मात्र निर्माण गर्ने गराउने तर्फ पालिकाको ध्यान जानु पर्दछ ।

| व्यावसायीको नाम | काम | संझौता रकम रु. | भेरिएसन रकम रु. |
|---|---|---|---|
| डि.सि. कन्स्ट्रक्सन | वडा न ४ को वडा कार्यालय | १,०९,९५,८८९ | ११,०८,३०५ |

५९ **थुक्ला खोला झोलुङ्गे पुल निर्माण**

५९.१

५९.२ ( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **३५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

५९.३ ( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **५००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

६० **वडा नम्बर ४ को वडा कार्यालय निर्माण**

६०.१

६०.२ ( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१२** को निर्णयले रू **१४५,९६३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

६१ **ङिम्दोर्जी शेर्पा पर्यटन सडक निर्माण (ठेक्का नं. 01/Works/NCB/KPLRM/Road/2078/79)**

स्वीकृत लागत अनुमान रु.१६८५५६७३९।७८ (कन्टिन्जेन्सी वाहेक) रहेको थामडाँडा-पैया-सुर्के सडकखण्डको ट्र्याक खोल्ने कार्य २०८० असोज १६ (सम्झौता मितिले १८ महिना) सम्म सम्पन्न गर्ने गरी निर्माण व्यवसायी बिरुवा एडी जे. भी. सँग मिति २०७८।१२।२१ मा रु.१०,५२,३७,७३४।२२ बरावरको ठेक्का सम्झौता भएको पाइयो। भेरिएसन सहित कूल मूल्यांकन रु.११४२६५९६९।०० भई निर्माण कार्य सम्पन्न भएको छ। यस ठेक्का सम्झौताको सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन

**कार्यसम्पादन जमानतः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० (४) मा खरिद सम्झौतामा अन्यथा भएकोमा बाहेक कार्यसम्पादन जमानतको अवधि निर्माण कार्यको त्रुटी सच्याउने दायित्वको अवधिभन्दा कम्तीमा एक महिना बढी अवधिको हुनुपर्ने व्यवस्था छ। म्याद थप गरी ठेक्काको अन्तिम म्याद २०८१।१२।३१ सम्म रहेको यस ठेक्काको लागि निर्माण व्यवसायीले पेश गरेको कृषि बिबास बैंकद्वारा जारी रु.२६८१५४४४।०० बरावरको कार्यसम्पादन जमानतको म्याद ३ अक्टोबर, २०२४ अर्थात २०८१ कार्तिक ३ गते सम्म मात्र रही कार्यसम्पादन जमानतको म्याद समाप्त भएको पाइयो भने ठेक्काको अन्तिम म्याद तथा त्यसमा १३ महिना थप गर्दा २०८३।१।३१ सम्म मान्य अवधि भएको कार्यसम्पादन जमानत पेश गर्नुपर्ने देखिन्छ। अतः त्रुटी सच्याउने अवधि बाँकी नै

रहेको यस निर्माण कार्यको मिति २०८३।१।३१ सम्म मान्य अवधि भएको रु.२६८१५४४४।०० बरावरको कार्यसम्पादन जमानत पेश हुनुपर्दछ।

६२ **खुम्जुङ खुम्दे ढल निर्माण**

६२.१

६२.२ ( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१५** को निर्णयले रू **१,५६१,२९०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

६३ **नगरेको कामको भुक्तानी**

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-१२** को निर्णयले रू **१९,२०७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-११** को निर्णयले रू **२७,६८५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-१२** को निर्णयले रू **४२,१२२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

६४ **हिमालयन बुद्धपार्क निर्माण**

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **५३२,२५२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

६५ **कोङमला पासमा बाटो निर्माण**

२६४,२०८२।०३।१९ सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३(१)(ख) बमोजिम सार्वजनिक निकायले खरिद सम्झौता बमोजिम रनिङ बिल वा अन्य कुनै बिल बीजकको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ।पालिकाले कोङमला पासमा बाटो निर्माण वडा न.४ को कुल रु.९७२८१६।०० भुक्तानी गरेकोमा सोको नापि किताबमा २९५ मिटर लम्बाई,१.५० मिटर चौडाई र ०.२ मिटर उचाईमा खन्ने कार्य भएको र उक्त कार्य पश्चात १८० मिटर लम्बाई १.५० मिटर चौडाइ र ०.२० मिटर उचाईमा सोलिङ्ग कार्य भएको र ११५ मिटर लम्बाई ०.४५ मिटर चौडाई र ०.९ मिटर उचाइमा ढुङ्गाको सुख्खा गारो लगाएको उल्लेख गरेको छ। जम्मा खन्ने कार्य भएको १.५ मिटर चौडाइमा जगदेखि उठाइएको ढुङ्गाको गारोको चौडाई ०.४५ मिटर घटाई बाँकी रहेको १.०५ मिटर चौडाईमा मात्र सोलिङ्ग कार्यको भुक्तानी गर्नुपर्नेमा १.५० नै मिटर चौडाइ कायम गरी सोहि बमोजिम नापि गर्दा १८० मिटर लम्बाई ०.४५ मिटर चौडाइ र ०.२० मिटर उचाईले हुन आउने १६.२ घनमिटर सोलिङ्गको प्रति घनमिटर रु.८३४९.३० ले हुने रकम रु.१३५२५८.६६ बढी भुक्तानी भएको देखिन्छ। सोलिङ्गमाथिबाट गारो लगाउन नमिल्ने र गारोको कार्य जगबाट हुने हुँदा दोहोरो नापी भई बढी भुक्तानी भएको रु.१३५२५८.६६ मा उपभोक्ता समितिको लागत साझेदारी १० प्रतिशत कट्टी गरी हुन आउने बाँकी रकम रु.१२१७३३।०० इम्जा भ्याली टोल विकास संस्थाबाट असूल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,२१,७३३ |

६६ **फाइबर तार विछ्याउने कार्य**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-११** को निर्णयले रू **१८५,४३१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

६७ **सुक्खा ढुङ्गाको गारोको दर विश्लेषण**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १० को उपनियम (१) मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा नियम ९ को अधीनमा रही तयार गर्नुपर्ने व्यवस्था रहेको र उपनियम २ मा उक्त लागत अनुमान तयार गर्दा प्रयोग गरिने नर्म्स सम्बन्धी व्यबस्था रहको छ। पालिकाले सञ्चालन गरेका योजनाहरुको लागि आफ्नै छुट्टै नर्म्स नभएकोले यस सम्बन्धमा प्राविधिक शाखासँग छलफल गर्दा सडक तथा भवन विभागको नर्म्स प्रयोग गर्ने गरेको जनाएको छ। सडक विभागले जारी गरेको सुक्खा ढुङ्गाको गारो लगाउने(Dry Stone Masonry) नर्म्स (सि.न.26.1) बमोजिम प्रति घनमिटर दक्ष कामदार ०.८ र अदक्ष कामदार १.६ लाग्ने उल्लेख छ। तर पालिकाले बाटोको कार्यमा भवनको नर्म्स प्रयोग गरी उक्त कार्यको लागि प्रति घनमिटर दक्ष कामदार १ र अदक्ष कामदार २ लाग्ने उल्लेख गरी प्रति घनमिटर ०.६ कार्य दिन बढी उल्लेख गरी प्रति घन मिटर रु.८७६.००(दक्ष कामदारको प्रतिदिन ज्याला रु.१६६० र अदक्ष कामदारको प्रतिदिन ज्याला रु.१३६०) थप भुक्तानी गरेको छ। पालिकाले सडकको कार्यमा सडक विभागले जारी गरेको सडकको नर्म्स र भवन निर्माण तर्फको कार्यमा भवन विभागले जारी गरेको नर्म्स प्रयोग गरी निर्माण कार्यमा मितव्ययिता कायम गर्नुपर्नेमा फरक नर्म्सको प्रयोग गर्दा पालिकालाई निम्नानुसारका योजनामा प्रति घनमिटर रु.८७६।०० को दरले थप व्ययभार परेकोले रु

| सि.न. | गो.भो.न/मिति | आयोजनाको नाम | उपभोक्ता समितिको नाम | गारोको कार्य(घ.मि.) | बढी भुक्तानी/ घ.मी.रु. | जम्मा बढी भुक्तानी रु. | पालिकाले बहोरेको रकम(९० प्रतिशा) रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | ११,२०८२। ०३।१० | हिमालयन बुद्ध पार्क निर्माण | हिमालयन बुद्ध पार्क निर्माण उ.स | ५१५.०९ | ८७६ | ४५१२१९ | ४०६०९७ | संघीय सशर्त पूँजीगत |
| २ | ८,२०८१। ०६।२२ | घाट पर्यटकीय पदमार्ग निर्माण | युल्डिङ टोल विकास संस्था | ८१ | ८७६ | ७०९५६ | ६३८६० | मर्मत संभार कोष(लागत अनुमान) |
| ३ | ७८,२०८२। ०३।१९ | थामे वैकल्पिक गोरेटो बाटो | फाप्क्षामो टोल विकास संस्था | १५३.८६ | ८७६ | १३४७८१ | १२१३०३ | विपद व्यवस्थापन कोष |
| ४ | ७८,२०८२। ०३।१९ | पारे हुङ्गो बाटो निर्माण | क्याजोरी टोल विकास संस्था | २९.५५ | ८७६ | २५८८६ | २३२९७ | विपद व्यवस्थापन कोष |
| ५ | ७८,२०८२। ०३।१९ | ठमोबाट साम्दे जाने बाटो | क्याजोरी टोल विकास संस्था | १७.७८ | ८७६ | १५५७५ | १४०१७ | विपद व्यवस्थापन कोष |
| ६ | ७८,२०८२। ०३।१९ | पाङवोचे देखि सोमारे जाने बाटो | सगरमाथा टोल विकास संस्था | ६.२७ | ८७६ | ५४९२ | ४९४३ | विपद व्यवस्थापन कोष |
| ७ | ८४,२०८२। ०३।२३ | खुम्बु विजुली कम्पनीको संरचना निर्माण | थामे विद्युत उपभोक्ता समिति | १८८.४७ | ८७६ | १६५०९९ | १४८५८९ | विपद व्यवस्थापन कोष |
| ८ | ८६,२०८२। ०३।२३ | थामे पहिरो नियन्त्रण तथा सपोर्ट | थामे पहिरो नियन्त्रण तथा सपोर्ट उ.स. | २७ | ८७६ | २३६५२ | २१२८७ | विपद व्यवस्थापन कोष |
| ९ | १०८,२०८१। १२।०८ | लुक्ला गुम्बाको जग्गा सम्याउने तथा घेराबार | लुक्ला गुम्बा टोल विकास संस्था | ४८.६० | ८७६ | ४२५७४ | ३८३१७ | गाउँपालिका पूँजीगत |
| १० | १९९,२०८२। ०३।०९ | घाटमा बर्खेभेल नियन्त्रण तथा पदमार्ग निर्माण | युल्डिङ टोल विकास संस्था | १४५.६९ | ८७६ | १२७६२४ | ११४८६२ | गाउँपालिका पूँजीगत |
| ११ | १२५,२०८१। १२।२६ | घाटको बाटो निर्माण वडा न.३ | युल्डिङ टोल विकास संस्था | ५४.९० | ८७६ | ४८०९२ | ४३२८३ | गाउँपालिका पूँजीगत |
| १२ | २१०,२०८२। ०३।११ | छेर्मादीङ बाटो निर्माण | छेर्मादीङ बाटो निर्माण उपभोक्ता स. | ३२.८९ | ८७६ | २८८१२ | २५९३१ | गाउँपालिका पूँजीगत |
| १३ | २३४,२०८२। ०३।१७ | फेरीचे जोड्ने पुलको दुवै सडकमा पँहुच मार्ग निर्माण | सगरमाथा टोल विकास संस्था | ५३.८४ | ८७६ | ४७१६४ | ४२४४८ | गाउँपालिका पूँजीगत |
| १४ | २६४,२०८२। ०३।१९ | कोङमला पासमा बाटो निर्माण | इम्जा भ्याली टोल विकास संस्था | ४६.५८ | ८७६ | ४०८०४ | ३६७२४ | गाउँपालिका पूँजीगत |

| | | जम्मा रु. | | | | १२२७७३० | ११०४९५८ | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | अनियमित भएको | ११,०४,९५८ |

६८ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यो वर्ष गाउँपालिकामा कुल २१७ जना वेरोजगार सुचिकृत भएको देखिन्छ। यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ५ वडामा ६ योजना सञ्चालन गरी यस वर्ष ४८ जनालाई औसत १०० दिनले ४८०० दिन रोजगारी उपलव्ध गराई रु.५२,२२,४००.०० श्रमिक ज्याला खर्च गरेको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ। उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिँदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ। यस वर्ष प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालन भएका योजना र सोमा लागेको खर्चको विवरण देहायबमोजिम रहेको छ:

| सि.नं. | योजनाको नाम | कार्य | रोजगारी दिन | श्रमिक | जम्मा खर्च रु. | स्रोत |
|---|---|---|---|---|---|---|
| १ | नाक्चुङ पदमार्ग निर्माण | सोलिङ बाटो र ढुङ्गाको गारो | ९०० | ९ | ९७९२०० | आई डि ए विश्व बैंक |
| २ | नाबुक पदमार्ग निर्माण | सोलिङ बाटो र ढुङ्गाको गारो | ५०० | ५ | ५४४००० | आई डि ए विश्व बैंक |
| ३ | च्याङडोल पदमार्ग निर्माण | सोलिङ बाटो र ढुङ्गाको गारो | ५०० | ५ | ५४४००० | आई डि ए विश्व बैंक |
| ४ | चौरीखर्क छेप्लुङ पदमार्ग निर्माण | सोलिङ बाटो र ढुङ्गाको गारो | ११०० | ११ | ११९६८०० | नेपाल सरकार + आई डि ए विश्व बैंक |
| ५ | फुर्ते पदमार्ग निर्माण | सोलिङ बाटो र ढुङ्गाको गारो जालि भर्ने | ९०० | ९ | ९७९२०० | आई डि ए विश्व बैंक |
| ६ | ठमु पदमार्ग निर्माण | सोलिङ बाटो र ढुङ्गाको गारो | ९०० | ९ | ९७९२०० | आई डि ए विश्व बैंक |
| | **जम्मा** | | **४८००** | **४८** | **५२२२४००** | |

६९ **लागत अनुमान तथा दर बिष्लेषण**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १० को उपनियम (१) मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा नियम ९ को अधीनमा रही तयार गर्नुपर्ने व्यवस्था रहेको र उपनियम २ मा उक्त लागत अनुमान तयार गर्दा प्रयोग गरिने नर्म्स सम्बन्धी व्यबस्था रहको छ। पालिकाले सञ्चालन गरेका योजनाहरुको लागि आफ्नै छुट्टै नर्म्स नभएकोले यस सम्बन्धमा प्राविधिक शाखासँग छलफल गर्दा सडक तथा भवन विभागको नर्म्स प्रयोग गर्ने गरेको जनाएको छ। सडक विभागले जारी गरेको सुक्खा ढुङ्गाको गारो लगाउने(Dry Stone Masonry) नर्म्स (सि.न.26.1) बमोजिम प्रति घनमिटर दक्ष कामदार ०.८ र अदक्ष कामदार १.६ लाग्ने उल्लेख छ। तर पालिकाले बाटोको निर्माण कार्यमा भवन निर्माण तर्फको नर्म्स प्रयोग गरी उक्त कार्यको लागि प्रति घनमिटर दक्ष कामदार १ र अदक्ष कामदार २ लाग्ने उल्लेख गरी प्रति घनमिटर ०.६ कार्य दिन बढी उल्लेख गरी प्रति घन मिटर रु.६५२.८०( प्रधानमन्त्री रोजगार कार्यक्रमको लागि श्रमिकको ज्याला प्रतिदिन रु.१०८८) बढी भुक्तानी गरेको छ।फरक नर्म्सको प्रयोग गर्दा पालिकालाई निम्नानुसारका योजनामा प्रति घनमिटर रु.६५२।८० को दरले थप व्ययभार परेको रु

| सि.नं. | आयोजना/ उपभोक्ता समितिकोनाम | ढुङ्गा गारोको मात्रा (घन मी.) | बढी भुक्तानी प्रति/घ.मि रु. | बढी भुक्तानी रु. |
|---|---|---|---|---|
| १ | नाक्चुङपदमार्ग निर्माण | १०.७८ | ६५२.८० | ७०३७ |
| २ | नाबुकपदमार्ग निर्माण | ३३.७० | ६५२.८० | २१९९९ |
| ३ | च्याङडोलपदमार्ग निर्माण | २९.९७ | ६५२.८० | १९५६४ |
| ४ | चौरीखर्कछेप्लुङ पदमार्ग निर्माण | ६७.२१ | ६५२.८० | ४३८७५ |
| ५ | फुर्तेपदमार्ग निर्माण | १२४.२७ | ६५२.८० | ८११२३ |
| ६ | ठमुपदमार्ग निर्माण | १३१.३५ | ६५२.८० | ८५७४५ |
| | **जम्मा** | **३९७.२८** | | **२५९३४३.००** |

| | |
|---|---|
| अनियमित भएको | २,५९,३४३ |

७० **भौतिक संरचना क्षति नभएका व्यक्तिलाई राहत**

७०.१ पालिकाले जारी गरेको प्रकोप व्यवस्थापन कार्य योजना विनिमय,२०७४ को परिच्छेद ७ मा प्रकोपबाट क्षति भईसकेपछि गाउँपालिकाले गर्ने राहत सम्बन्धी व्यवस्था बमोजिम गाउँपालिका क्षेत्र भित्र उल्लेखित कुनै पनि विपद आईलागेमा र त्यस्तो विपबाट कोही पनि गाउँवासीलाई राहत महशुस गराउन राहतको लागि निवेदन दिएमा तत्काल समस्या समाधानका लागि र व्यक्तिलाई पनि आफ्नो स्थानीय सरकारको उपस्थितिको महसुस हुने गरी विपद घटना र माग गर्ने व्यक्तिको अवस्था हेरी मानवीय र भौतिक संरचनामा सामान्य क्षति भएकोमा अवस्था हेरी रु.१,०००.०० देखि रु.५,०००.०० सम्म, मानवीय वा भौतिक संरचनामध्ये कुनै एकमा विशेष क्षति भएकोमा अवस्था हेरी रु.१०,०००.०० सम्म, मानवीय क्षति विशेष र भौतिक संरचनामा सामान्य क्षति भएकोमा अवस्था हेरी रु.१५,०००.०० सम्म, मानवीय र भौतिक संरचना दुवैमा असामान्य क्षति भएकाको अवस्था हेरी रु.६०,०००.०० सम्म, आंशिक घर क्षति भएमा रु.१,५०,०००.०० सम्म र पूर्ण घर क्षति भएमा रु.३००,०००.०० सम्म गाउँपालिकाको तर्फबाट प्रकोप व्यवस्थापन कोषबाट खर्च हुने गरी राहत सहयोग उपलब्ध गराउन सक्ने व्यवस्था रहेको छ। उक्त व्यवस्था बमोजिम पालिकाले २०८१।४।३२ मा वडा न.५ थामेमा हिमताल विस्फोटन भई गएको बाढीबाट प्रभावित क्षेत्रमा विभिन्न गोश्वरा भौचर र मितिमा विभिन्न व्यक्तिलाई राहत विवरण गरेको छ।उक्त क्षेत्रमा गएको बाढीको विस्तृत क्षति आँकलन(Detail Damage Assessment-DDA) कार्यको लागि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले पठाएको मिति २०८२।२।१४, चलानी न.१७६१ को अन्तिम प्रतिवेदन बमोजिम उक्त क्षेत्रमा ५० घरधुरी रहेकोमा पुनर्स्थापना गर्नुपर्ने ३०,प्रवलिकरण १, सामान्य मर्मत ५, लाभग्राही कायम हुन नसक्ने(घरमा क्षति नभएको) १० र लाभग्राही कायम हुन नसक्ने(लाभग्राहीको अन्यत्र घर भएको र त्यो घर नभत्किएको) ४ उल्लेख गरेको छ। उक्त प्रतिवेदनमा लाभग्राहीको नाम, परिचयपत्र र निस्सा नम्बर सहितको विवरण हेर्दा पालिकाले उक्त प्रतिवेनमा लाभग्राही कायम हुन नसक्ने(घरमा क्षति नभएको) निम्नानुसारका व्यक्तिहरुलाई समेत राहत रकम भुक्तानी गरेको देखिएकोले उक्त रकम भुक्तानी गर्नुको कारण तथा सोको पुष्टाई पेश गर्नुपर्ने रु

| क्र.सं | नाम | पहिलोकिस्ता | दोश्रोकिस्ता | जम्मारु | नागरिकतानं |
|---|---|---|---|---|---|
| १ | आङ पासाङशेर्पा | ५०००० | २५००० | ७५००० | ३२९/३५४ |
| २ | आङ रिकुशेर्पा | ३६०००० | २५००० | ३८५००० | २५८/४९२ |
| ३ | छिरिङ डोमाशेर्पा | ५०००० | २५००० | ७५००० | २४ |
| ४ | थुक्तेनरिक्जिन शेर्पा | १५०००० | २५००० | १७५००० | ४७ |
| ५ | पेम्बाछोती शेर्पा | ५०००० | २५००० | ७५००० | २-१८४-२८२-२१४ |
| ६ | पेमाशेर्पा | ५०००० | २५००० | ७५००० | १५६/१५२१७/२३४ |
| ७ | मिङमातेन्जिङ शेर्पा | ५०००० | २५००० | ७५००० | २१९/४०१ |
| ८ | दावा छोकीशेर्पा | ३६०००० | २५००० | ३८५००० | १८६-४६९ |
| ९ | कामीतेम्बा शेर्पा | ६७४००० | २५००० | ६९९००० | ५११/७५१ |
| | **जम्मा** | **१७९४०००** | **२२५०००** | **२०१९०००** | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २०,१९,००० |

७०.२ विस्तृत क्षति आँकलन प्रतिवेदनमा एक जना आङ फुर्वा शेर्पा नाम रहेको तर भुक्तानीमा सोको परिचय पत्र खुल्ने विवरण पेश नगरेकोले सोको एकिन गर्न नसकिएकोले पालिकाले एकिन गर्नुपर्ने विवरण देहाय बमोजिम रहेको छ

| सि.न. | नाम | पहिलो किस्ता | दोस्रो किस्ता | जम्मा | परिचयपत्र न |
|---|---|---|---|---|---|
| 1 | आङफुर्वा शेर्पा | ५०००० | २५००० | ७५००० | १०३/५७१ |
| 2 | आङ फुर्वाशेर्पा | १५०००० | २५००० | १७५००० | १३१/४३६ |

७१ **पुष्टाई कागजात**

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **२२३,७१९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

७२ **शिक्षक आवास उदघाटन कार्यक्रम**

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१४** को निर्णयले रू **२९,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

७३ **अपाङ्गता रोकथाम तथा पुन:स्थापना कार्यक्रम**

७३.१ **अपाङ्गता अवस्था:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा पालिकाले पालिकामा रहेका अपाङ्गता भएका व्यक्तिको विवरण तयार गर्ने, समय समयमा अद्यावधिक तथा नविकरण गर्ने र परिचय पत्र प्रदान गर्ने व्यवस्था गरेको छ। पालकाले तयार गरेको विवरण अनुसार 'क' वर्गको १६ जना, 'ख' वर्गको ५५ जना, 'ग' वर्गको २६ जना र 'घ' वगको १५ जना गरी कुल ११२ जनाले अपाङ्गता परिचय पत्र प्राप्त

गरेका छन्।आर्थिक वर्ष २०८१/८२ पालिकाबाट वितरण गरिएका परिचयपत्रको गाम्भिर्यताको आधारमा एक वर्ष भित्र निलो ८ र रातो २ थपिएको देखिन्छ। पालिकाले ऐनमा भएको व्यवस्था बमोजिम अपाङ्गता भएका व्यक्तिको विवरण तयार गर्ने, समय समयमा अद्यावधिक तथा नविकरण गर्ने र परिचय पत्र प्रदान गर्ने कार्यलाई प्रभावकारी बनाउनु पर्दछ।

७३.२ **करुणा फाउण्डेसन:** अपाङ्गता रोकथाम तथा पुन:स्थापना कार्यक्रम सञ्चालन मार्गदर्शन २०८१/२०८२ कोशी प्रदेश अनुसार अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम सञ्चालनका लागि नगरपालिका, प्रदेश सरकार र करुणा फाउडेसन, नेपालबीच भएको सझौता बमोजम खर्च रकममध्ये करुणा फाउडेसन, नगरपालिका र सामाजक विकास मन्त्रालय, कोशी प्रदेशले एक एक तिहाइ रकम व्यहोर्ने व्यवस्था छ । यस आर्थिक वर्षमा करुणा फाउण्डेशनबाट रु.५३२५३२।६६, प्रदेशबाट रु. ५३२५३२।६६ र पालिकाबाट रु.५३२५३२।६६ समेत गरी जम्मा रु.१५९७५९८।०० खर्च भई रु. ३४७७१९८ बाँकी मौज्दान देखिन्छ।कार्यक्रमले लिएको उद्वेश्य अनुरुप अपाङ्गता भएका व्यक्तिहरुका लागि सहयोग हुने गरी सालबसाली रुपमा प्रभावकारी कार्यक्रम सञ्चालन तथा सोको अनुगमन गर्दै समयमा, यथार्थपर र प्रभावकारी प्रतिवेदन तयार गर्नेतर्फ पालिका तथा सम्बन्धित पक्षले ध्यानदिनुपर्दछ।

७३.३ **अनुगमन तथा मूल्याङ्कन:** अपाङ्गता रोकथाम तथा पुन:स्थापना कार्यक्रम सञ्चालन मार्गदर्शन २०८१/२०८२ को क्रियाकलाप नं. ३.२.१० मा अनुगमन तथा मुल्याङ्कण गर्दा क्रियाकलाप भए/नभएको सम्बन्धमा वास्तविक समयमा अनुगमन गरी सोको मूल्याङ्कन गर्नुपर्ने व्यवस्था छ। पालिका अन्तर्गतका कर्मचारी तथा समुदायमा आधारित पुन:स्थापन सहजकर्ता द्वारा क्रियाकलापहरुको अनुगमन गरी भुक्तानी प्राप्त गरेको मा क्रियाकलाप सञ्चालन भएको समयमा नै अनुगमन गरेको सम्बन्धमा एकिन गर्न सकिएन।कार्यक्रमको उद्वेश्य अनुसार क्रियाकलापहरुको अनुगमन तथा मुल्याङ्कण गरी सोको वास्तविक प्रतिवेदन गर्नेतर्फ र कार्यक्रमको प्रभावकारिता तर्फ पालिका र सम्बन्धित पक्षले ध्यानदिनुपर्दछ।

### ७४ हेलिकप्टर भाडा भुक्तानी

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **९७५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

### ७५ फरक खर्च शिर्षक

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३८ मा तोकिएको खर्च शिर्षकमा मात्र वजेट खर्च गर्नुपर्ने व्यवस्था छ। साथै महालेखा नियन्त्रक कार्यालयद्वारा जारी एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ (दोस्रो परिमार्जन) मा समेत तोकिएको तथा संवन्धित खर्च शिर्षकमा मात्र बजेट खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले बजेट विनियोजन गर्दा स्थायी कर्मचारीको तलवभत्ताको लागि पारिश्रमिक कर्मचारी र करार कर्मचारीको लागि करार सेवा शुल्कमा छुट्टाछुट्टै बजेट विनियोजन गर्नुपर्नेमा सो नगरी पारिश्रमिक कर्मचारी शिर्षकमा एकमुष्ट रु.४४९८५०००।०० बजेट विनियोजन गरी रु.२४१६८५११।०० खर्च गरेको पाइयो। खर्च रकममध्ये वर्षभरीमा २८ देखी ३२ जना कर्मचारी करार सेवामा नियुक्त गरी रु.१३७५२०६१।०० पारिश्रमिक कर्मचारी शिर्षकबाट बजेट खर्च गरेको पाइयो। यसरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली तथा एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्यामा भएको व्यवस्था अनुसार सम्बन्धित खर्च शिर्षकमा बजेट विनियोजन गरी सम्बन्धित खर्च शिर्षकबाट बजेट खर्च गर्नुपर्नेमा सो नगरी फरक खर्च शिर्षकबाट बजेट खर्च लेखेको नियमसम्मत देखिएन। आगामी दिनमा बजेट निर्माणको क्रममा नै तोकिएको शिर्षकमा बजेट विनियोजन गरी बजट खर्च गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ।

### ७६ असम्बन्धित तथा दोहोरो खर्च

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१४** को निर्णयले रू **९०,०००**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

७७ **टोल विकास संस्था तालिम**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई, कागजात समावेश रहे नरहेको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यहोरा उल्लेख छ। पालिकाले गो भौ नं ४८।२०८१।६।१४ बाट प्रशासकीय अधिकृत सुजन कुमार वुढाथोकीले लिएको टोल विकास संस्था युवा समूह तथा महिला समूहसँग छलफल तथा अन्तरकृया गर्ने प्रयोजनको लागि लिएको पेश्की रकम रु.१००००००।०० फस्यौंट गरी सोधभर्ना रु.१३०००।०० लिएको पाइयो। पालिकाको विभिन्न ६ स्थानमा विभिन्न मितिमा खाना तथा होटलवास सहितको कार्यक्रम संचालन गरी पेश्की फस्यौंट गरेकोमा संलग्न फाँटवारी अनुसार स्टेशनरी वापत २६० जनाको लागि प्रति व्यक्ति रु.५०० को दरले रु.१३००००।०० को विल संलग्न गरी खर्च लेखेकोमा स्टेशनरी वुझेको भरपाई पेश भएन। अतः यसरी भरपाई वेगर खर्च लेखेको रकमको सामाग्री खरिद भयो भनी आश्वस्त हुन नसकिने हुँदा उक्त रकम सम्बन्धितबाट असूल हुनुपर्ने रु.

| असुल गर्नुपर्ने | १,३०,००० |
|---|---|

७८ **गत आ.व. को पेश्की फस्यौंट**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई, कागजात समावेश रहे नरहेको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यहोरा उल्लेख छ। पालिकाले गो भौ नं २७।२०८१।५।२२ बाट छत्र बहादुर खड्काले गत आ.व. मा लिएको पेश्की रु.३७५०००।०० फस्यौंट गरेको पाइयो। संलग्न फाँटवारी अनुसार छाता, जुत्ता तथा व्याग खरिद वापत ड्रिमल्याण्ड स्टोरको विल संलग्न रहेकोमा उक्त सामाग्री खरिद कार्यको प्रयोजन खुलेको पाइएन भने खरिद सामाग्री वितरण भरपाई समेत संलग्न छैन। अतः प्रयोजन नखुलेका निम्नानुसारको सामाग्री खरिद कार्यको प्रयोजन खुलाई वितरण भरपाई पेश हुनुपर्न अन्यथा खरिद कार्य वापत खर्च लेखेको निम्नानुसारको रकम सम्बन्धितबाट असूल हुनुपर्ने रु.

| क्रम संख्या | खरिद सामाग्री | संख्या | प्रतिगोटा मूल्य | रकम |
|---|---|---|---|---|
| 1. | ट्रेकिङ व्याग | ५० | ५००० | २५०००० |
| 2. | जुत्ता | १५ | ३००० | ४५००० |
| 3. | छाता | १०० | ७०० | ७०००० |
| **जम्मा** | | | | **३६५०००** |

| प्रमाण पेश नगरेको | ३,६५,००० |
|---|---|

७९ **कार्यक्रम खर्च**

विल विजकको भुक्तानी गर्दा करारका शर्त बमोजिम भुक्तानी हुनुपर्दछ। पालिकाले साथीसाथी फाउण्डेसनसँगको साझेदारीमा सञ्चालित जलवायु परिवर्तन सम्बन्धी छलफल तथा अन्तरकृया कार्यक्रम अन्तर्गतको A Dialogue for Climate Change कार्यक्रम सञ्चालन वापत गो भौ नं ४८५।२०८२।२।२१ बाट सरस्वती के सी लाई रु.३४३८३०।०० भुक्तानी दिएको पाइयो। साथीसाथी संस्थासँगको सम्झौता अनुसार २०२५ अप्रिल २१ गते थामेमा संचालित कार्यक्रमको कार्यक्रम संचालनको दिनको खाजा खाना खर्च वाहेक सम्पूर्ण रकम उक्त संस्थाले व्यहोर्ने गरी सम्झौता भएकोमा सम्झौतामा तोकिएभन्दा अन्य दैनिक भ्रमणभत्ता तथा होटलवास खर्च गरी रु.९३१८०।०० पालिकाबाट बढी खर्च भएको पाइएकोले पालिकाबाट सम्झौताभन्दा बढी खर्च लेखेको रकम सम्बन्धित संस्था साथीसाथी फाउण्डेसनबाट असूल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९३,१८९ |

८० **कफी बनाउने तालिम**

पालिकाले खुम्बु पासाङल्हामु गाउँपालिकाको तालिम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१ स्वीकृत गरेको पाइयो। कार्यविधि बमोजिम गाउँपालिका स्तरीय तालिमा कार्यक्रममा सहभागीलाई प्रतिदिन रु.५०० सहभागी भत्ता उपलब्ध गराउन सकिने व्यवस्था छ। पालिकाले गो भौ नं ३५९।२०८१।१२।२५ बाट कफी बनाउने तालिम सञ्चालन वापत रु.३८४०५३।०० खर्च लेखेको पाइयो। पासाङल्हामु फाउण्डेसनसँगको सहकार्यमा मिति २०८१।११।२३ देखि ९ दिनसम्म सञ्चालित तालिमा कार्यक्रममा सहभागी २१ जनालाई प्रतिदिन रु.१००० को दरले सहभागी भत्ता उपलब्ध गराएको पाइयो। कार्यविधिले तोके अनुसार प्रतिदिन रु.५०० मात्र सहभागी भत्ता उपलब्ध गराउन सकिनेमा तोकेको भन्दा बढी दरमा भत्ता उपलब्ध गराएको निम्नानुसारको रु.९४५००।०० सम्बन्धितबाट असूल हुनुपर्ने रु.

| **क्रम संख्या** | **भुक्तानी पाउनेको नाम** | **वढी भुक्तानी रकम** |
|---|---|---|
| १ | पेम्बा छिरी शेर्पा | ४५०० |
| २ | लाक्पा दावा शेर्पा | ४५०० |
| ३ | सोनम डोल्मा शेर्पा | ४५०० |
| ४ | उसन नेपाली | ४५०० |
| ५ | निलम राई | ४५०० |
| ६ | बिवेक राई | ४५०० |
| ७ | राज कुमार कार्की | ४५०० |
| ८ | डिमा दोर्जी तामाङ | ४५०० |
| ९ | बन्दी शेर्पा | ४५०० |
| १० | डिमा नुरु शेर्पा | ४५०० |
| ११ | पासाङ याङजी शेर्पा | ४५०० |
| १२ | कामी दिकी शेर्पा | ४५०० |
| १३ | सोनाम गेल्जेन शेर्पा | ४५०० |
| १४ | बाल कुमार तामाङ | ४५०० |
| १५ | सोनाम शेर्पा | ४५०० |
| १६ | मिङमा छिरी शेर्पा | ४५०० |
| १७ | दोर्जी डोमा शेर्पा | ४५०० |
| १८ | अन्जना राई | ४५०० |
| १९ | भाई सोना शेर्पा | ४५०० |
| २० | कर्मा ग्याल्जेन शेर्पा | ४५०० |
| २१ | डिमा ल्हामु शेर्पा | ४५०० |
| **जम्मा** | | **९४५००** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९४,५०० |

## ८१ गोरक्सेप हाइअल्टिच्युड क्लिनिक व्यवस्थापन

कार्यपालिकाको मिति २०८१।१।१६ को निर्णय अनुसार गोरेक्सेप हाइअल्टिच्युट क्लिनिकमा कार्यरत चिकित्सक तथा स्वास्थ्यकर्मीको होटलवास तथा खाना खर्च पालिकाले व्यहोर्ने निर्णय गरे अनुसार पालिकाले गो भौ नं २८९।२०८१।१०।२९ बाट गोरक्सेप हाइअल्टिच्युड क्लिनिकमा कार्यरत स्वास्थ्यकर्मीको होटलवास तथा खाना खर्च वापत २४ थान विलबाट स्नोल्याण्ड हाइएस्ट इनलाई रु.४७६१००।०० तथा गो भौ नं ६४४।२०८२।३।२३ बाट एक जनाको प्रतिदिन रु.३०००।०० को दरले २ जनाको ८५ दिनको रु.५७६३००।०० गरी खाना तथा आवास खर्चमा मात्र रु.१०५२४००।०० खर्च लेखेको पाइयो। खर्च रकममध्ये गो भौ नं २८९ बाट भुक्तानी भएको पहिलो किस्ताको भुक्तानी गर्दा कुन कुन स्वास्थ्यकर्मी कति अवधि बसेको हो सो समेत नखुलाई एकमुष्ठ रकम भुक्तानी दिएको पाइयो। साथै कार्यपालिकाले निर्णय गर्दा समेत सो स्थानमा वस्दा लाग्ने खर्चको अनुमान गरी दैनिक वा मासिक के कति रकम पालिकाले खर्च गर्ने हो सो समेत स्पष्ट खुलाई निर्णय गरी सोही बमोजिम मात्र यस किसिमको खर्च गर्नुपर्न देखिन्छ।

## ८२ आकस्मिक उद्धार सहायता

नागरिक स्वास्थ्य उपचार सेवा कोष सञ्चालन कार्यविधि २०८१ को दफा २(६) मा आपतकालिन हवाई उद्धार गर्न सकिने व्यवस्था रहको भएता पनि सो सम्बन्धमा कति रकम बराबरको आकस्मिक उद्धार सहायता प्रदान गर्नेबारे उल्लेख छैन। सो कार्यविधिमा गरिव, असाहय तथा आर्थिक रुपले विपन्न नगरिकलाई उक्त सहायता वापतको हवाई उद्धार रकम सहायता स्वरुप प्रदान गर्ने भनिएकोमा नागरिक स्वास्थ्य उपचार तथा आकस्मिक हवाई उद्धारको भुक्तानी सबै नगरिकको उद्धार वापत गरेको देखिन्छ। गाउँपालिकाले उक्त सहायता प्रदान गर्दा कार्यविधिको पालना गर्दै मितव्ययी तवरले गर्नुपर्दछ। यस आव मा गाउँपालिकाले आकस्मिक हवाई उद्धार सहायता कोष बाट निम्न बमोजिमका नागरिकलाई उद्धार गरी निम्न बमोजिमका हवाई कम्पनीलाई कुल रु. ३६७४५८० भुक्तानी गरेको छ।

| क्र.स | उद्धार गरिएको व्यक्ति | किसिम | उद्धार स्थान | भुक्तानी प्राप्त गर्ने | रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| 1. | आङ छुल्डिम शेर्पा | विरामी (इपिट्याक्सिसप्रोब्लम) | नाम्चे-काठमाडौँ | स्नो आइस ट्राभल एण्ड टुर | ३४०००० | २०८१ ०५ २० २ |
| 2. | सोनी राणापाल | premature Birth | खरिखोला-लुक्ला | स्नो आइस ट्राभल एण्ड टुर | ७३४५० | |
| 3. | सोनी राणपाल | premature Birth | लुक्ला- काठमाडौँ | तारा यर | २११७४ | |
| 4. | लाक्पा दिकी शेर्पा र फुर्वा दिकी शेर्पा | अल्सर ग्यास्ट्रिक | ठमु-काठमाडौँ | स्नो आइस ट्राभल एण्ड टुर | २५०००० | |
| 5. | देशी माया मगर | मुटु रोगी | खरिखोला काठमाडौँ | स्नो आइस ट्राभल एण्ड टुर | १७५००० | |
| 6. | रन बहादुर पाण्डे | लडेर घाईते | फाक्दिङ देखि लुक्ला | हेलि एभरेष्ट | ५६५०० | |
| 7. | रन बहादुर पाण्डे र मिङ्मा दिकी शेर्पा | उच्च रक्तचाप+अचेत (मिङ्मा) | लुक्ला-काठमाडौँ | हेलि एभरेष्ट | ४१०७५६ | |
| 8. | पसि शेर्पा | हाईपोग्याल्सिमिया | फाक्दिङ देखि लुक्ला | मनाङ यर | ६२७४७ | |
| 9. | टेक्चु राणा मगर | क्यान्सर | खरिखोला देखि लुक्ला | माउन्टेण्ड हेलि | ८२४६४ | |
| 10. | लाक कुविर राई | लेक लागेको | फुरुचे देखि लुक्ला | कैलास हेलि | १००००० | |
| 11. | खड्ग बहादुर थापा मगर | मुटु रोगी | खरिखोला देखि काठमाडौँ | स्नो आइस ट्राभल एण्ड टुर | ३४०००० | |
| 12. | छिङ ल्हामु शेर्पा | सुगर रोगको अन्तिम चरण | पाङ्वोच देखि लुक्ला | एयर डाइनोस्टिक | १५२५५० | बेरुजुमा कट्टा |
| | | | लुक्ला देखि काठमाडौँ | स्नो आइस ट्राभल एण्ड टुर | ११३८०० | |
| 13. | आङ डिमी शेर्पा | आँखाको समस्या | ठमु देखि लुक्ला | स्नो आइस ट्राभल एण्ड टुर | १५८२०० | |
| 14. | सोम बहादुर तामाङ | --- | नाम्चे देखि लुक्ला | स्नो आइस ट्राभल एण्ड टुर | ६७८०० | |
| 15. | नुरु जाङ्बु शेर्पा | नसाको समस्या | फक्दिङ देखि लुक्ला | स्नो आइस ट्राभल एण्ड टुर | ६२१५० | |
| 16. | दान बहादुर मगर | अल्सर | खरिखोला देखि लुक्ला | कैलास हेलिकोप्टर | ७५००० | गत विगतको भुक्तानी गरेको भुक्तानी बाँकीको कच्चाबारी नभएको। |
| 17. | वेवारिशे लास | मुचुल्का | सुर्के देखि टाक्सिन्दु | कैलास हेलिकोप्टर | ३०००० | |
| 18. | निमा शेर्पा | लडेर घाईते | तेङ्बोचे देखि | कैलास | १००००० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | लुक्ला | हेलिकोप्टर | | |
| 19. | छिङ ल्हामु शेर्पा | सुगर | फेबुचे देखि लुक्ला | कैलास हेलिकोप्टर | १२५००० | |
| 20. | दावा शेर्पा | न्यूरोलोजिकल प्रोबलम | लुक्ला देखि काठमाडौँ | अल्टिच्युट एयर | ३५०००० | |
| 21. | बल बहादुर राई | हाई अल्टिट्युड | तेम्बोचे देखि लुक्ला | स्नो आइस ट्राभल एण्ड टुर | १०६३८९ | |
| 22. | पेम्बा थुन्डु शेर्पा | मुटु र किड्नीमा समस्या | खुम्जुङ देखि लुक्ला | अल्टिच्युट एयर | ६०००० | |
| 23. | आङ निमी शेर्पा | स्टिल बर्थ | लक्ला देखि काठमाडौँ | एभरेष्ट हेलि | ३४३६०० | |
| 24. | वेवारिसे लास | | ताक्सिनदु देखि फाप्लु | गाडी | १८००० | |
| जम्मा | | | | | ३६७४५८० | |

## ८३ तलवी प्रतिवेदन

संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालयको प.स. ०७६।७७, च.न. १८० र मिति ०७६।५।१८ (मन्त्रिस्तरिय) को निर्णय अनुसार स्थानीय तहका कर्मचारी र सघंबाट स्थानीय तहमा कामकाज गर्न खटिएका कर्मचारीको हकका सम्बन्धित जिल्लाको को.ले.नि.का. बाट तलबी प्रतिवेदन पारित गराई तलव भत्ता खर्च लेख्नुपर्ने व्यवस्था छ। तर पालिकामा तलवी प्रतिवेदन पारित बेगर पालिकाका स्थायीतर्फका कर्मचारीको पारिश्रमिकमा कुल रु.१०४१६४५०।०० तथा स्वास्थ्यतर्फका कर्मचारीको पारिश्रमिकमा रु.९३५७१०४।०० कुल रु.१९७७३५५४।०० खर्च लेखेको पाइयो। यसबाट कर्मचारीले वास्तविक पाउने तलव तथा ग्रेड रकम के कति हो यकिन गर्न सकिएन। अतः तलवी प्रतिवेदन पारित गरेर मात्र खर्च लेख्नुपर्दछ।

## ८४ करार कर्मचारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था रहेको छ। तर पालिकाले विभिन्न पदमा ३२ जना कर्मचारी करारमा राखी निजहरुको तलब भत्ता बापत यस वर्ष रु.१३७५२०६१।०० खर्च लेखेको छ। त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐनको दफा ८३(८) वमोजिम पालिकाले सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रीसियन,चौकिदार, मालि, बगैँचे लगायतका पदमामात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ। पालिकाले माथि उल्लेखित पद वाहेक इन्जिनियर १, वातावरण निरीक्षक १, साहयक पाँचौं ३ तथा सहायक चौथो १ गरी ६ कर्मचारी करारमा नियुक्ति गरी बर्ष भरीमा निजहरुको तलब भत्ता बापत रु.३६२६६१०।०० भुक्तानी गरेको छ। स्थायी पदपुर्ती गर्नुपर्ने पदमा करार सेवामा कर्मचारी नियुक्ति गर्ने परिपाटीको अन्त्य हुनुपर्दछ।

## ८५ दोहोरो सुविधा

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-११** को निर्णयले रू **१२०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

## ८६ पदाधिकारी पोशाक

प्रोत्साहन शिर्षकमा भुक्तानी भएको पाइयो। पालिकाले अर्थ मन्त्रालयको निर्णय तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको परिपत्र बमोजिम समानिकरण अनुदानको रकम खर्च गर्नेतर्फ ध्यान दिनुपर्दछ।

८९ **गोरक्सेप हाइ अल्टिच्यड क्याम्प**

८९.१ कार्यपालिकाको मिति २०८१।१।१६ को निर्णय अनुसार गोरेक्सेप हाइअल्टिच्युड क्लिनिकमा कार्यरत चिकित्सक एवं स्वास्थ्यकर्मीलाई विभिन्न सेवा सुविधा थप गर्ने निर्णय भए अनुसार गोरक्सेप क्लिनिकमा कार्यरत मेडिकल अधिकृत डा. सुनिल बानियाँलाई मासिक तलव रु.४८७३७, स्थानीय भत्ता मासिक रु.११८१० तथा गोरेक्सेप हाइअल्टिच्युट क्लिनिकमा सेवा गरेवापत प्रोत्साहन भत्ता वापत रु.६९४५६।०० गरी मासिक कुल रु.१३००००।०० तलवभत्ता भुक्तानी गरेको पाइयो। निजको हाजिरी विवरण अनुसार निजले वर्षभरीमा श्रावण, भाद्र, पौष, माघ तथा फागुन गरी पाँच महिना खरिखोला स्वास्थ्यचौकीमा तथा बाँकी गोरेक्सेप हाइअल्टिच्युट क्लिनिकमा कार्य गरेको पाइयो। यसरी कार्यपालिकाको निर्णय बमोजिम गोरक्सेप हाइअल्टिच्युड क्लिनिकमा कार्यरत चिकित्सकलाई थप गरेको सेवा सुविधा अन्यत्र स्थानमा कार्यरत रहेको अवधिमा समेत भुक्तानी भएको पाइएकोले खरिखोला स्वास्थ्य चौकीमा कार्यरत रहेको अवधि पाँच महिनाको प्रति महिना रु.६९४५६ ले हुने रु.३४७२८०।०० भुक्तानी गरेको पाइयो। कार्यपालिकाले निर्णय गर्दा गोरक्सेप हाइअल्टिच्युड क्लिनिका काम गरे वापत थप सुविधा दिने निर्णय गरे तापनि सो स्थान वाहेक अन्यत्र समेत काममा लगाए सोही दरमा अतिरिक्त सेवा सुविधा वापतको रकम भुक्तानी गर्दा पालिकालाई थप व्ययभार परेको देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ३,४७,२८० |

८९.२ **बढी दरमा स्थानीय भत्ताः** निजले खरिखोला स्वास्थ्य चौकीमा काम गरेको अवधि ५ महिना समेत मासिक रु.११८१०।०० को दरले स्थानीय भत्ता भुक्तानी भएको पाइएकोले उक्त अवधिको बढी दरमा (११८१० र ८८०० को फरक) भुक्तानी भएको स्थानीय भत्ता प्रति महिना रु.३०१० को दरले ५ महिनाको रु.१५०५०।०० सम्बन्धित चिकित्सकबाट असूल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १५,०५० |

९० **गाउँपालिकाबाट थप शिक्षक**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता वापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ। साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०८१ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ। तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका स्वयंसेवक शिक्षकलाई समानीकरण अनुदानबाट रु.१७५८१०१।०० तलब भत्ता अनुदान दिएको पाईयो। यसरी दरवन्दी तथा राहत कोटा प्राप्त नगरेका विद्यालयलाई अनुदान उपलब्ध गराउनसक्ने व्यवस्था भएता पनि उक्त कोटा प्राप्त विद्यालयमा शिक्षक विद्यार्थी अनुपात समेत विश्लेषण नगरी समानीकरण अनुदानबाट शिक्षकको तलवभत्ता शिर्षकमा अनुदान दिएको पाइयो। थप शिक्षक नियुक्ति गर्दा शिक्षक विद्यार्थी अनुपात समेत विश्लेषण गरी स्वीकृत दरवन्दी भित्रका तथा राहत कोटाका शिक्षकबाट मात्र पठनपाठन गराउन नसिकने अवस्थामा आन्तरिक स्रोतबाट खर्च व्यहोर्ने गरी शिक्षक नियुक्ति गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ।

९१ **मेडिकल अधिकृतको तलब**

( ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **६०५,५५६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

९२ **विद्यालय शिक्षकको खाजा खर्च**

विद्यालयका शिक्षक तथा कर्मचारीको सेवा सुविधा, पोशाक लगायत नेपाल सरकारको संघीय कानुन बमोजिम शसर्त कार्यक्रमबाट खर्च हुने व्यवस्था छ भने शिक्षा नियमावली, २०५९ को नियम १०५ मा विद्यालयले नियुक्त गरेको शिक्षकको पारश्रमिक आफ्नै स्रोतबाट व्यहोर्नुपर्ने उल्लेख छ। पालिकाले कर्मचारी प्रोत्साहन तथा सेवा सुविधा सम्बन्धी कार्यविधि, २०८१ जारी गरी उच्च हिमाली क्षेत्रका सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरुलाई खाजा खर्च उपलब्ध गराउने व्यवस्था गरे बमोजिम विभिन्न ३ विद्यालयका शिक्षक कर्मचारीहरुलाई खाजा खर्च वापत समानीकरण अनुदानबाट रु.१७३५००० खर्च लेखेको पाइयो भने गाउँपालिकाबाट थप शिक्षकलाई तलवभत्ता वापत समानीकरण अनुदान बाट नै रु.१७५८१०१।०० गरी विद्यलाय शिक्षक कर्मचारीको खाजा खर्च तथा थप शिक्षकको तलवभत्ता समानीकरण अनुदानबाट रु.३४९३१०१।०० खर्च लेखेको पाइयो। यसरी शसर्त कार्यक्रममा तोकिएभन्दा बढी सुविधावापतको रकम कार्यविधि जारी गरी भुक्तानी दिए तापनि आन्तरिक स्रोतबाट भुक्तानी गर्नुपर्नेमा समानीकरण अनुदानबाट खर्च गरेकोछ । पालिकाको आन्तरिक आय एवं राजश्व वाँडफाँट समेत रु३९ करोड ९६ लाख ३५ हजार रहेकोमा बजेट तर्जुमागर्दा भुलवस समानीकरण अनुदानमा बजेट विनियोजन भएको बेरुजु छलफलको क्रममा पालिकाको भनाइ रहेकोछ ।

### ९३ दोहोरो रासन खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई, कागजात समावेश रहे नरहेको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यहोरा उल्लेख छ। पालिकाले पर्यटकीय सिजनमा नगर प्रहरी परिचालन वापत गो भौ नं ५७३।२०८२। ३।१५ बाट रु४४५५६०।०० खर्च गरेको पाइयो। जस अन्तर्गत तीन जना नगर प्रहरीलाई गोरक्सेप तथा दिङ्वोचे क्षेत्रमा परिचालन वापत खाना, खाजा तथा होटलवास खर्च वापत सनराइज होटललाई रु.३८४०००।०० तथा स्नोल्याण्ड लजलाई रु.१०२०००।०० भुक्तानी भएको पाइयो। यसरी खाजा खाना तथा होटलवास समेत पालिकाले व्यहोर्ने गरी परिचालन भएका निम्नानुसारका नगर प्रहरीलाई सो अवधिको रासन खर्च समेत भुक्तानी भएकोले दोहोरो हुनेगरी रासन खर्च लेखेको रकम सम्बन्धितबाट असूल हुनुपर्ने रु.

| क्रम संख्या | नगर प्रहरीको नाम | खटिएको अवधि | रासन दर मासिक | असूल हुने रकम |
|---|---|---|---|---|
| 1. | अशोक राई | ६४ दिन | ९००० | १९२०० |
| 2. | सुब्बा निरौला | ६४ दिन | ९००० | १९२०० |
| 3. | सविन पाण्डे | ५१ दिन | ९००० | १५३०० |
| **जम्मा** | | | | **५३७००** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५३,७०० |

### ९४ काठमाण्डौंमा घर भाडा

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **६९३,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

### ९५ पारिश्रमिक कर छुट

आयकर ऐन, २०५८ को दफा ८(१) मा कुनै आय वर्षमा रोजगारीवाट प्राप्त गरेको पारिश्रमिक सो वर्षमा सो व्यक्तिको रोजगारीको आय मानी गणना गर्नु पर्ने र सोहि ऐनको ८(२) मा रोजगारीवाट प्राप्त पारिश्रमिक गणनामा ज्याला, तलब, विदाको रकम, अतिरिक्त समय काम गरे वापतको रकम, शुल्क, कमिसन, पुरस्कार, उपहार, वोनस लगायतका कुराहरु समावेश गर्नुपर्ने व्यवस्था छ। त्यस्तै सोहि ऐनको अनुसुची १ मा तोके बमोजिमको दरमा पारिश्रमिक कर गणना गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकामा कार्यरत निम्न कर्मचारीहरुको वार्षिक आयको सिमा बमोजिम आर्थीक वर्ष २०८१/८२ को कर गणना गरी पारिश्रमिक कर दाखिला गर्नुपर्नेमा न्युन कर कट्टी गरेकोले वार्षिक आयको सिमा बमोजिम कर गणना गर्दा छुट भएको कर रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| क्र.सं. | नाम/थर | जम्मा आय रु. | जम्मा कट्टी रकम रु | करयोग्य आय रु. | जम्मा लाग्ने कर रकम रु. | तिरेको कर रकम रु. | न्यून कट्टी रकम रु |
|---|---|---|---|---|---|---|---|
| 1. | सुनिल बानियाँ | १५२९३४२ | २००००० | १३२९३४२ | १५४८०२ | ९२६२० | ६२१८२ |
| 2. | डा. अभिषेक खड्का | १४२१७१२ | ० | १४२१७१२ | २१२५१३ | १४६४६७ | ६६०४६ |
| **जम्मा** | | | | | | | **१२८२२८** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,२८,२२८ |

९६ **ग्याविन तार जाली खरिद**

( ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **३,०३२,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

९७ **सोलार ढुवानी खर्च**

( ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१४** को निर्णयले रू **५०९,६२९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

९८ **प्रमाण पेश नभएको**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई, कागजात समावेश रहे नरहेको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यहोरा उल्लेख छ। पालिकाले देहायका गो भौ नं र मितिवाट विभिन्न खरिद कार्यको रकम भुक्तानी गरेकोमा श्रेस्तासाथ सक्कल विल भरपाई संलग्न नरहेको, खरिद सामग्री वितरणको भरपाई, खरिद आदेश तथा दाखिला प्रतिवेदन लगायतका प्रमाण कागजात संलग्न रहेको नपाइएकोले सामाग्री खरिद भए नभएको, वास्तविक लाभग्राहीले खरिद सामाग्री पाए नपाएको सम्वन्धमा आश्वस्त हुन नसकिने हुँदा निम्नानुसारको खरिद सामाग्रीको वितरण भरपाई, दाखिला प्रतिवेदन, सक्कल विजक पेश हुनुपर्ने रु.

| क्रम संख्या | गो भौ नं मिति | खरिद विवरण | खरिद फर्म।भुक्तानि पाउने | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|---|
| 1. | ७४।२०८१।६।२२ | Design and Development of visitors registration system | ड्राइ आइस सोलुसन प्रा ली | ४९४३७५ | खरिद आदेश दाखिला प्रतिवेदन नभएको |
| 2. | ५५१।२०८२।३।१२ | वृत्तचित्र निर्माण | समुन्नत मिडिया प्रा लि | ४९३००० | खरिद आदेश दाखिला प्रतिवेदन नभएको |
| 3. | ४६९।२०८२।२।१४ | रेनकोट खरिद | शिवमाया स्टोर्स एण्ड सप्लायर्स | ९९००० | वितरण भरपाई नभएको |
| 4. | ३५१।२०८१।१२।२४ | डिमदोर्जी शेर्पा गोल्डकप संचालन | खरिखोला मा वि | ३०५८८१ | विल भरपाई पेश नभएको |
| **जम्मा** | | | | **१३९२२५६** | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १३,९२,२५६ |

**९९ वृत्तचित्र निर्माण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई, कागजात समावेश रहे नरहेको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यहोरा उल्लेख छ ।पालिकाले गो भौ नं ५५१।२०८२।३।१२ बाट वृत्तचित्र निर्माण वापत समुन्नत मिडया प्रा.ली. लाई रु.४९३०००।०० भुक्तानी दिएको पाइयो। फर्मले पेश गरेको प्रस्तावना अनुसार कार्यक्रमको ब्रेकडाउनमा वृत्तचित्र प्रशारण वापत रु.४००००।०० उल्लेख छ। तर पालिकाले सम्झौता गर्दा प्रशारण सम्बन्धी प्रावधान नराखी फर्मले कबोल गरेको दरमा नै सम्झौता गरी भुक्तानी दिइको पाइएकोले वृत्तचित्र प्रशारण वेगर प्रशारण वापतको रु.४००००।०० भुक्तानी भएको पाइयो। अतः प्रशारण वेगर प्रशारण वापत भुक्तानी भएको उक्त रकम सम्बन्धित फर्म समुन्नत मिडया प्रा.ली. बाट असूल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४०,००० |

**१०० ढुवानी खर्च**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **११७,९७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

**१०१ सोझै खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ मा सार्वजनिक निकायले स्वीकृत कार्यक्रम र योजना अनुसार २० लाख रुपैयाँसम्मको लागत अनुमान भएको मालसामान निर्माण कार्य सिलबन्दी दरभाउपत्र आह्वान गरी खरिद गर्नुपर्ने व्यवस्था छ भने नियम ८५ मा रु.१० लाख सम्मको लागत अनुमान भएको मालसामान वा निर्माण कार्य सोझै खरिद गर्न सकिने तर एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सिमा भन्दा बढि रकमको वा एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट एक पटक भन्दा बढी सोझै खरिद गर्न नसकिने व्यवस्था छ। तर पालिकाले मसलन्द तथा कार्यालय सामाग्री खरिद गर्दा लागत अनुमान तयार गरी खरिद ऐन तथा नियमावलीमा भएको व्यवस्था अनुसारका खरिद विधि अपनाई खरिद गर्नुपर्नेमा टुक्रा पारी पटक पटक सोझै खरिद गरेकोछ। खरिद ऐन नियम अनुरुप प्रतिस्पर्धात्मक रुपमा खरिद कार्य गर्नुपर्दछ ।

| क्रम संख्या | गो भौ नं. मिति | खरिद विवरण | फर्मको नाम | भुक्तानी रकम |
|---|---|---|---|---|
| 1. | ५२।२०८१।६।१५ | मसलन्द तथा कार्यालय सामाग्री | एम एस प्रिन्टङ प्रेस | ९७२९५३ |
| 2. | ६६।२०८१।६।१८ | मसलन्द तथा कार्यालय सामाग्री | एस एम ट्रेडर्स एण्ड सप्लायर्स | ८१९४६३ |
| 3. | २१३।२०८१।१०।०३ | मसलन्द तथा कार्यालय सामाग्री | फाइन मल्टीप्रपोज कम्पनी प्रा ली | ८८४९३६ |
| 4. | २१५।२०८१।१०।३ | मसलन्द तथा कार्यालय सामाग्री | वर्ल्ड वाइड अफसेट प्रेस प्रा ली | ५६४४०१ |
| 5. | ४२३।२०८२।१।२३ | छपाई सम्बन्धी | वल्डवाइड अफसेट प्रेस एण्ड सप्लायर्स | ३०५१०० |
| 6. | ४२१।२०८२।१।२३ | मसलन्द तथा कार्यालय सामाग्री | एस वी माली विजनेस कम्पनी प्रा ली | २२४४७४ |
| 7. | ४२३।२०८२।१।२३ | मसलन्द तथा कार्यालय सामाग्री | एस वी माली विजनेस कम्पनी प्रा ली | ४५६९०३ |
| 8. | ४२५।२०८२।१।२३ | मसलन्द तथा छपाई सम्बन्धि | साइनिङ ट्रेडलिंक प्रा लि | |
| **जम्मा** | | | | **४२२८२३०** |

## १०२ स्वीकृत लागत अनुमान वेगर खरिद कार्य

( ✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **९९४,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| अनियमित भएको | ० |
|---|---|

## १०३ व्रोसर छपाई

( ✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **४५७,६५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

## १०४ स्करपियो खरिद

२१६,२०८२।३।११ सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ४ (क) बमोजिम सार्वजनिक निकायले कुनै खरिद कारबाहीको तयारी गर्दा खरिद आवश्यकताको पहिचान गर्ने र नियम ५(क) बमोजिम सार्वजनिक निकायको प्रमुखले कुनै मालसामान,निर्माण कार्य वा सेवा खरिद गर्नुअघि ऐनको दफा ४ बमोजिमको स्पेशिफिकेशन,योजना,नक्सा,डिजाइन,विशेष आवश्यकता वा अन्य विवरण तयार गर्नुपर्ने व्यवस्था रहेको छ। त्यस्तै नियम ६(१) मा सार्वजनिक निकायले खरिदको लागि आवश्यक बजेट व्यवस्था नभई खरिद कारबाही सुरु गर्न नहुने व्यवस्था रहेको छ। पालिकाले सवारी साधन खरिद शिर्षकबाट रु.४२६०८४५।५०, सवारी साधन खरिद अपुग बजेट थप रु.३४८५७६२।०० र ङिम दोर्जी पर्यटन सडक समपुरक अनुदान संघीय सरकार र प्रदश सरकार हाइड्रो लगानी गाउँपालिका समपूरक शिर्षकबाट रु.१२३८३९२।५० गरी रु.८९८५०००।०० मा AGNI INCORPORATED (P) LTD बाट स्करपियो खरिद गरेको छ।उक्त सवारी साधन पालिकाले तयार गरेको स्पेशिफिकेशन बमोजिमको प्राप्त भए नभएको सम्बन्धमा पालिकाले सोको प्राविधिक मूल्याङ्कन समेत तयार गरेको छैन। पालिकामा हालसम्म सवारी साधनको लागि सडक पुर्वाधारको विकास नभएको र उक्त सवारी साधन पालिकामा आउने अवस्था नरहेको साथै पालिकाले विभिन्न शिर्षकबाट रकम थप गरी खरिद कार्य गर्नुको पुष्टाई देखिदैन। सवारी साधन हाल पालिकामा आउन सक्ने अवस्था नरहेको र उक्त सवारी साधन प्रयोग गरी दैनिक कार्यालय आवत जावत गरी कार्यसम्पादन हुन सक्ने अवस्था समेत नरहेकोले सवारी साधन खरिद आवश्यकता पहिचान र सोको दैनिक उपयोग तथा प्रयोजन बेगर खरिद गरेको साथै वार्षीक विनियोजित बजेटमा विभिन्न शिर्षकबाट थप गरी सवारी साधन खरिद कार्य गरेको देखिएकोले पालिकाले आगामि दिनमा सार्वजनिक खरिद कार्य गर्दा खरिदको आवश्यकता पहिचान गरी सार्वजनिक खरिद कार्य गर्नेतर्फ ध्यान दिनुपर्दछ।

१०५ **लागत अनुमान तयार नगरी खरिद कार्य**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९(१)(क) बमोजिम खरिद सम्बन्धी सम्पूर्ण काम एउटै खरिद सम्झौताबाट हुन सक्ने वा काम पिच्छे छुट्टै खरिद सम्झौता गर्नुपर्ने सोको विचार गरी लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेको छ। साथै सोही नियमावलीको निमय ८५(१ख) बमोजिम उपनियम(१) र (१क) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक आर्थिक वर्षमा एकै पटक वा पटक-पटक गरी सो उपनियममा उल्लिखित सिमाभन्दा (दश लाख रुपैयाँसम्मको लागत अनुमान भएको निर्माण कार्य वा मालसामान) बढी रकमको एउटै व्यक्ति,फर्म,कम्पनी वा संस्थाबाट सोझै खरिद गर्न सकिने छैन भन्ने व्यवस्था रहेको छ। पालिकाले यस वर्ष पूँजीगत शिर्षक अन्तर्गत मेशिनरी औजार खरिद अन्तर्गत कार्यालय सम्बन्धी सामाग्री जस्तै डेक्सटप,ल्याप्टप,प्रिन्टर,स्क्यानर लगायतका सामाग्रीहरु निम्नानुसारका गोश्वरा भौचर नम्बर र मितिबाट रु.१८७४८३४।०० को खरिद कार्य गरेकोमा उक्त खरिद कार्यको आवश्यकता पहिचान नगरेको साथै उक्त मालसामान खरिद गर्दा लागत अनुमान तयार गरी प्रतिस्पधात्मक विधिबाट खरिद कार्य गरेको देखिएन। पालिकाले नियमावलीले तोके बमोजिमको खरिद प्रक्रिया तथा विधिको प्रयोग गरी प्रतिस्पर्धात्मक विधिबाट खरिद कार्य गर्नेतर्फ ध्यान दिनुपर्दछ।

| सि.न. | गो.भौ.न./मिति | खरिद विवरण | खरिद रकम रु. | खरिद विधि |
|---|---|---|---|---|
| १ | ९१,२०८१।१०।२९ | कार्यालय सम्बन्धी मालसामान जस्तैः डेक्सटप,ल्याप्टप,प्रिन्टर,स्क्यानर लगायतका | ९६९१३९ | कोटेशन |
| २ | १२,२०८१।६।१८ | कार्यालय सम्बन्धी मालसामान जस्तैः डेक्सटप,ल्याप्टप,प्रिन्टर,स्क्यानर लगायतका | ५५३१३५ | कोटेशन |
| ३ | ११३,२०८१।१२।२३ | कार्यालय सम्बन्धी मालसामान साउन्ड सिस्टम | ३५२५६० | सोझै |
| | | **जम्मा** | **१८७४८३४** | |

१०६ **तालिम कार्यक्रम**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **३१८,६६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

१०७ **परामर्श सेवा खरिद**

सार्वजनिक निकायले सरकारी रकम खर्च गर्दा मितव्ययिता अपनाउनुपर्ने व्यवस्था छ। पालिकाले ङिम दोर्जी शेर्पा सडकको फाइनल क्वान्टिटी मेजरमेन्ट कार्य वापत गो.भौ.नं २८०।२०८१।१०।२१ बाट जे एण्ड आर कन्सल्ट प्रा ली रु.४६३०००।०० भुक्तानी दिएको पाइयो। पालिकाका करार सेवामा कार्यरत सातौं तहको इन्जिनियर लगायतका अन्य प्राविधिक कर्मचारीहरु समेत कार्यरत रहेको अवस्थामा निर्माण कार्यको मेजरमेन्ट लागि कन्सल्टेन्ट नियुक्त गरी भुक्तानी दिएको पाइयो। यसरी पालिकाको जनशक्तिबाट कार्य नगराई कन्सल्टेन्टबाट कार्य गराउँदा पालिकालाई रु.४६३०००।०० बढी व्ययभार परेको देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ४,६३,००० |

१०८ **तालिम कार्यक्रम**

१०८.१ पालिकाले गो भौ नं ३३३।२०८१।१२।१२ बाट आ.व. २०७९।८० मा अर्थीमाया तामाङले लिएको कार्यक्रम पेश्की रु.६५००००।०० फछ्र्यौट गरेको पाइयो। संलग्न कागजात अनुसार मिति २०७९ मंसिर २२ २३ र २४ मा संचालन भएको महिला समूहहरुलाई क्षमता अभववृद्धिका लागि तालिम कार्यक्रमको स्रेस्ता परीक्षणबाट देखिएका थप व्यहोरा निम्नानुसार छन्।

१०८.२ **प्रशिक्षक भत्ताः** कार्यसञ्चालन निर्देशिका, २०७७ अनुसार तालिम केन्द्र बाहेक अन्य निकायद्वारा सञ्चालित सहायक स्तरको पालिका स्तरीय तालिम कार्यक्रममा प्रशिक्षकलाई कक्षा सञ्चालन वापत प्रति सेसन रु.६०० तथा कार्यपत्रवापत रु.७०० गरी रु.१३०० खर्च लेख्न मिल्ने देखिन्छ भने कार्यक्रम संयोजकको भत्ता दर समेत तोकिएको छ। यस कार्यक्रम सञ्चालन गर्दा प्रशिक्षकलाई प्रति सेसन रु.४००० को दरले प्रशिक्षक भत्ता उपलब्ध गराएको पाइयो भने संयोकक भत्ता वापत ४ दिनको प्रतिदिन रु.२००० को दरले

रु.८०००।०० भत्ता भुक्तानी लिएको पाइयो। यसरी निर्देशिकामा भएको दरभन्दा फरक दरले भुक्तानी भएको निम्नानुसारको रकम सम्बन्धितबाट असूल हुनुपर्ने रु.

| क्रम संख्या | भुक्तानी पाउनेको नाम | सेसन संख्या। दिन | फरक दर | रकम | कर कट्टी पछीको रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| 1. | कल्पना राई | ३ | २७०० | ८१०० | ६८८५ | प्रशिक्षक |
| 2. | जुनिता माया मगर | ३ | २७०० | ८१०० | ६८८५ | प्रशिक्षक |
| 3. | सम्झना घिमिरे | ३ | २७०० | ८१०० | ६८८५ | प्रशिक्षक |
| 4. | सृजना तामाङ | ३ | २७०० | ८१०० | ६८८५ | प्रशिक्षक |
| 5. | छत्र बहादुर खड्का | ४ | १५०० | ६००० | ५१०० | संयोजकले ३ दिनको कार्यक्रमको १५०० पाउनेमा ८००० भुक्तानी लिएको |
| **जम्मा** | | | | | **३२६४०** | |

| असुल गर्नुपर्ने | ३२,६४० |
|---|---|

१०८.३ **स्टेशनरी खर्चः** तालिमा कार्यक्रममा भरपाई वेगर ५० जना सहभागीको लागी स्टेशनरी खर्च वापत रु.२२५०० खर्च लेखेको पाइयो भने तालिमा कार्यक्रममा जम्मा ४० जना मात्र सहभागी भएको हाजिरी संलग्न रहेको पाइयो। निर्देशिकाले तोके अनुसार प्रति सहभागी रु.१०० को दरले ४० जनाको रु.४००० खर्च लेख्न मिल्नेमा रु.२२५०० खर्च लेखेको पाइएकोले बढी खर्च लेखेको रु.१८५००।०० पेश्की लिने अर्थीमाया तामाङबाट असूल हुनुपर्ने रु.

| असुल गर्नुपर्ने | १८,५०० |
|---|---|

१०८.४ **होटलवास खर्चः** तालिम कार्यक्रममा सहभागीको खाजा, खाना तथा आवास खर्च वापत प्रति दिन प्रति सहभागी रु.३००० को दरले ५० जनाको ३ दिनको रु.४५००००।०० खर्च लेखेको पाइयो। संलग्न हाजिरी अनुसार ४० जना मात्र तालिम कार्यक्रममा सहभागी भएको पाइएकोले १ जनाको प्रति दिन रु.३००० को दरले १० जनाको ३ दिनको रु.९००००।०० बढी खर्च लेखेको पाइएकोले बढी खर्च लेखेको रकम पेश्की लिने अर्थीमाया तामाङबाट असूल हुनुपर्ने रु.

| असुल गर्नुपर्ने | ९०,००० |
|---|---|

१०९ **कार्यालय सम्बन्धि खर्चः**

कार्यालयलाई वर्षभरमा आवश्यक पर्ने सामानको एकमुष्ठ विवरण बनाई सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रावधान वमोजिम खरिद योजना बनाई प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्नेमा यस बर्ष मसलन्द तथा कार्यालय सामाग्री खरिदमा रु ४२,६९,१८०। र पुस्तक तथा सामग्री खर्चमा रु ९,८५,४९४ खर्च लेखेको छ । सामानको आवश्यकता तथा परिमाण शुरुमै निश्चित गरी प्रतिस्पर्धात्मक रुपले खरिद कारवाही अवलम्बन गर्नेतर्फ कार्यालयले ध्यान दिन जरुरी छ । पटक पटक बिभिन्न मितिहरुमा सोझै खर्च भएको परिपाटीमा नियन्त्रण गरी कानुनको पालना गरी खरिदलाई मितव्ययी तथा प्रतिस्पर्धी बनाउनुपर्दछ ।

११० **रकमान्तरः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा स्वीकृत वार्षिक बजेटको अधिनमा रही कुनै शीर्षकबाट पूँजिगत शिर्षकमा २५ प्रतिशत नबढाई रकमान्तर गर्न सकिने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष थपघट समेत कार्यपालिकाको निर्णयबाट पूँजिगत तथा चालु शीर्षकका विभिन्न २४ योजना तथा कार्यक्रममा विनियोजन भएको रु. २११५७५००० वजेट घट गरी सोही रकम विभिन्न ३४ कार्यक्रम तथा योजनामा रु. २११५७५००० थप रकमान्तर गरेको छ । उक्त रकम वजेट रु. ७५४५००००० को तुलनामा २८.०४ प्रतिशत हुन आउँछ। रकमान्तर थप तथा घट गर्दा रकम फरक पर्नुको कारण पालिकाको विशेष सभाले कतिपय थप गरेका योजनामा

समेत वजेट विनियोजन गर्ने र सो रकम समेत रकमान्तर थपमा देखिने भएकाले घट र थप भएको रकम फरक पर्न गएको पालिकाले जनाएको छ। तथापी कार्यापलिकाले विभिन्न समयमा रकमान्तर निर्णय गरेकोमा सुत्र प्रणालीमा सुरु विनियोजन भएकै कार्यक्रमवाट भुक्तानी भएकाले वास्तविक रकमान्तर रकम र खर्च रकमका सम्वन्धमा एकिन गर्न गरिएन । यसरी आर्थिक वर्षको अन्तमा रकमान्तर गर्ने परिपाटीमा सुधार हुनुपर्दछ ।

१११ **आयोजना बैंकः**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा पालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका बिषयमा स्थानीय स्तरको विकासको लागि आवधिक, बार्षिक, रणनीतिगत बिषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नुपर्ने, त्यस्ता योजना संघीय सरकार र प्रदेश सरकारका योजना अनुकूल हुनुपर्ने विभिन्न अन्तरसम्बन्धित विषयलाई ध्यान दिई योजना तर्जुमा गर्नुपर्ने व्यवस्था रहेको छ। योजना बनाउदा आर्थिक विकास र गरिबी निवारण प्रत्यक्ष योगदान पुग्ने उत्पादन मुलक र छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तरमा आम्दानी र रोजगार बढ्ने, स्थानीय स्तरका जनताको सहभागिता जुट्ने, स्वयम् परिचालन गर्न सकिने तथा लागत कम लाग्ने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, पिछडिएको वर्ग र समुदायलाई प्रत्यक्ष लाभ हुने योजना सञ्चालन गनुपर्नेमा पालिकाले हालसम्म आयोजना बैंक बनाई कार्यान्वियनमा ल्याएको पाइएन।आयोजना वैङ्क स्थापना गरी आयोजनाको छनौट गर्नुपर्ने व्यहोरा गत विगत वर्षको लेखपरीक्षण प्रदिवेदनमा समेत सुझाएकोमा अवस्था यथावत रहेको छ । अत: स्थानीय आयोजना बैंकको अवधारणा कार्यान्वियन गरी आयोजना छनौट र आयोजना व्यवस्थापनमा प्रभावकारिता ल्याउनुपर्दछ ।

११२ **आवधिक योजनाः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नुपर्ने व्यवस्था छ। पालिकाले हालसम्म आवधिक योजना तयार गरि कार्यान्वियन गरेको छैन। आवधिक योजना तयार गरी सो वमोजिम वार्षिक नीति तथा कार्यक्रम तर्जुमा गर्नुपर्ने व्यहोरा विगत वर्षमा समेत औँल्याइएकोमा अवस्था यथावत रहेको देखिन्छ ।पालिकाले हाल बार्षिक नीति तथा कार्यक्रमहरु मार्फत योजना संचालन गर्दै आएको देखिन्छ । पालिकाले वार्षिक कार्यक्रम छनौट गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषय र कार्यक्रमहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी सोही अनुरुप बार्षिक बजेट तथा कार्यक्रम तय गरी सोको कार्यान्वियन गर्नुपर्दछ ।

११३ **गुणस्तर परीक्षणः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपूर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेशन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । पालिकाले योजनामा प्रयोग भएका निर्माण सामाग्री लगायत निर्माण कार्यको नर्म्स तथा स्पेशिफिकेशन अनुसार तथा फ्रिक्वेन्सीमा गुणस्तर परीक्षण गरेको पाइएन। गुणस्तर परीक्षण नहुँदा निर्माण कार्य गुणस्तरीय भएको सुनिश्चित हुन नसक्ने देखिन्छ। निर्माण कार्यमा प्रयोग हुने निर्माण सामाग्री लगायत निर्माण कार्यको गुणस्तर परीक्षण गरी निर्माण गुणस्तरीय भएको सुनिश्चित हुनुपर्दछ ।

११४ **लेखाप्रणालीको प्रयोगः**

सार्वजनिक निकायमा एक भन्दा बढी लेखा प्रणाली भएमा आय व्ययलाई एकीकृत गर्न, विश्लेषण गर्ने र प्रतिवेदन गर्ने ती लेखा प्रणालीका बीच अन्तरसम्बन्ध कायम गरिनुपर्दछ । पालिकाले हाल दुई लेखा प्रणाली SUTRA (Sub-National Treasury Regulatory Application) र CGAS (Computerized Government Accounting System) बाट लेखा राख्ने गरिएकोमा प्रयोग भएका दुबै प्रणालीका बीच एकै कार्यक्रमका खर्चलाई एकीकृत गर्ने र प्रतिवेदन दिने व्यवस्था रहेको छैन। पालिकामा संघ, प्रदेश र स्थानीय बजेटमध्ये अन्तर सरकारी वित्तीय हस्तान्तरणको रकम CGAS प्रणालीमा र स्थानीय श्रोतलाई SUTRA प्रणालीमा प्रविष्टि गर्दा एकै कार्यक्रम/योजनाको हकमा दुवै प्रणालीमा बजेट खर्च अलग अलग अभिलेखन हुने र उल्लिखित दुई प्रणालीबीच अन्तरसम्बन्ध कार्यान्वयन हुने नहुँदा त्यस्ता आयोजनाको कुल खर्चसमेत यकिन गर्न नसकिने स्थिति छ। अन्तर सरकारी वित्तीय हस्तान्तरणको रकम

CGAS मा मात्र अभिलेख गरिने हुँदा SUTRA प्रणालीबाट प्रतिवेदन गरिने वार्षिक वित्तीय प्रतिवेदन म.ले.प. फाराम २७० मा समावेश हुन अवस्था देखिएन । एक निकायमा एक लेखाप्रणाली लागू गर्नुपर्ने र दुई लेखाप्रणाली लागू गर्न आवश्यक भए ती प्रणालीका बीच अभिलेख एकीकृत हुने व्यवस्था लागू गर्ने व्यवस्था गर्न सम्बन्धित निकायको ध्यान जानुपर्दछ ।

१११५ **इन्धन खर्चः**

अर्थ मन्त्रालयबाट जारी भएको कार्यसञ्चालन निर्देशिका, २०७७ को आठौं सस्करणको बुदा नं ७.१.५ मा सवारी साधन वापत सुविधा प्राप्त गर्ने सरकारी पदाधिकारीलाई तोकएको मापदण्ड बमोजिमको सवारी चालक, इन्धन र मर्मत वापत एकमुष्ट रकम उपलब्ध गराइने र सो बाहेक थप सवारी साधन, इन्धन र मर्मत खर्च उपलब्ध नगराउने व्यवस्था गरेको छ। पालिकाले ईन्धनको प्रयोग सम्बन्धमा कुनै निश्चित मापदण्ड तयार नगरी कार्यालय प्रयोजनमा रु. ५,०५,१०८. र पदाधिकारी तर्फ रु. ३,८८,५४९. गरी जम्मा इन्धन शिर्षकमा वर्ष भरी रु893654. खर्च गरेको छ । पालिकाले सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी सवारी लगबुक तथा अभिलेख राखेको देखिएन । अतः इन्धन प्रयोगमा हुने खर्चलाई मितव्ययि बनाउन पदाधिकारी तथा कर्मचारीलाई इन्धन उपयोग सम्बन्धमा निश्चित मापदण्ड तयार गरी कार्यान्वियन गर्नुपर्दछ ।

१११६ **तलवी प्रतिवेदनः**

निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई रु ९,९९,८०,७७६।खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

१११७ **व्यवसाय कर**

गाउँपालिकाले प्रमाणीकरण गरेको आर्थिक ऐन,२०८१(आर्थिक वर्ष २०८१/८२ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वियन गर्न) को दफा ५ बमोजिम गाउँपलिका क्षेत्रभित्र व्यापार,व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची-४ बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिने व्यवस्था रहेको छ। अनुसूची ४ बमोजिम व्यवसायको प्रकृतिका आधारमा तोकिए बमोजिमको दररेट(पूँजी लगानीको आधारमा) मा हरेक आर्थिक वर्षमा व्यवसाय कर तिरी व्यवसाय नविकरण गर्नुपर्ने व्यवस्था रहेको छ। एकिकृत कर प्रणाली (Integrated Tax System-ITS) बमोजिम यस पालिका अन्तर्गत दर्ता भइ व्यवसाय सञ्चालन गरेका व्यवसायीहरुले पालिकाले तोके बमोजिको व्यवसाय कर तिरेको नदेखिएकोले उक्त व्यसायको प्रकृति र पूँजीको एकिन गरी (कायम गरीएको कर न्यूनतम पुँजी लगानी र व्यवसायको नामलाई आधार लिइएकोले) आर्थिक ऐन,२०८१ बमोजिम लाग्ने कर सम्बन्धित व्यवसायबाट असूल गर्नुपर्ने रु.

| सि.न. | स्था.ले.न. | व्यवसायको नाम | पुँजी लगानी रु. | लाग्ने कर रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | ३००३४२७०७ | एभरेष्ट समिट लज प्रा.लि. | १०६७७५००० | १००००० | रिसोर्ट होटल(५ करोड सम्म रु.१ लाख,३ देखि ५ करोड सम्म रु.७० हजार र ३ करोड भन्दा कम रु.५० हजार) |
| २ | ३०००५४१०९ | ८००० इन प्रा.लि. | ११६५०००० | ५०००० | रिसोर्ट होटल(५ करोड सम्म रु.१ लाख,३ देखि ५ करोड सम्म रु.७० हजार र ३ करोड भन्दा कम रु.५० हजार) |
| ३ | ६०१२५८७२३ | गुडलक लज एण्ड रेष्टुरेन्ट | १०००००००० | ५०००० | रिसोर्ट होटल(५ करोड सम्म रु.१ लाख,३ देखि ५ करोड सम्म रु.७० हजार र ३ करोड भन्दा कम रु.५० हजार) |
| ४ | ६०१७१८८५८ | होटल नाम्चे प्रालि | नखुलेको | २००० | लज सहितको होटल ५ लाख भन्दा कम पूँजी लगानी |
| ५ | ६२०४८२९६१ | होटल बोधी | नखुलेको | २००० | लज सहितको होटल ५ लाख भन्दा कम पूँजी लगानी |
| ६ | ६०१२५८७१० | ब्राइट स्टार लज एण्ड रेष्टुरेन्ट | नखुलेको | २००० | लज सहितको होटल ५ लाख भन्दा कम पूँजी लगानी |
| ७ | ६०१२५६२०६ | पिस फुल लज | नखुलेको | २००० | लज सहितको होटल ५ लाख भन्दा कम पूँजी लगानी |
| ८ | ६०१९१५४९५ | बुद्ध लज एण्ड रेष्टुरेन्ट | नखुलेको | २००० | लज सहितको होटल ५ लाख भन्दा कम पूँजी लगानी |
| ९ | ६०९१७८९१३ | होटल दिङ्वोचे रिसोर्ट | नखुलेको | २००० | लज सहितको होटल ५ लाख भन्दा कम पूँजी लगानी |
| १० | ६०१०४६७४४ | टपआउट नेपाल | ८५०००००० | ५००० | कपडा तथा फेन्सी पसल रु.५० लाख भन्दा बढी पूँजी लगानी भएको |
| ११ | ६००३४९२०२ | सोनाम किरानास्टोर्स सप्लायर्स | नखुलेको | २००० | आर्थिक ऐन बमोजिम न्यूनतम कर रकम |
| १२ | ६०१२५६२५१ | होटल फेमिलि लज एण्डरेष्टुरेन्ट | नखुलेको | २००० | लज सहितको होटल ५ लाख भन्दा कम पूँजी लगानी |
| १३ | ६०२४७७९२१ | श्री फिज रोए इन्गोकियो | नखुलेको | २००० | आर्थिक ऐन बमोजिम न्यूनतम कर रकम |
| १४ | ६१८७३९७५८ | सम्योग किराना पसल | नखुलेको | २००० | आर्थिक ऐन बमोजिम न्यूनतम कर रकम |
| १५ | ६०७४५२१४७ | हाइकर्स इन लुक्ला | नखुलेको | २००० | आर्थिक ऐन बमोजिम न्यूनतम कर रकम |
| १६ | ६२०१८७४९१ | कुलुड जनरल स्टोर्सएण्ड सप्लायर्स | नखुलेको | २००० | आर्थिक ऐन बमोजिम न्यूनतम कर रकम |
| १७ | ६०३७९१९२१ | रिवेन्डल लज एण्डरेष्टुरेन्ट | नखुलेको | २००० | लज सहितको होटल ५ लाख भन्दा कम पूँजी लगानी |
| १८ | ६०३०३८४३१ | कन्ट्रीसाईड लज एण्डरेष्टुरेन्ट | नखुलेको | २००० | लज सहितको होटल ५ लाख भन्दा कम पूँजी लगानी |
| १९ | ६०१५०८४५७ | टासी देलेक लज एण्डरेष्टुरेन्ट | नखुलेको | २००० | लज सहितको होटल ५ लाख भन्दा कम पूँजी लगानी |
| २० | ६०१७१९७६१ | एभरेष्ट माउन्टेन होम | नखुलेको | २००० | लज सहितको होटल ५ लाख भन्दा कम पूँजी लगानी |
| २१ | ३०६००९३८७ | मेरा लज पप वार एण्डरेष्टुरेन्ट | नखुलेको | २००० | लज सहितको होटल ५ लाख भन्दा कम पूँजी लगानी |
| २२ | ६०१९११४७७ | एभरेष्ट प्लाजा लजएण्ड रेष्टुरेन्ट | नखुलेको | २००० | लज सहितको होटल ५ लाख भन्दा कम पूँजी लगानी |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| २३ | ६००३४८९५५ | माउन्ट कैलाश लजरेष्टुरेन्ट एण्ड कफि सप | नखुलेको | २००० | लज सहितको होटल ५ लाख भन्दा कम पूँजी लगानी |
| २४ | ३०१८३७८१३ | खुम्बु लज नाम्चे | नखुलेको | २००० | लज सहितको होटल ५ लाख भन्दा कम पूँजी लगानी |
| २५ | ३०११३८९९२ | लुक्ला नुम्बुर होटल | नखुलेको | २००० | लज सहितको होटल ५ लाख भन्दा कम पूँजी लगानी |
| २६ | ३०६००९५०६ | ग्रिन तारा होटल | नखुलेको | २००० | लज सहितको होटल ५ लाख भन्दा कम पूँजी लगानी |
| २७ | ६१०९०५६३० | द डेली एस्प्रेसो बार | नखुलेको | ५००० | आर्थिक ऐन बमोजिम न्यूनतम कर रकम |
| २८ | ६०९६३०४४६ | लजेस् इन गोक्यो | नखुलेको | २००० | आर्थिक ऐन बमोजिम न्यूनतम कर रकम |
| २९ | ६०५०११६७८ | होटल हिलटेन लज एण्डरेष्टुरेन्ट | नखुलेको | २००० | लज सहितको होटल ५ लाख भन्दा कम पूँजी लगानी |
| ३० | ३००७७४१०६ | पेराडाईज लज | नखुलेको | २००० | लज सहितको होटल ५ लाख भन्दा कम पूँजी लगानी |
| ३१ | ३०५११७२३६ | खुम्बु ट्राभल्स गेष्टहाउस | नखुलेको | २००० | लज सहितको होटल ५ लाख भन्दा कम पूँजी लगानी |
| ३२ | ३०१०२९६४५ | खुम्बु रिसोर्ट | नखुलेको | ५०००० | रिसोर्ट होटल(५ करोड सम्म रु.१ लाख,३ देखि ५ करोड सम्म रु.७० हजार र ३ करोड भन्दा कम रु.५० हजार) |
| ३३ | ६०९८६४२१८ | लुक्ला एयरपोर्टरिसोर्ट प्रा.लि | नखुलेको | ५०००० | रिसोर्ट होटल(५ करोड सम्म रु.१ लाख,३ देखि ५ करोड सम्म रु.७० हजार र ३ करोड भन्दा कम रु.५० हजार) |
| | | **जम्मा** | | ३६२००० | |

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-११** को निर्णयले रू **५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३** को निर्णयले रू **२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३** को निर्णयले रू **२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३** को निर्णयले रू **२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२९** को निर्णयले रू **२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-११** को निर्णयले रू **२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-११** को निर्णयले रू **२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२९** को निर्णयले रू **२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,६२,००० |

११८ **हेलिकप्टरको व्यावसाय दर्ता शुल्कः**

यस पालिकाको आर्थिक ऐन,२०८१ को दफा ५ मा गाउँपालिकाको क्षेत्रभित्र व्यापार व्यावसाय वा सेवामा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाइने तथा असुल गरिने व्यवस्था छ । जस अनुसार अनुसूची (४) मा हेलिकप्टर कम्पनिले व्यावसाय दर्ता बापत वार्षिक रु.२०००००।०० बुझाउनु पर्ने उल्लेख छ । त्यसैगरी अनुसूची (४) मा तोकिएको समयमा दर्ता तथा नविकरण नगरेमा थप दस्तुरको समेत व्यवस्था छ। यसरी समयमा शुल्क नबुझाउने हेलिकप्टर कम्पनीहरुलाई ऐनमा भएको व्यवस्था अनुसार विगत आ.व. को बुझाउन बाँकी रु ९४६०००० मध्ये यस आर्थिक बर्षमा अशुली २३९९७९० भइ गत बिगतको बाकी रु ७०६०२१० तथा यस आ.व. को हेलिकप्टरको व्यावसाय दर्ता शुल्करकममा रु २००००००।मा थप दस्तुर समेत लगाई असुल गर्नुपर्ने रु.

| क्र. स | हेलिकप्टर कम्पनिको नाम | आ. व . २०८०।८१ सम्मको बाँकी | आ. व . २०८१।८२ को बाँकी |
|---|---|---|---|
| १ | मनाङ एयर | २२०००० | २००००० |
| २ | सिम्रिक एयर | २२०००० | २००००० |
| ३ | कैलाश एयर | १४५४७० | २००००० |
| ४ | अल्टिच्यूट एयर | २२०००० | २००००० |
| ५ | फिस्टेल एयर | ११००००० | २००००० |
| ६ | मुस्ताङ एयर | ११००००० | २००००० |
| ७ | प्रभु एयर | ११००००० | २००००० |
| ८ | श्री एयरलाइन्स | ११००००० | २००००० |
| ९ | हेलि एभरेस्ट | ० | ० |
| १० | माउन्टेन हेलि | ११००००० | २००००० |
| ११ | एयर डाइनेस्टी | ९५४७४० | २००००० |
| | जम्मा | ७२६०२१० | २०००००० |

| असुल गर्नुपर्ने | २०,००,००० |
|---|---|

११९ **पुष्टाई कागजात पेश नगरेको**

६,२०८२।०२।२० आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१० ) मा जिम्मेवार ब्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। छ। पशु स्वास्थ्य कार्यक्रम कार्यान्वयन कार्याविधि,२०७५ को दफा १८ बमोजिम विभिन्न प्रकारका खोप कार्य गर्दा प्रत्येक भ्याक्सिनेटरलाई तोकिए बमोजिमको दरमा सेवा शुल्क दिनु पर्ने व्यवस्था रहेको छ। उक्त व्यवस्था बमोजिम विभिन्न ४ जना भ्याक्सिनेटरलाई तोकिए बमोजिमको सेवा शुल्क भुक्तानी गरे पश्चात उक्त कार्यक्रममा विविध खर्च भएको उल्लेख गरी भेष बहादुर घिमिरेलाई रु.८८०८९.६० रकम भुक्तानी गरेको छ। भ्याक्सिनेटरलाई तोकिए बमोजिमको सेवा शुल्क बाहेक अन्य रकम भुक्तानी गर्ने कानुनी व्यवस्था रहेको नदेखिएकोले उक्त खर्चको सम्बन्धमा आवश्यक पुष्टाई पेश गर्नुपर्ने अन्यथा उक्त रकम श्री भेष बहादुर घिमिरेबाट असूल गर्नुपर्ने रु.

| प्रमाण पेश नगरेको | ८८,०८९ |
|---|---|

१२० **कृषी अनुदान**

प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरित कृषि विकास कार्यक्रम सञ्चालन सम्बन्धि कार्याविधि,२०८० को दफा २३(७) बमोजिम कार्यक्रम सञ्चालन विधि/क्रियाकलाप/न्यूनतम मापदण्ड/प्रासाङ्गिक विषय उल्लेख गरेको छ।पालिकामा यस वर्ष सञ्चालन गरेका निम्न कार्यक्रममा लाभग्राहीको छनौट विधि, मापदण्ड, आधार, मुल्याङ्कन, उक्त कार्यक्रमको लागि तोकिए बमोजिमको लागत अनुमान र उत्पादन ब्लकमा बाली उत्पादन र उत्पादित उपजको बजारीकरणमा सहयोग पुग्ने खालका क्रियाकलापहरुको सार्वजनिक सुचना आव्हान मार्फत आवेदन संकलन गरी उपयुक्त लाभग्राही छनौट गरी विगत वर्षहरुमा प्रदान गरेको लाभग्रिलाई यस वर्ष प्रदान नगर्ने गरी

अनुदान प्रदान गर्नुपर्नेमा उक्त कार्यविधिको पालना गरेको नदेखिएकोले आवश्यक मापदण्ड तयार गरी उपयुक्त लाभग्राहिको छनौट गरी कार्यक्रम सञ्चालन गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

| **क्र.स.** | **कार्यक्रमको नाम** | **अनुदानको विवरण** | **लागत साझेदारी** | **खर्च रकम रु.** |
|---|---|---|---|---|
| १ | कृषि चुन वितरण कार्यक्रम | कृषि चुनको परल मुल्यमा किसानको साझेदारी रहने ढुवानीमा कृषकको नरहेको। | २५ प्रतिशत परल मुल्यको (ढुवानी बाहेक) | ५,७८,२६०.०० |
| २ | उन्नत जातको स्याउको बेर्ना वितरण | बेर्नाको परल मुल्यमा किसानको साझेदारी रहने ढुवानीमा कृषकको नरहेको। | २५ प्रतिशत परल मुल्यको (ढुवानी बाहेक) | ४८,९२५.०० |
| ३ | मागमा आधारित कृषि कार्यक्रम | यस कार्यक्रम अन्तर्गत प्लाष्टिक टनेल निर्माण, च्याउ खेती कार्यक्रम र गोला सहितको मौरी घार वितरण कार्यक्रम सञ्चालन भएको। | ५० प्रतिशत | ८,९४,५५३.०० |
| | **जम्मा रु.** | | | **१५२१७३८.००** |

१२१ **च्यौङमा चौरी तथा कृषि फर्म**

( ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-१२** को निर्णयले रू **५६,०२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१२** को निर्णयले रू **१६०,७७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

१२२ **प्रविधि हस्तान्तरण**

गरिबी निवारणको लागि लद्यु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका,२०७७ को दफा १९(१) बमोजिम कार्यलयले कार्यक्रम सञ्चालन गर्ने प्रयोजनको लागि प्रथम चौमासिक अवधिभित्र आवश्यक सेवा प्रदायक संस्था छनौट गरिसक्नुपर्ने र उपदफा २ प्रथम चौमासिक अवधिभित्र कुनै कारणवश सेवा प्रदायक संस्था छनौट हुन नसकेमा त्यसरी सेवा प्रदायक छनौट हुन नसक्नुको उचित आधार र कारण उल्लेख गरी उद्यम विकास समितिको निर्णय बमोजिम कार्यालयले दुई महिना म्याद थप गर्न सक्ने व्यवस्था रहेको छ। पालिकाले यस वर्ष विभिन्न कार्याक्रम सञ्चालन गरेकोमा निम्न प्रविधि हस्तारण सम्बन्धि कार्यक्रम तोकिएको अवधिभित्र संस्थाको छनौट गरी कार्यक्रम सञ्चालन गरेको नदेखिएको तथा प्रविधिको निरन्तर उपयोग गरी उद्यमशिलता विकास भएको सम्बन्धमा अनुगमन गरी एकिन गरेको नदेखिएकोले हस्तान्तरित प्रविधिको दिगो उपयोग र उद्यमशिलता विकास तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

| क्र.स. | कार्यक्रमको नाम | प्रविधिको नाम | पालिकाको खर्च | साझेदारी रकम रु. | जम्मा रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | लागत साझेदारीमा बिजुलीबाट कुटानी पिसानी मिल सञ्चालन | कुटानी पिसानी मिल | १,००,००० | २०,००० | १,२०,००० | |
| २. | आलु चिप्स मेसिन मर्मत तथा अपुग(छुट) भएका प्रविधि हस्तान्तरण | Potato Waffer machine 6 mm Sali Blade Manual potato chips machine p1<br>Packaging Ribbon Batch Coading Machine Rolls ,<br>Digital Weighing Balance 30kg, packing plastic, packing Machine Rubber white, Mixertatvam 1000w copper saiding Coter belt9moo17),loit HP 5 0c maltipluce(1000s) | १,४०,००० | | | शर्शत तर्फको प्रस्ताविक रकमबाट मेसिन मर्मत तथा प्रविधि हस्तान्तरण गरियो । |

१२३ **लागत साझेदारी**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-१२** को निर्णयले रू **१५,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

१२४ **राहत वितरण**

पालिकाले जारी गरेको प्रकोप व्यवस्थापन कार्य योजना विनिमय,२०७४ को परिच्छेद ७ मा प्रकोपबाट क्षति भईसकेपछि गाउँपालिकाले गर्ने राहत सम्बन्धी व्यवस्था बमोजिम गाउँपालिका क्षेत्र भित्र उल्लेखित कुनै पनि विपद आईलागेमा र त्यस्तो विपबाट कोही पनि गाउँवासीलाई राहत महशुस गराउन राहतको लागि निवेदन दिएमा तत्काल समस्या समाधानका लागि र व्यक्तिलाई पनि आफ्नो स्थानीय सरकारको उपस्थितिको महसुस हुने गरी विपद घटना र माग गर्ने व्यक्तिको अवस्था हेरी मानवीय र भौतिक संरचनामा सामान्य क्षति भएकोमा अवस्था हेरी रु. १,०००.०० देखि रु. ५,०००.०० हजारसम्म, मानवीय वा भौतिक संरचनामध्ये कुनै एकमा विशेष क्षति भएकोमा अवस्था हेरी रु. १०,०००.०० सम्म, मानवीय क्षति विशेष र भौतिक संरचनामा सामान्य क्षति भएकोमा अवस्था हेरी रु. १५,०००.०० सम्म, मानवीय र भौतिक संरचना दुवैमा असामान्य क्षति भएकाको अवस्था हेरी रु. ६०,०००.०० सम्म, आंशिक घर क्षति भएमा रु.१५०,०००.०० सम्म र पूर्ण घर क्षति भएमा रु. ३००,०००.०० सम्म गाउँपालिकाको तर्फबाट प्रकोप व्यवस्थापन कोषबाट खर्च हुने गरी राहत सहयोग उपलब्ध गराउन सक्ने व्यवस्था रहेको छ।पालिकाले मिति २०८१।४।३२ मा वडा न.५ थामेमा हिमताल विस्फोटन भई गएको बाढीबाट प्रभावित क्षेत्रमा निम्नानुसारका भौचरबाट देहाय बमोजिमको खर्च गरेको छ:

| सि.न. | गो.भौ.न./मिति | खर्च रकम रु. | राहत प्राप्तकर्ताको संख्या | कैफितय |
|---|---|---|---|---|
| १ | ८,२०८१।०५।०७ | ८५०००० | ४१ | प्रभवित शिक्षक तथा अन्य |
| २ | ३१,२०८१।१०।०४ | १३९७६००० | ५० | प्रभावित घरपरिवार |
| ३ | ६२,२०८१।१२।०५ | १२५०००० | ५० | प्रभावित घरपरिवार |

१२५ **स्यानिटरी प्याड**

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न

सकिने उल्लेख छ।पालिका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरुलाई तोकिए बमोजिम वार्षिक १० महिनाको प्रति महिना १६ पिसको दरले वितरण गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष ३३० थान सेनिटरी प्याड रु.२,७९,६५०.०० मा खरिद गरेको छ । पालिकाले गत वर्षको मौज्दात शुन्य रहेको र यस वर्षको खरिद गरेको सबै प्याड विद्यालयलाई उपलब्ध गराएको विवरण पेश गरेतापनि उक्त प्याड तोकिए बमोजिमका विद्यार्थिले समयमा पाए नपाएको सम्बन्धमा कुनै विवरण विद्यालयले पेश गरेको देखिएन तसर्थ उक्त प्याड विद्यार्थिले तोकिए बमोजिमको गुणस्तर र परिमाणमा समयमै पाए नपाएको सम्बन्धमा पालिकाले नियमित अनुगमन गरी प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ ।

१२६ **औषधी खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा पच्चिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १८ महिना बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ। त्यसैगरी औषधि दाखिला गर्दा खरिद ईकाइका पदाधिकारी एवम् विज्ञ सहितको टोलीबाट स्पेशिफिकेशन बमोजिम भए नभएको मुचुल्का खडा गर्ने गरेको समेत देखिएन । यस वर्ष पालिकाले रु.३८७७८०४।०० को औषधि तथा औषधिजन्य सामाग्री खरिद गरेको देखिन्छ। पालिकाले यस बर्ष खरिद गरेका औषधी तथा सर्जिकल सामाग्री मध्ये वर्षान्तमा रु.२५४७९५।०० मौज्दातमा रहेको विवरण पेश भएको छ। अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ।

१२७ **न्यानो झोला कार्यक्रम**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८१।८२ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका एक सरकारी र दुई निजी गरी तिन बर्थिङ सेन्टर रहेका छन् ।पालिकाले गत वर्ष ५ बाँकि झोला मौज्दातमा रहेको विवरण पेश गरेको छ । यस वर्ष ७० थान न्यानो झोला खरिद गरेकोमा ३० जना प्रसुतिलाई ३० वटा झोला वितरण गरेको र ४५ वटा झोला बाँकी मौज्दात रहेको अभिलेखबाट देखिन्छ । खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

१२८ **छात्रवृत्ति (आवसीय तथा गैर आवसीय)**

कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८१/०८ को क्रियाकलाप न.७.२.१.१ बोमोजिम सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि आवासीय र गैर आवासीय छात्रवृत्ति अन्तर्गत उपक्रियाकलाप ४.२ मा तोकिए बमोजिमको दरमा गैर आवसीय छात्रवृति निकासा दिने सम्बन्धी व्यवस्था रहेको छ।पालिकाले यस वर्ष खुम्बु पासाङल्हामु गाउँपालिका अन्तर्गतका १६ वटा सामुदायिक विद्यालयहरुका कक्षा १ देखि ५ सम्मका छात्रा छात्रवृत्ति तथा दलित छात्रवृत्ति वापत रु.१५७२००.०० निकासा गरेको छ। जसको विवरण देहाय बमोजिम रहेको छ:

| क्र.सं. | विद्यालयको नाम | विद्यार्थीसङख्या | | जम्मा विद्यार्थीसंख्या | प्रति विद्यार्थी वार्षिक रु. | जम्मा निकासा रकम | |
|---|---|---|---|---|---|---|---|
| | | दलित छात्र | छात्रा | | | | |
| १ | श्रीखरिखोला मा.वि. | १७ | ३४ | ५१ | ४००.०० | २०४००.०० | |
| २ | श्रीबुक्सा आ.वि. | ३ | १९ | २२ | ४००.०० | ८८००.०० | |
| ३ | श्री मेराआ.वि. | ० | २ | २ | ४००.०० | ८००.०० | |
| ४ | श्रीपाङकोनिजा आ.वि. | ० | २ | २ | ४००.०० | ८००.०० | |
| ५ | श्री नौलेखआ.वि. | ० | ४ | ४ | ४००.०० | १६००.०० | |
| ६ | श्रीसगरमाथा आ.वि. | ० | २ | २ | ४००.०० | ८००.०० | |
| ७ | श्रीलुक्ला आ.वि. | ८ | ९९ | १०७ | ४००.०० | ४२८००.०० | |
| ८ | श्रीमहेन्द्र ज्योति मा.वि. | ३ | ३२ | ३५ | ४००.०० | १४०००.०० | |
| ९ | श्रीपेमाछोलिङ आ.वि. | १ | २२ | २३ | ४००.०० | ९२००.०० | |
| १० | श्रीजनसेवा आ.वि. | ३ | २३ | २६ | ४००.०० | १०४००.०० | |
| ११ | श्री युवावर्ष आ.वि. | ० | ७ | ७ | ४००.०० | २८००.०० | |
| १२ | श्रीहिमालय आ.वि. | ५ | ४६ | ५१ | ४००.०० | २०४००.०० | |
| १३ | श्री थामेआ.वि. | ० | १३ | १३ | ४००.०० | ५२००.०० | |
| १४ | श्रीखुम्जुङ मा.वि. | ४ | ४० | ४४ | ४००.०० | १७६००.०० | |
| १५ | श्रीफोर्चे आ.वि. | ० | १ | १ | ४००.०० | ४००.०० | |
| १६ | श्रीपाङबोचे आ.वि. | ० | ३ | ३ | ४००.०० | १२००.०० | |
| | **जम्मा** | **४४** | **३४९** | **३९३** | | **१५७२००.००** | |

१२९ **शिक्षा तर्फ**

१२९.१• स्थानीय तहले विद्यालय अनुगमन गर्ने मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था नगरेको,

• कार्यक्रम कार्यान्वयन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्नेमा कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन पूर्ण रुपमा नभएको,

• शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुवाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्याबधिक गरि राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार नगरेको,

• संस्थागत विद्यालयहरूको दर्ता, नविकरण, शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, अनुगमन र अभिलेख व्यवस्थित नरहेको,

• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा अद्यावधिक नगरेको ।

१२९.२ **शिक्षक दरबन्दी र पदपुर्ति:** शिक्षा तथा मानवश्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८१।८२ मा स्थानीय तहले दरबन्दी मिलानबाट कायम भएको दरबन्दी, शिक्षक अनुदान कोटा, प्राविधिक धार, प्रारम्भिक बाल विकास सहजकर्ता र विद्यालय

कर्मचारी अनुदानमा कार्यरत शिक्षक, प्रशिक्षक तथा कर्मचारीको विद्यालयबाट प्राप्त मागफारम रुजु गरी निर्धारीत तलब, भत्ता, पोशाक खर्च, चाडपर्ब खर्च अनुदान उपलब्ध गराउने व्यवस्था छ। पालिकाको क्षेत्रभित्र रहेका विद्यालयको दरबन्दी मिलान नगरी तलब भत्तामा अनुदान खर्च लेख्ने गरेको छ। साथै नेपाल सरकार मन्त्रिपरिषदबाट साविकमा नेपाल सरकारले जिल्लागत रुपमा उपलब्ध गराएको प्राथमिक, निम्न माध्यामिक तहका शिक्षक दरबन्दी तथा राहतकोटालाई स्थानीय तहगत रुपमा बाँडफाँड भए बमोजिमको शिक्षक दरबन्दी तथा पदपूर्ति देहाय वमोजिम रहेको र सोही बमोजिम अनुदान निकाशा भएको छ। विद्यालयमा शिक्षक विद्यार्थी अनुपात एकीन गरी नियम बमोजिम विद्यालय व्यवस्थापन र शिक्षक दरबन्दी मिलान हुनुपर्दछ । शिक्षक दरबन्दी पदपुर्तिको अवस्था देहाय बमोजिम रहेको छ:

| क्र. स. | विद्यालयको नाम | बाल विकास दरबन्दी | स्थायी कार्यरत दरबन्दी | करार | राहात | जम्मा पदपूर्ती | रिक्त दरबन्दी(करारमा कार्यरत सहित) | जम्मा दरबन्दी | विद्यालय कर्मचारी |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | श्री खरिखोला मा.वि. | १ | १२ | ३ | १ | १२ | ३ | १५ | २ |
| २ | श्री बुक्सा आ.वि. | १ | ३ | १ | ० | ३ | १ | ४ | १ |
| ३ | श्री मेरा आ.वि. | १ | ० | ० | १ | १ | ० | ० | १ |
| ४ | श्री पाङकोनिजा आ.वि. | १ | १ | ० | ० | १ | ० | १ | १ |
| ५ | श्री नौलेख आ.वि. | १ | १ | १ | ० | १ | १ | २ | १ |
| ६ | श्री सगरमाथा आ.वि. | ० | १ | ० | ० | १ | ० | १ | ० |
| ७ | श्री लुक्ला आ.वि. | १ | ८ | ० | १ | ८ | ० | ८ | १ |
| ८ | श्री महेन्द्र ज्योति मा.वि. | १ | ११ | १ | ४ | ११ | १ | १२ | २ |
| ९ | श्री पेमाछोलिङ आ.वि. | १ | २ | ० | ० | २ | ० | २ | १ |
| १० | श्री जनसेवा आ.वि. | १ | ४ | १ | १ | ४ | १ | ५ | १ |
| ११ | श्री युवा वर्ष आ.वि. | १ | ३ | ० | १ | ३ | ० | ३ | १ |
| १२ | श्री हिमालय आ.वि. | १ | ४ | ० | १ | ४ | ० | ४ | १ |
| १३ | श्री थामे आ.वि. | १ | ३ | १ | १ | ३ | १ | ४ | १रिक्त |
| १४ | श्री खुम्जुङ मा.वि. | १ | १० | १ | ० | १० | ३ | १३ | २ |
| १५ | श्री फोर्चे आ.वि. | १ | १ | ० | ० | १ | ० | १ | १रिक्त |
| १६ | श्री पाङबोचे आ.वि. | १ | २ | ० | ० | २ | ० | २ | १रिक्त |

१२९.३ **विद्यालयहरुको शैक्षिक गुणस्तरको अनुगमन:** कार्यक्रम कार्यान्वयन पुस्तिका,२०८१।८२ मा सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर स्थितिको नियमित रुपमा अनुगमन गरी सो को एक प्रति प्रतिवेदन शिक्षा तथा मानवस्रोत विकास केन्द्रमा पठाउने र सोको

कार्यान्यिन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने व्यवस्था छ। यस पालिकाले आ.व.२०८१।८२ मा विद्यालयको शैक्षिक गुणस्तर बारे मापदण्ड निर्धारण गरी अनुगमन गरेको प्रतिवेदन नदेखिएकोले आफ्नो पालिका क्षेत्रभित्रका विद्यालयहरूको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिन मापदण्ड निर्धारण गरी नियमित अनुगमन गर्नुपर्दछ।

१२९.४ **विद्यालय अनुदान निकासाको अनुगमन:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२)मा सर्वमान्यतामा असर नपर्नेगरी पालिकाको काम कर्तव्य अधिकारको खण्ड (ज) (२१) मा सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सो को बजेट व्यवस्थापन, विद्यालयको आयव्ययको लेखा, अनुशासन कायम र नियमन गर्नुपर्ने व्यवस्था छ। पालिकाले आफ्नो क्षेत्रभित्रका विद्यालयहरुले विद्यालय लेखमान दिग्दर्शन बमोजिम नगदी तथा जिन्सीको लेखा राखे नराखेको, कट्टी गरेको कर , नागरिक लगानी कोष, कर्मचारी सञ्चयकोष सम्बन्धित खातामा दाखिला गरे नगरेको र नेपाल सरकारको २०७५।३।३२ को निर्णय बमोजिम विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारी पारीश्रमिक सुविधा अनिवार्य रुपमा बैक खाता मार्फत भुक्तानी भए नभएको, विद्यालय सुधार योजना, सामाजिक परीक्षण र आर्थिक लेखापरीक्षण गरे नगरेको जस्ता विषयहरु समेतलाई ध्यान दिई विद्यालय अनुगमन मापदण्ड निर्धारण गरी विद्यालयको अनुगमन गरेको प्रतिवेदन देखिएन।पालिकाले यस वर्ष विभिन्न १६ विद्यालयको नाममा रु.७२४५९२९१.१५ निकासा गरेको छ। पालिकाले उल्लेखित विषयहरुलाई समेत आधार लिई अनुगमन मापदण्ड तयार गरी नियमित अनुगमन गरिनुपर्दछ।आ.व २०८१।८२ मा शिक्षक तलब भत्ता निकासाको विवरण देहाय बमोजिम रहेको छ:

| क.स. | विद्यालयको नाम | रकम निकासा | | | | जम्मा निकासा रु. |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेस्रो | चौथो | |
| १ | श्री खरिखोला मा.वि. | २९५६६८०.८ | २७२५८५९.१ | १२७९७९७० | २८५१०३२ | २१३३१५४२ |
| २ | श्री कुवा आ.वि. | ६१३७१३.९ | ६६००१८.९ | ७२३७५७.०४ | ६७४७०९.६ | २६७२१९९.४४ |
| ३ | श्री [illegible] आ.वि. | ३४७८१६. | २४५२०८ | २५५३०६ | २२५३०६ | १०७३६३६ |
| ४ | श्री पाङकोलिसा आ.वि. | २०१२०१.२ | २५३१९६.७ | २९१२९६.७ | २५६८१६.८ | १००२५११.४ |
| ५ | श्री गौरीखु आ.वि. | २२२५७३. | २३९१०६ | ३२२५६०.५४ | ३६८६८२.६ | ११५२९२२.१४ |
| ६ | श्री सगरमाथा आ.वि. | २२०१०४.२ | १७६११०.२ | १७९५४५.२ | १७६११०.२ | ७५१८६९.८ |
| ७ | श्री रतुवा आ.वि. | १६५४२८०.३ | १६१४१५८.४ | १७३१२००.३ | १९५४२४५.९ | ६९५३८८४.९४ |
| ८ | श्री महेन्द्र ज्योति मा.वि. | ३२७८१६६.६८ | २७२४७४१.३२ | २८५००६८.२ | २६८२४३७.२५ | ११५३५४१३.४९ |
| ९ | श्री पेमाछोलिङ आ.वि. | ३९७६४६.६ | ३७९८४२.६ | ४२३१६५.७४ | ३९४५३३.३ | १५९५१८८.२४ |
| १० | श्री जनसेवा आ.वि. | ११७९२५५.४ | ११९३९८७.४ | १२६७८२२.३ | ११२७५६४.८ | ४७६८६२९.९४ |
| ११ | श्री बुवा [illegible] आ.वि. | ६५८७६७. | ५६८७४४ | ६४१२५७ | ६१०६९७.१ | २४७९४६५.१ |
| १२ | श्री हिमालय आ.वि. | ८५५५६७.२ | ७६७३७२.२ | ८१८२०१.९४ | ८०९६७३.६ | ३२५०८१४.९४ |
| १३ | श्री [illegible] आ.वि. | ८३५०१०. | ७३६६५५.२ | ८३१२१८.९९ | ७४५२६६.४ | ३१४८१५०.५९ |
| १४ | श्री खुमजुङ मा.वि. | २४४३२९३. | २१३८५१७ | २१३४८४९.४ | २१२६१६०.८ | ८८४२८२०.१९ |
| १५ | श्री [illegible] आ.वि. | २९२१०४.२ | २९६११०.२ | ३२९५४१.२ | २२१११०.२ | ११३८८६५.८ |
| १६ | श्री पाङबोचे आ.वि. | २०४३२५.६ | २१०७५६.६ | २७६२३४.७४ | ७००५२.२ | ७६१३६९.१४ |
| | **जम्मा** | **१६३६०५१३** | **१४९३०३८४** | **२५८७३९९६** | **१५२९४३९९** | **७२४५९२९१.१५** |

१२९.५ **दिवा खाजा कार्यक्रम:** कार्याक्रम कार्यान्वियन पुस्तिका, २०८१।८२ को २.८.७ क्रियाकलापको बुँदा नं ङ मा विद्यालय सञ्चालन हुनासाथ दिवा खाजा व्यवस्थापन गर्नुपर्ने भएकाले आर्थिक वर्षको सुरुमै शैक्षिक व्यवस्थापन सूचना प्रणाली IEMIS मा समावेश भएको प्रारम्भिक बाल विकासदेखि कक्षा ५ सम्मको विद्यार्थी सङ्ख्यालाई आधार मानी प्रति विद्यार्थीका लागि दैनिक रु.१५ का दरले पहिलो त्रैमासिकको बजेट निकासा गर्ने तथा बुँदा नं (घ) मा दोस्रो त्रैमासिकदेखि स्थानीय तहले विद्यालय भौतिक रुपमा पूरा चलेको दिन (परीक्षामा सामेल भएको दिनसमेत) खाजा उपलब्ध गराईएका विद्यालयको प्राधानाध्यापक र विद्यालय व्यवस्थापन समिति अध्यक्षबाट विधार्थीको सङ्ख्यात्मक विवरण प्रमाणित गराई स्थानीय तहमा सङ्कलन गरी सङ्ख्या यकिन भए पश्चात मात्र थप अनुदान दिने व्यवस्था मिलाउने व्यवस्था छ। साथै प्रत्येक त्रैमासिकमा निकासा गर्दा उक्त समयभन्दा अगाडि निकासा गरिएको रकम सदुपयोग भएको सुनिश्चत गर्ने व्यवस्था भएकोमा पालिकाले दिवा खाजा वापत यस वर्ष विभिन्न १६ विद्यालयको नामा रु.२६९५५७५।०० निकासा गरेको छ । थप निकासा दिनुभन्दा अगाडि पहिलो त्रैमासिकमा निकासा गरिएको रकम सदुपयोग भयो भएन बारे कुनै प्रतिवेदन जारी नगरी निकासा गरेको कार्य विश्वसनीय नभएको हुँदा कार्यक्रम कार्यान्वियन पुस्तिकाले व्यवस्था गरेको कुराको कार्यान्वियन गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ।दिवा खाजा वापतको विवरण देहाय बमोजिम रहेको छ:

| क्र स | विद्यालयको नाम | पहिलो | दोस्रो | तेस्रो | चौथो | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | श्री खरिखोला मा.वि. | ५७१३५ | ६९०४५ | १२१८७५ | ४६०९५ | २९४१५० |
| २ | श्री बुक्सा आ.वि. | २६३१० | २६३८५ | ४०२३० | १४६४० | १०७५६५ |
| ३ | श्री मेरा आ.वि. | ३८४० | ५१९० | ७६५० | ३९६० | २०६४० |
| ४ | श्री पाङकोनिजा आ.वि. | २९१० | २६४० | २३५५ | १८४५ | ९७५० |
| ५ | श्री नौलेख आ.वि. | ० | १९६०५ | ९६४५ | ४५४५ | ३३७९५ |
| ६ | श्री सगरमाथा आ.वि. | ४५०० | ३७८० | ४७७० | ३४६५ | १६५१५ |
| ७ | श्री लुक्ला आ.वि. | १९६९२० | १६०६२० | १४५५०० | १७०३५५ | ६७३३९५ |
| ८ | श्री महेन्द्र ज्योति मा.वि. | ७०७४० | ६२३१० | ७९५४५ | ६४८४५ | २७७४४० |
| ९ | श्री पेमाछोलिङ आ.वि. | ३१०६५ | २८९५० | २६७६० | ३५४९० | १२२२६५ |
| १० | श्री जनसेवा आ.वि. | ५९२८० | ४८६१५ | ४९०३५ | २८८७५ | १८५८०५ |
| ११ | श्री युवा वर्ष आ.वि. | ११५८० | ११३५५ | ८७६० | १३५१५ | ४५२१० |
| १२ | श्री हिमालय आ.वि. | १२०९३० | १०६६३५ | ८६२५० | ११२७७० | ४२६५८५ |
| १३ | श्री थामे आ.वि. | ३०५७० | २८९०५ | २४२१० | २९७३० | ११३४१५ |
| १४ | श्री खुम्जुङ मा.वि. | ९६४२० | ९०६४५ | ६५९४० | ८६९२५ | ३३९९३० |
| १५ | श्री फोर्चे आ.वि. | ३७०५ | २९१० | १६०५ | ० | ८२२० |
| १६ | श्री पाङबोचे आ.वि. | ९४२० | ६७८० | ४६९५ | ० | २०८९५ |
| | जम्मा रु. | | | | | २६९५५७५ |

**पाठ्यपुष्तक वितरणः** कार्यक्रम कार्यान्वियन पुस्तिका, २०८१।८२ को क्रियाकलाप नं २.८.३ को उपक्रियाकलाप ३.१ मा स्थानीय तहले IEMIS मा प्रविष्ट तथ्याङ्कलाई स्थानीय तह अन्तरगत सञ्चालित सामुदायिक विद्यालयमा कक्षा १-१२ सम्मका विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा आवश्यक कक्षागत र विषयगत पाठ्यपुस्तकको सङ्ख्या यकिन गर्ने तथा विद्यालयलाई पाठ्यपुस्तक व्यवस्थाका लागि कक्षा ११-१२ का लागि आर्थिक वर्षको प्रथम त्रैमासिक तथा कक्षा १-१० का लागि तेस्रो त्रैमासिक भित्र अनुदान दिने व्यवस्था छ। साथै यसरी अनुदान दिँदा पहिलो पटकमा विद्यार्थी सङ्ख्याको ७५ प्रतिशत लाई मात्र अनुदान दिने तथा शैक्षिक सत्रमा भएको नयाँ विद्यालय भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरी नपुग हुने रकम मात्र दोश्रो पटक अनुदान दिने व्यवस्था छ।पालिकाले दोस्रो पटक निकासा गर्दा शैक्षिक सत्रमा भएको नयाँ विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको भरपाईको आधारमा यकिन गरेर मात्र निकासा दिनु पर्नेमा नयाँ विद्यार्थी भर्नाको यकिन गरेको पाइएन।अतः पाठ्यपुस्तक खरिद गरेको विललाई मात्र आधार मानी निःशुल्क पाठ्यपुस्तक अनुदान वापत विभिन्न १६ विद्यालयहरुको नाममा पाठ्यपुस्तकको लागि निकासा गरिएको रकम बमोजिमको पाठ्यपुस्तक खरिद गरी EMIS प्रणालीमा व्यवस्थित विद्यार्थीहरुलाई वितरण गरे नगरेको सम्बन्धमा पालिकाबाट प्रभावकारी अनुगमन गरिनुपर्दछ।

१३० **जेहेन्दार छात्रवृत्ति**

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-१२** को निर्णयले रू **९,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

१३१ **कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान**

१८२,२०८२।०३।२३ कार्यक्रम कार्यान्वयन पुस्तिका,२०८१/८२ बमोजिम विद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण एमव कार्यसम्पादनमा आधारित प्रोत्साहन कार्यक्रममा सामाजिक परीक्षण मापदण्ड,२०७८ तोकेको विधि,पद्धति र प्रक्रिया बमोजिम प्रथम हुनेलाई रु.३ लाख र द्धितिय हुनेलाई रु.२ लाख रकम निकासा दिने र उक्त रकम विद्यालयले शैक्षिक तथा व्यवस्थापकिय पक्षमा सुधार गर्ने,शिक्षक कर्मचारी क्षमता विकास,अनुगमन तथा भ्रमण लगायतका क्रियाकलापमा खर्च गर्न सक्ने व्यवस्था रहेको छ।उक्त व्यवस्था बमोजिम पालिकाले लुक्का आविलाई रु.२ लाख र महेन्द्र ज्योती माविलाई रु.३ लाख रकम निकासा गरेको छ। उक्त रकम निकासा गर्दा सामाजिक परीक्षण मापदण्ड,२०७८ ले तोके बमोजिमको विधि अबलम्बन नगरेको र उक्त रकम विद्यालयले कुन क्रियाकलापमा खर्च गरेको सोको सम्बन्धमा कुनै प्रमाण कागजात पेश नगरेकोले सोको प्रमाण पेश गर्नुपर्ने रु.

| प्रमाण पेश नगरेको | ५,००,००० |
|---|---|

१३२ **सामाजिक सुरक्षा भत्ता तर्फ**

१३२.१ सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरी अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ। यो वर्ष पालिकाले सामाजिक सुरक्षा तथा संरक्षण शिर्षकवाट रु. ४०७०७२० कोष तथा लेखा नियन्त्रक कार्यालयवाट सोझै लाभग्राहीको खातामा जम्मा हुने गरी इएफटि मार्फत भुक्तानी गरेको छ।यस सम्बन्धमा देखिएका व्यहोराहरु देहाय वमोजिम रहेका छन:

१३२.२ **पारदर्शिता र जवाफदेहिता:** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२ अनुसार स्थानीय तहहरुको कार्यालयले सामाजिक सुरक्षा भत्ता सम्बन्धी जानाकारी (लाभग्राहीको नाम दर्ता तथा नविकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने वैँक र लाभग्राहिले पुरा गर्नुपर्ने प्रकृया) स्थानीय सामाजिक संस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्थाहरुको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने र यस सम्बन्धी सूचना स्थानीय एफ एम लगायतका संचार माध्यमहरुबाट प्रचार प्रसार गर्नुपर्ने व्यवस्था मिलाउनुपर्ने र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसी सम्बन्धित स्थानीय तहको वेभ साइटमा राख्नुपर्नेमा सो पालना गरेको पाइएन । यसले गर्दा भत्ता वितरण पारदर्शी ढङ्गबाट भएको छ भनि एकिन हुने अवस्था देखिएन। कार्यविधिमा भएको व्यवस्थाको पालना गर्नेगराउने तर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ ।

१३२.३ **सार्वजनिक सुनुवाई:** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को लफा ३४ मा स्थानीय तहले भुक्तानी गरेको रकम र बुझिलिनेहरुको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एक पटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्नेछ। सार्वजनिक सुनुवाईमा प्राप्त गुनासो तथा सुझावहरु मध्ये आफुले सक्ने कुराहरु सम्बोधन गरी नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि स्थानीय तह कार्यालयमा पठाउनु पर्नेमा सो गरेको पाइएन। सुनवाई नगरी लाभग्राही सूची अनुसार भत्ता वितरण गरेको छ। आगामी दिनमा कार्यविधिको पालना गरी भत्ता वितरण गर्नुपर्दछ।

१३२.४ **सामाजिक सुरक्षा भत्ता वितरण:** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २२ अनुसार अनुसूची १० बमोजिमको ढाँचामा पालिकाले वैङ्क सँग सम्झौता गरी पालिकामा रहेकोमा ५ वडाहरु मध्ये वडा नं १ को नेपाल इन्भेस्टमेन्ट मेगा बैंक, वडा न २ र ३ को कुमारी बैंक र वडा न ४ र ५ को सिद्धार्थ बैंकबाट सामाजिक सुरक्षा भत्ता वितरण गराउदै आएको छ। कोलेनिकाको CGAS प्रणालीको प्रतिवेदनमा सामाजिक सुरक्षा भत्ता वापत रु.४०७०७५२० भुक्तानी गरेको देखिपनि पालिकाले तयार गरेको विवरण अनुसार सामाजिक सुरक्षा भत्ता वितरण व्यवस्थापन प्रणालीमा रु. ४०७२४३७९ निकासा अनुरोध पठाएको छ।पालिकाबाट तयार गरेको

फरवार्ड फिड अनुसार यस वर्ष अन्य जेष्ठ नागरिक, जेष्ठ नागरिक दलित, ज्येष्ठ एकल महिला, विधवा, पूर्ण अपाङ्ग, अतिअसक्त अपाङ्ग र दलित बालबालिका बर्गमा सामाजिक सुरक्षा भत्ता वितरण गर्नको लागि बैंकलाई पठाएको तथ्याङ्क देहाय अनुसार छ ।

चौँथो त्रैमासिकमा जेष्ट नागरिक दलितको संख्या शून्य देखिएपनि सो किस्ताको रकम भने लाभग्राहीको खातामा जम्मा भएको देखिन्छ। यसरी यम आई यस विवरणमा भत्ता वितरणको तथ्याङ्क नदेखिएकोले यस बारेमा पालिकाले थप एकीन गरी भुक्तानी निकासाको अनुरोध पठाउनुपर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा १३२.४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

१३२.५ **लगत कट्टाको अभिलेख:** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ११ मा मृत्यू भएमा, बसाईँ सरी गएमा, एकल वा विद्यवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाँच बर्ष (साठी महिना) उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आर्थिक बर्षको कुनै पनि किस्ता रकम नबुझेमा बा बैंक मार्फत वितरण भएकोमा लगातार एक बर्षसम्म खाता निष्क्रिय भएमा वा अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएमा त्यस्ता लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहको मूल अभिलेखबाट कट्टा गर्नुपर्ने तथा लगत कट्टा गरिएको व्यहोरा अभिलेखमा स्पष्ट जनाई सम्बन्धित स्थानीय तहको वडाका सचिव वा निजले तोकेको जिम्मेवार पदाधिकारीले प्रमाणित गर्नुपर्ने व्यवस्था छ। लेखापरीक्षणको क्रममा मुल अभिलेख खाता र आर्थिक वर्ष २०८१।८२ को लगत कट्टाको विवरण माग भएकोमा मृत्यु भएका, वसाईसराई भए गएका तथा आएका नागरिकहरुको अभिलेख प्रणालीमा जनाएको विवरण मात्र तयार गरेको छ।पालिकाले मुल अभिलेख खाता र लगत कट्टाको स्पष्ट अभिलेख नभएकाले कार्यविधिको बुँदा नं. १२ बमोजिम लगत कट्टा गर्नुपर्ने लाभग्राहीको लगत कट्टा भए नभएको र लगत कट्टा गर्नुपर्ने व्यक्तिलाई समेत भुक्तानी भएको छैन भनी एकिन गर्न सकिएन। आगामी दिनमा पालिकाले कार्यविधिको पालना गर्दै सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको विवरण अध्यावधिक गरी भत्ता वितरण गर्नुपर्दछ।पालिकाले लगत कट्टा भएका तर बैँकमा नगद मौज्दात रहि रहेका हालसम्माका लाभग्राहिको एकीन गरी सो रकम फिर्ता गर्नुपर्दछ।

१३२.६ **निष्कृय खाता:** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ दफा २६(३) मा एक आर्थिक बर्षसम्म एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैँकबाट अनुसुची ११ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानबिन गरी कुनै लाभग्राहीको मुत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाईएमा सम्बन्धित बैँकबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने छ भनी उल्लेख गरेको छ ।यस पालिकाले सामाजिक सुरक्षा भत्ता बितरण गर्ने एभरेष्ट बैँक, नेपाल इन्भेस्टमेन्ट मेगा बैँक र कुमारी बैँक शाखा कार्यालयबाट एक आर्थिक बर्षसम्म एक पटक पनि रकम नझिकेका लाभग्राहीहरुको विवरण माग गर्दा कुमारी बैँकमा निम्न लाभग्राहीहरुको मौज्दात बाँकी रहेको देखिन्छ । सो लाभग्राहीहरुको सम्बन्धमा पालिकाले सुक्ष्म तरिकाले छानबिन गरी लगत कट्टा गर्नुपर्ने बाँकी भए लगत कट्टा गर्ने, लगत कट्टा पछि समेत रकम गएको भए सोको एकिन गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने र निज व्यक्ति गई वसोबास गर्दै आएको भए सोको थप एकीन गरी सो रकम संघीय संचित कोष फिर्ता गर्नुपर्दछ ।

| क्र.सं. | बैंक खातावालाको नाम | बैंक खाता नं. | व्यक्तिगत आईडी | रकम |
|---|---|---|---|---|
| १ | डिम डोमा शेर्पा | १११०१२४८७३६००००१ | २००७१२३३०५५६३ | १२८९६३ |
| २ | कामि छिरि शेर्पा | १११०१०११९२९००००१ | १९९८१२३२७५२५१ | १०३२०० |
| ३ | छेचिमा शेर्पा | १११०११४०४७१००००१ | २००२१२३०३६४७१ | १२२८३० |
| | **जम्मा** | | | **३५४९९३** |

१३२.७ **सामाजिक सुरक्षा मौज्दात तथा हिसाब भिडान-** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ४ को बुँदा नं. १४ मा स्थानीय तहले प्रविष्ट गरेको अद्यावधिक एम.आई.एस लगतका आधारमा सामाजिक सुरक्षा भत्ता रकम निकासा पाउने र परिच्छेद ५ को बुँदा नं. २१ मा भत्ता रकम बैंक मार्फत वितरण गर्नुपर्ने सम्बन्धमा व्यवस्था छ। सोही कार्यविधिको अनुसूची १० को शर्त नं ६ र ७ मा बैंकले तोकिएको ढाँचामा लाभग्राहीको खातामा भत्ता वितरण गरेको विवरण खुल्ने रिभर्स फिड पालिकालाई उपलब्ध गराउनुपर्ने समेत व्यवस्था रहेकोमा यस पालिकाले अद्यावधिक रिभर्स फिड माग गरेकोमा निकासा भिडान गरी हिसाब फरफारक गर्दा रकम मौज्दात नरहेकोले बैँकले सो सम्बन्धी विवरण उपलब्ध नगराएको कार्यालयको भनाई छ। लाभग्राहिको अद्यावधिक विवरण अनुसार सफल हुन नसकेको भुक्तानीको एकिन गरी सोको हिसाब मिलान गर्नुपर्दछ।सामाजिक सुरक्षा भत्ता त्रैमासिक रुपमा उपलब्ध गराईने भएकाले लगत कट्टा भएका लाभग्राहीको खातामा लगत कट्टा भएको मिति भन्दा पछाडि पनि भुक्तानी हुनसक्ने भएकाले बैँक बाट सो रकम फिर्ता गर्नुपर्ने विवरण माग गरिएको मा फिर्ता गर्नुपर्ने रकम नरहेको बैँक र पालिकाको भनाई रहेको छ। यस सम्बन्धमा थप एकीन गरी सो प्रकृतिको रकम फिर्ता गर्ने तर्फ पालिकाको ध्यान जानुपर्दछ साथै कार्यविधि अनुसार बैँकले विवरण उपलब्ध गराउने तथा पालिकाले अद्यावधिक विवरण अनुसार हिसाब फरफारक गर्नु पर्दछ ।

## १३३ नागरिक स्वास्थ्य उपचार सहायता कोष

१३३.१ **कार्यविधिको पालना:** गाँउपालिकाले पालिकामा स्थायी बसोबास गर्ने नागरिकको जटिल प्रकृतिको स्वास्थ्य उपचारको लागि अधिकतम १० लाख सम्म स्वास्थ्य उपचार प्रदान गर्न सक्ने गरी मिति २०८२/०९/२३ मा नागरिक स्वास्थ्य उपचार सेवा सञ्चालन कार्यविधि २०८१ तयार गरी लागु गरेको छ। सो कार्यविधिको दफा १३(२) मा एक पटक वा पटक पटक गरी जीवन भरिमा अधिकतम १० लाख खर्च प्रदान गर्न सकिने उल्लेख छ। पालिकाले गत विगत आर्थिक वर्षमा उपचार खर्च वापत रकम उपलब्ध गराएका नागरिकको पहिचान गरी सो भन्दा बढि उपचार खर्च रकम प्रदान गरे नगरेको एकीन गर्न नसकिएकोले पालिका स्वयंमले सो सम्बन्धी विवरणहरु तयार गरी कार्यविधिको पालना गर्नुपर्दछ।

**विपन्नलाई उपचार सहायता प्रदान:** नागरिक स्वास्थ्य उपचार सेवा सञ्चालन कार्यविधिको दफा ७(६) मा विरामीको आर्थिक अवस्था हेरी विपन्न र गरिब नागरिकलाई मात्र सो सहायता प्रदान गर्न सकिने व्यवस्था रहेको भएता पनि सो सम्बन्धमा कुनै एकीन नगरी वडा कार्यालयको सिफारिसमा आर्थिक सहायता वापत उपचार रकम प्रदान गरेको देखिन्छ। सोल कार्यविधिको दफा ३ मा गाउँपालिका भित्र स्थायी बसोबास गर्ने नागरिकहरुलाई जटिल प्रकृतिका रोगहरुको उपचार गर्न नसक्ने अवस्था भएका विरामीहरुको उपचारमा सहयोग पुर्याउने कोषको उद्धेश्य उल्लेख छ। यद्यपी पालिकाले रोगीहरुको आर्थिक अवस्था एकीन नगरी प्राप्त भएको निवेदनको आधारमा सबै पालिका बासिलाई सो सुविधा उपलब्ध गराएको देखिन्छ। यसरी पालिकाले सबै नागरिकलाई यस्तो आर्थिक सहायता प्रदान गर्दा सहायता रकमको दुरुपयोग हुने तथा पालिकालाई थप आर्थिक भार पर्ने भएकोले गरिब, विपन्न र उपचार गर्न असमर्थ नागरिकलाई मात्र यस्तो सहायता प्रदान गरी खर्चमा मितव्ययिता अपनाउदै स्थानी वासिन्दा भई स्थायी रुपमा गाँउपालिकामा बसोबास गर्ने नागरिकलाई मात्र सो सहायता रकम प्रदान गर्ने तर्फ पालिकाले आवश्यक मापदण्ड तयार गरी प्रदान गर्नुपर्दछ।

**कार्यविधिको व्यवस्था:** कार्यविधिको दफा ११(६) मा जटिल प्रकृतिको रोग बाहेक जुनसुकै रोग लागेका विरामीलाई समेत गाउँपालिकाको अस्पतालमा उपचार हुन नसकेमा पालिका स्थितका स्वास्थ्य संस्थाले रिफर गरेका विरामीलाई उचार खर्च प्रदान गर्न सकिने कुरा उल्लेख गरिएको छ। पालिकाले दीर्घरोगीलाई १०० प्रतिशत, जुनसुकै रोगको उपचार सरकारी संस्थाबाट गराएमा ७५ प्रतिशत र जुनसुकै रोगको उपचार निजी अस्पतालबाट गराएमा ५० प्रतिशत अनुदान दिन सकिने कुरा कार्यविधिमा उल्लेख गरेको छ। यसरी स्पष्ट मापदण्ड तयार नगरी स्वास्थ्य उपचार सहायता उपलब्ध गराउदा पालिकालाई अझ बढी आर्थिक भार परेको देखिन्छ।

१३३.२

**गैर वासिन्दालाई उपचार सहायता:** ४, २०८१/०९/२५ नागरिक स्वास्थ्य उपचार सेवा सञ्चालन कार्यविधि, २०८१ को दफा ४(१) मा गाउँपालिका क्षेत्र भित्र स्थायी बसोबास गर्ने नागरिकलाई स्वास्थ्य उपचार सहायता प्रदान गर्ने उल्लेख छ। बुढानिलकण्ठ नगरपालिका वडा नं. १२, काठमाडौँ स्थायी घर भई सो स्थानमा बसोबास गर्ने मेघना बराईलीको स्वास्थ्य उपचारको विल संलग्न गरी निजको बुबा मेघ बहादुर विश्वकर्मालाई सो कोषबाट रु. ५२६३१२ भुक्तानी गरेको देखिन्छ। निज विरामीको गाउँपालिका स्थितको स्वास्थ्य संस्थाबाट रिफर गरेको रिफर कार्ड विरामीको उपचार सम्पन्न पश्चात तयार गरेको देखिन्छ। निज बिरामी भई मिति २०८१/०७/२९ मा सिभिल सर्भिस अस्पताल मिनभवनमा भेड भर्ना भएको देखिएकोले सो मिति भन्दा अगाडि गाउँपालिकामा स्थायी बसोबास गरेको प्रमाण पेश हुनुपर्ने अन्यथा कार्यविधिको विपरित वडा कार्यालयको सिफारिस र स्वास्थ्य संस्थाबाट रिफर कार्ड तयार गरी भुक्तानी दिएको रकम सिफारिस कर्ता वडा नं. ५ का वडा अध्यक्ष पासाङ ग्याल्जेन शेर्पा र रिफर कार्ड तयार गर्ने ओम हङ गिल नाम्चे सामुदायिक अस्पतालका कर्मचारी सुबैद दर्जिलाई जिम्मेवार बनाई मेघ बहादुर विश्वकर्माबाट असुल गर्नुपर्ने रु.

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **५२६,३१२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

संपरीक्षणबाट थप भएको बेरूजू

| क्र.सं. | बेरुजुको विवरण | रकम |
|---|---|---|
| १ | undefined | ० |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : खुम्बु पासाङल्हामु गाउँपालिका, सोलुखुम्बु , खुम्बु पासाङल्हामु गाउँपालिका , सोलुखुम्बु

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | कल्पना दाहाल | २०८१-६-२४ | २०८१-९-२२ |
| कार्यालय प्रमुख | नवराज गौतम | २०८१-१२-०१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | चेतनाथ कटेल | २०७७-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ६,९५९,९१६ | ३,१६८,९८१ | १४,२४०,५४१.०४ | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | २४,३६९,४३८.०४ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | १३,७७३,७३३ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | १०,५९५,७०५.०४ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | २०७७२२८५७ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | २४६१२५८७० | चालु खर्च | २९७६९५८८९ |
| प्रदेश सरकारबाट अनुदान | १६५२०२२३ | पूँजीगत खर्च | १८४१२३८६३ |
| राजश्व बाँडफाँट | ८२४९६४९३ | वित्तीय/अन्य व्यवस्था | १२६६८७९३४ |
| आन्तरिक आय | २२६०२०६६५ | | |
| अन्य आय | २९०६३९७६० | | |
| कुल आय | ८६१८०३०११ | कुल खर्च | ६०८५०७६८६ |
| बाँकी मौज्दात | | ४६१०१८१८२ | |

## अनुसूची - २

## बेरूजु दफा २ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्र.स./आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
| | | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | | |
| ११००० | कर | | ९,३४,७८,९३९.५२ | ० | ९,३४,७८,९३९.५२ | ७,६०,२०,७०३.८६ | ० | ७,६०,२०,७०३.८६ |
| १३००० | अनुदान | | २६,२६,४६,०९२.७९ | ० | २६,२६,४६,०९२.७९ | २०,७४,४५,३१४.०६ | ० | २०,७४,४५,३१४.०६ |
| १४००० | अन्य राजस्व | | ३०,८२,२१,७६१.८५ | ० | ३०,८२,२१,७६१.८५ | २७,४८,५६,२६३.७४ | ० | २७,४८,५६,२६३.७४ |
| १५००० | विविध प्राप्ति | | ३५,१०,७९५.०० | ० | ३५,१०,७९५.०० | ४१,९१,७७२.०० | ० | ४१,९१,७७२.०० |
| क | **कुल जम्मा प्राप्ति** | | ६६,७८,५७,५८९.१६ | | ६६,७८,५७,५८९.१६ | ५६,२५,१४,०५३.६६ | | ५६,२५,१४,०५३.६६ |
| ३ | चालु | | २९,७६,९५,८८८.६० | ० | २९,७६,९५,८८८.६० | २२,६३,७९,४०१.६८ | ० | २२,६३,७९,४०१.६८ |
| २१००० | पारिश्रमिक / सुविधा | | १२,९३,७७,१७३.०७ | ० | १२,९३,७७,१७३.०७ | १२,५३,९३,८९३.८२ | ० | १२,५३,९३,८९३.८२ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | | ८,१८,४१,२२१.५३ | ० | ८,१८,४१,२२१.५३ | ७,७३,४४,६७३.०३ | ० | ७,७३,४४,६७३.०३ |
| २५००० | सहायता (Subsidy) | | ४८,१८,१३५.०० | ० | ४८,१८,१३५.०० | ६५,९१,८०६.०० | ० | ६५,९१,८०६.०० |
| २७००० | सामाजिक सुरक्षा | | ७,८४,७०,७३५.०० | ० | ७,८४,७०,७३५.०० | १,०७,४१,९५१.०० | ० | १,०७,४१,९५१.०० |
| २८००० | अन्य खर्च | | ३१,८८,६२४.०० | ० | ३१,८८,६२४.०० | ६३,०७,०७७.८३ | ० | ६३,०७,०७७.८३ |
| ४ | पूंजीगत | | १८,४१,२३,८६३.३९ | ० | १८,४१,२३,८६३.३९ | २२,९२,७४,८०७.७३ | ० | २२,९२,७४,८०७.७३ |
| ३१११० | भवन तथा संरचना | | २,१०,१३,२९३.९६ | ० | २,१०,१३,२९३.९६ | १,३३,११,५२२.२६ | ० | १,३३,११,५२२.२६ |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | | १,८१,५६,४२९.०० | ० | १,८१,५६,४२९.०० | ९६,३७,६४३.८० | ० | ९६,३७,६४३.८० |
| ३११३० | अन्य पूँजीगत खर्च | | १०,०५,३८०.०० | ० | १०,०५,३८०.०० | ३६,४३,६९८.०० | ० | ३६,४३,६९८.०० |
| ३११५० | सार्वजनिक निर्माण | | १४,२४,२५,९५६.४३ | ० | १४,२४,२५,९५६.४३ | १९,९१,६३,९४६.६७ | ० | १९,९१,६३,९४६.६७ |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | | ५,६३,४३४.०० | ० | ५,६३,४३४.०० | ० | ० | ० |
| ३११७० | पूँजीगत सुधार खर्च | | ९,५९,३७०.०० | ० | ९,५९,३७०.०० | ३५,१७,९९७.०० | ० | ३५,१७,९९७.०० |
| ५ | वित्तीय | | ० | ० | ० | ० | ० | ० |
| ख) | **कुल जम्मा भुक्तानी** | | ४८,१८,१९,७५१.९९ | | ४८,१८,१९,७५१.९९ | ४५,५६,५४,२०९.४१ | | ४५,५६,५४,२०९.४१ |
| ग) | **बचत /कमी (ग = क-ख )** | | १८,६०,३७,८३७.१७ | | १८,६०,३७,८३७.१७ | १०,६८,५९,८४४.२५ | | १०,६८,५९,८४४.२५ |
| घ) | **धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट** | | ६,६८,९५,८४९.०६ | | ६,६८,९५,८४९.०६ | ६७,९१,१११.४७ | | ६७,९१,१११.४७ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | **(+/-)** | | | | | | | |
| घ.१) | **कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी** | | -३४४.७ | | -३४४.७ | | | |
| ङ) | **यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ)** | | २५,२९,३३,६८६.२३ | | २५,२९,३३,६८६.२३ | ११,३६,५०,९५५.७२ | | ११,३६,५०,९५५.७२ |
| च) | **गत आ.व.को नगद तथा बैंक मौज्दात** | | २०,८०,८४,१५१.५२ | | २०,८०,८४,१५१.५२ | ९,४४,३३,१९५.८० | | ९,४४,३३,१९५.८० |
| छ) | **विनिमय नाफा/घाटा तथा अन्य समायोजन** | | | | | | | |
| ज) | **आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ)** | | ४६,१०,१७,८३७.७५ | | ४६,१०,१७,८३७.७५ | २०,८०,८४,१५१.५२ | | २०,८०,८४,१५१.५ |

## बेरूजु दफा ५ सँग सम्बन्धित विवरण - अनुसूची -४

| **बजेट उपशिर्षक** | **कुल खर्च** | **त्रैमासिक खर्च** | | | | **आषाढ महिनाको खर्च** |
|---|---|---|---|---|---|---|
| | | **प्रथम** | **दोस्रो** | **तेश्रो** | **चौथो** | |
| पुँजीगत खर्चतर्फ | १८,४१,२३,८६३.३९ | १,८२,६८,६८९.६६ | १,३८,५५,९६२.२१ | २,४६,००,६७८.५० | १२,७३,९८,५३३.०२ | 11,79,81,591.00 |
| प्रतिशत | १००. | १०. | ८. | १३. | ६९. | ६४.०७ |

## बेरूजु दफा १३२.४ सँग सम्बन्धित विवरण - अनुसूची -५

| लाभग्राही प्रकार | पहिलो त्रैमासिक | | दोस्रो त्रैमासिक | | तेस्रो त्रैमासिक | | चौँथो त्रैमासिक | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | वि.संङ्ख्या | रकम | वि.संङ्ख्या | रकम | वि.संङ्ख्या | रकम | वि.संङ्ख्या | रकम | |
| अन्य जेष्ठ नागरिकभत्ता | ६३२ | ७५२४००० | ६४४ | ७७०४९६६ | ६४७ | ७७२५९५२ | ६५९ | ७८४७५२४ | ३०८०२४४२ |
| जेष्ठ नागरिक भत्ता (दलित) | १६ | १२७६८० | १६ | १२७६८० | १८ | १४३६४० | ० | ० | ३९९००० |
| जेष्ठ नागरिक एकल महिला | ९१ | ७२०८६० | ९४ | ७३९२१४ | ९४ | ७४७४६० | ८५ | ६७८३०० | २८८५८३४ |
| विधवा | १४४ | ११४३८०० | १४९ | ११७३०६० | १५६ | १२२३६०० | १५७ | १२५०२०० | ४७९०६६० |
| पूर्ण अपाङ्गता भत्ता | १२ | १३९९१६ | १३ | १५५६१० | १३ | १५५६१० | १३ | १५५६१० | ६०६७४६ |
| अति अशक्त अपाङ्गता भत्ता | ३९ | २४२५९२ | ४४ | २७२३८४ | ४६ | २८९४०८ | ४६ | २९३६६४ | १०९८०४८ |
| दलित बालबालिका | २५ | ३९३६८ | २५ | ३७३२८ | २३ | ३२९३३ | २० | ३१९२० | १४१५४९ |
| जम्मा | ९५९ | ९९३८२१६ | ९८५ | १०२१०२४२ | ९९७ | १०३१८६०३ | ९८० | १०२५७२१८ | ४०७२४२७९ |

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/ आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ ।मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।